# शिक्षक

www.teacher.org.np

मूल्य रु ३०/-


पुस २०६६

विशेष सामग्री

शिक्षकका संस्मरण

उमाविलाई ८ दरबन्दी !

के गर्छन् विदेशका शिक्षक युनियन ?



तालिममा सहभागी शिक्षक टोपप्रसाद लामिछाने ।

## चुहावट

बिजुली २५% पानी ४०%

शिक्षण सीप ५०%

# अंकुर परामर्श केन्द्रका विशिष्ट सेवाहरूको एक झलक




फ्रेण्ड्स अफ निडी चिल्ड्रेन (Friend of Needy Children -FNC) को मनोसामाजिक परामर्श कार्यक्रमअन्तर्गतको अंकुर परामर्श केन्द्र (Ankur Counseling Center -ACC) विगत तीन वर्षदेखि बालबालिका तथा युवायुवतीहरूलाई विभिन्न समस्या तथा अप्ठ्याराहरूका साथीको रूपमा मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै आइरहेको छ । यसले बालबालिका, युवा, शिक्षक, अभिभावक, परामर्शदाता तथा विद्यार्थीहरूलाई ध्यानमा राखी तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू पनि सञ्चालन गर्दै आइरहेको छ । यदि कुनै संघसंस्था, विद्यालय तथा व्यक्तिहरू हाम्रा सेवा चाहनुहुन्छ भने सम्पर्क ठेगानाः एकान्तकुना, जावलाखेल, ललितपुर, फोनः ५०००७०, ५५४३२५७, इमेलः info@fncnepal.org, laxmic@fncnepal.org, anubha@fncnepal.org, वेबसाइटः www.fncnepal.org

| | सेवा विवरण | विशेष आकर्षण |
|---|---|---|
|  | **परामर्श सेवा**<br>**Counseling Service** | बालबालिका तथा युवाहरूको लागि व्यक्तिगत तथा अन्य परामर्श सेवा  |
|  | **तालिमहरू**<br>**Trainings** | 1) Basic Counseling Training<br>2) Advance Counseling Training<br>3) Cognitive Behavior Therapy(CBT)<br>4) Child parent relationship Therapy(CPRT)<br>5) Basic and Advance Sand Play Therapy<br>6) Positive Discipline<br>7) Effective Communication skills |
|  | **अभिमुखीकरण कार्यक्रमहरू**<br>**Orientation** | 1) Stress Management(Creative Movement Therapy-CMT)<br>2) Grief Management<br>3) Positive Discipline<br>4) Mothers Capacity Building Training<br>5) Sex and Sexuality<br>6) How to identity psychological problems among children<br>7) Effective parenting<br>8) Self esteem improvement<br>9) Life skills<br>10) Adjustment<br>11) Need Based(on demand) packages |
|  | **विद्यालयहरूको लागि कार्यक्रमहरू** | 1) Observation project for children (Behavioral, Emotional, physical and psychosocial aspects)<br>2) How to identify psychological problems as a teacher and staff<br>3) Dealing/or teacher students interpersonal relationship specially children with different challenges<br>4) Stress management program for Teachers and support staff |

## सेवार्थीहरूका केही भनाइहरू

- 'यहाँबाट मैले सकारात्मक सोचको विकास गर्न सकें ।'
- 'द्वन्द्व विचार स्पष्ट भयो ।'
- 'यस्तो संस्था हामी जस्तो बाहिरी (सामुदायिक) सेवार्थीको लागि एकदम आवश्यक छ र यो सेवा अझ बढाउनुपर्छ ।'
- 'मेरो डर यहाँ आएर हरायो ।'
- 'मैले मलाई पाएँ ।'
- 'तपाईंसँग मनको पीर राख्न पाउँदा मन हलुका भयो ।'
- 'मैले ध्यान केन्द्रित गर्न सकें ।'
- 'मेरो डिप्रेशन कम भयो ।'
- 'मैले मेरो जीवनको लक्ष्य निर्धारण गर्न र निर्णय लिनलाई परामर्शले सक्षम बनायो ।'
- 'यहाँ मलाई रमाइलो र आनन्द लाग्छ ।'
- 'मेरो पालो कहिले आउँछ ? मलाई कहिले बोलाउने ?'

# शिक्षक मासिक

जिप्रका लपु दर्ता नं ५३/०६५/०६६

वर्ष २ पूर्णाङ्क २१

पुस २०६६
Dec–Jan 2009/2010


# शिक्षक तालिम कक्षामै पुगेन



आवरण तस्विरः किरण पाण्डे

अस्त्रविना सिपाहीले युद्ध लड्ने परिकल्पना गर्न कठिन पर्छ। त्यस्तै औजारविना किसानले खेती गर्ने अनुमान गर्न पनि सकिँदैन। गलाविना गायकले गीत गाउन सक्छ भन्ने ठान्न मिल्दैन। त्यसैगरी तालिमविना शिक्षकले कक्षाकोठामा गतिलो पठनपाठन गर्न पनि सक्दैन। शिक्षकको शिक्षण सीप बढाउन मात्र होइन, स्कूलको शैक्षिक उन्नतिको महत्त्वपूर्ण कडी नै शिक्षक तालिम बन्नुपर्ने देखिन्छ।

पृष्ठ ३४-४०

बाबुराम विश्वकर्मा

## के गर्छन् अरू देशका शिक्षक युनियन ?

– राजकुमार बराल

पृष्ठ १४



रविन सायमि

## संवादः शिक्षक तालिम विद्यार्थीका लागि हो

पृष्ठ ४२-४९



मायनर मिलर

## गतिविधि


उमाविलाई आठ दरबन्दी ! ■ युनियनले स्कूल सुधार अभियान चलाउने ■ सहमति कार्यान्वयन होस्ः संघ ■ राहत कोटामा अनियमितता : लेखा समितिद्वारा छानबिन शुरू ■ आन्दोलनमा राहत शिक्षक ■ लाइसेन्स परीक्षाः एउटा सकियो, अर्को माघमा पृष्ठ १०-१३


## शिक्षकका संस्मरण


| | | |
|---|---|---|
| म एक विशुद्ध शिक्षक ! | रमेशहरि शर्मा ढकाल | २० |
| मेरो शिक्षण यात्राको श्रीगणेश | सुलोचना मानन्धर | २२ |
| खैनी खान छाडें | बिन्दुप्रसाद दाहाल | २४ |
| विद्यार्थी, बाखा र विद्यालय | भीमप्रसाद पौडेल | २६ |
| तालिमको देन भुल्न सक्दिनँ | चुडामणि चौधरी | २६ |
| म यस्तै प्रधानाध्यापक भएँ | नरहरि शर्मा | २८ |
| तीन प्राथमिकता | लोकबहादुर लोप्चन | २९ |
| घड्सारका ती दिन | दुखीलाल चौधरी | ३० |
| व्यापार छोडेर शिक्षक बन्दा... | दलबहादुर गुरूङ | ३१ |
| सबैभन्दा आनन्ददायी काम | गोरेबहादुर खपाङ्गी | ३२ |

| | | |
|---|---|---|
| राम्रो स्कूलका पूर्वाधार | डा. विनयकुमार कुशियैत | १८ |
| विद्यालयको समस्याः शिक्षक होइन, व्यवस्थापन | जेम्स इभर्स | ५० |
| घर नै प्रयोगशाला | हरिनारायण उपाध्याय | ५३ |
| Six Pronunciation Priorities for the Beginning Student | Judy B. Gilbert | ५६ |


## स्तम्भ


विषय-सन्दर्भ २, हेराइ-बुझाइ ३, सुझाव र प्रतिक्रिया ४, फुर्सद ५९, जम्काभेट ६४



हिमाल एसोसिएसनका लागि **वसन्त थापा** द्वारा प्रकाशित, **सम्पादकः** राजेन्द्र दाहाल
**सल्लाहकार सम्पादकः** केदार शर्मा, **सहायक सम्पादकः** सुदर्शन घिमिरे, **वरिष्ठ संवाददाताः** बाबुराम विश्वकर्मा

**कार्यालयः** *शिक्षक* **मासिक**, पाटनढोका, ललितपुर, **पो.ब.नं. १६६, ललितपुर**, फोनः सम्पादकीय- ५५४३२५२, व्यापार/विज्ञापन- ५५४८१४२, ग्राहक गुनासो- ४२६५६८६
फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

■ केदार शर्मा

# गुरुआमाहरू, लेख्नुस् है !

**मैले** पढेको प्राथमिक स्कूलमा सरहरू मात्र हुनुहुन्थ्यो। त्यसबेला मेरी दिदी जाने माध्यमिक स्कूलमा भने दुई जना गुरुआमा हुनुहुन्थ्यो राधा र शारदा जोशी। दिदीहरूले कुरा गरेको सुनेकैले होला ती गुरुआमाहरूको स्नेही र वात्सल्यपूर्ण छवि मेरा मनमा अहिलेसम्म पनि बाँकी नै छ। म हाईस्कूल पुग्दाओर्दा उहाँहरू त्यहाँबाट आफ्नै थातथलो फर्किने क्रममा हुनुहुन्थ्यो। हुन त त्यहीँ बस्नुभएको भए पनि मैले उहाँहरूसित पढ्न पाउने थिइनँ। किनभने हाम्रो बहुउद्देश्यीय विद्यालयमा उहाँहरू मूलत: 'केटीहरूको विषय' भनिने गृहविज्ञान पढाउनुहुन्थ्यो।

अनि जति पढेँ, कहिल्यै पनि गुरुआमासित पढ्न पाइनँ।

हिजोआज 'गुरुआमा' शब्द 'आउट अफ फेशन' भएको छ। तर, म भने शिक्षणकार्यमा संलग्न महिलाहरूलाई गुरुआमा नै भन्न रुचाउँछु किनभने 'महिला शिक्षक' भन्ने शब्द मलाई अलि विकासे लाग्छ। गुरुआमालाई 'महिला' भन्नुपर्छ भने 'शिक्षक' भनेको सामान्यतया पुरुष नै हो भन्ने आशय लुकेको आभास हुन्छ। 'मिस' त झनै 'मिसयुज्ड' लाग्छ। तर, कदाचित् गुरुआमाहरूसित पढ्न पाएको भए मैले 'मिस' वा अरू केही भन्नुपर्ने थिएन; किनभने त्यसबेलासम्म नेपाली भाषामा अहिले जस्ता विकासे र ठिमाहा लहरहरू चलिसकेका थिएनन्।

नेपाल जस्तो शिक्षित महिलाहरूको सङ्ख्या न्यून भएको मुलुकमा मेरो पुस्ताका कमैले मात्र गुरुआमाहरूसित पढेर उहाँहरूका विचार, दृष्टिकोण र अनुभवहरूबाट लाभान्वित हुन पाएका छन्।

गुरुआमासित पढ्ने मेरो रहरका पछाडिको कारण के थियो त भनेर अहिले विचार गर्दा मूल रूपमा मलाई दिदीहरूबाट सुनेको जस्तो स्नेह र वात्सल्यको लोभ लागेको रहेछ भन्ने लाग्छ। मैले यो स्तम्भ लेख्ने क्रममा एकजना दिदीसित उहाँका प्रिय गुरुआमाहरूका बारेमा कुरा गरेँ। उहाँको कुराको सार थियो– गुरुआमाहरूका कारण छात्राहरूलाई स्कूलमा एकदमै सजिलो परिवेश प्राप्त थियो। यहाँ दिदीले उल्लेख गर्नुभएको 'सजिलो' को अर्थ व्यापक छ। त्यसको अर्थ हो अपनत्वबोध, समझदारी, स्नेह, अभिभावकत्व आदि आदि। दिदीको भनाइअनुसार, ती गुरुआमाहरूका कारण हाम्रो गाउँठाउँमा 'आइमाई मान्छेले पनि यस्तो गर्न सक्दा रहेछन्' भन्ने भावना राम्रैसित फैलिएको थियो। छोरीहरूलाई स्कूल पठाउने चलन यति व्यापक नभइसकेको ३५-४० वर्षअघिको ग्रामीण समाजमा गुरुआमाहरूकै कारण स्कूलमा भर्नादर पनि बढेको थियो। शौचालयको अभावका कारण मात्र कैयन् छात्राहरू स्कूल छाड्न बाध्य भएका तथ्यहरू अगाडि आइरहेको अहिलेको परिस्थितिमा यी तथ्यहरू एकदमै महत्त्वपूर्ण छन्।

समय धेरै अघि बढिसकेको छ तर गुरुआमाहरूको महत्त्वमा भने केही पनि कमी आएको छैन। बरु शिक्षित महिलाहरू र छात्राहरूको बढ्दो सङ्ख्याका कारण यसको सम्भावना र आवश्यकता झनै बढेको छ। गुरुआमाहरूका कारण स्कूलको शैक्षिक वातावरणमा र समाजमा पर्ने असरहरूको क्षेत्र पनि झन्-झन् फराकिलो हुँदै गएको छ।

तर, *शिक्षक* को सम्पादक मण्डललाई एउटा असाध्य खट्किएको कुरा छ– हाम्रा शिक्षकहरू लेख्नुहुन्न। त्यसमा पनि गुरुआमाहरू त झनै लेख्नुहुन्न। उहाँहरूले 'पुरुष शिक्षक' हरूले भन्दा धेरै फरक कुरा भोग्नुभएको हुन्छ र उहाँहरूका अनुभव र संस्मरणहरू अत्यन्त प्रेरक र मार्मिक हुन्छन् भन्ने कुरा सबैलाई थाहा छ। तर, *शिक्षक* को यत्रो आह्वानमा पनि उहाँहरूले जाँगर चलाएर लेख्नुभएन।

यस अङ्कमा मात्र होइन, पहिले पनि गुरुआमाहरूले *शिक्षक* का लागि लेख-रचनाहरू पठाएका घटना औंलामै गन्न सकिने गरी थोरै छन्। हामी कहिलेकाहीँ आफ्नो कार्यक्षेत्रमा गुरुआमाहरूको सहभागिता कसरी बढाउने भनेर चर्चा गर्छौं तर समाधान हाम्रा हातमा छैन।

समाधान तपाईंहरूकै हातमा छ !

हो गुरुआमा, समाधान तपाईंकै हातमा छ किनभने तपाईंका जस्ता अनुभव अरू कसैसित छैनन्। तपाईंहरूका आँखाबाट संसार हेर्न तपाईंले मात्र सक्नुहुन्छ। तपाईंका विचारहरूले सरकार र समाजका नीति र व्यवहारहरूलाई प्रभाव पार्न सक्छन्; ती तपाईंको पेसा र शैक्षिकजगत नै अन्तर ल्याउन पनि सहायक हुन सक्छन्।

तपाईंका विचार र संस्मरणहरू अहिलेका लागि मात्र होइन, भविष्यका लागि पनि महत्त्वपूर्ण हुन्छन्। मैले माथि तीन दशकभन्दा अघि आफूले नाम-सुवास सुनेका गुरुआमाका बारेमा चर्चा गरेको छु– अहिले मलाई उहाँहरूले केही लेखिदिनुभएको भए कस्तो हुन्थ्यो जस्तो लाग्छ। काठमाडौंदेखि गएर, नौलो समाज र परिवेशका सजिला-अप्ठ्याराहरू बेहोर्दै सुदूर पूर्वको एउटा बतासे डाँडामा वर्षौं बिताउँदा उहाँहरूले के-के भोग्नुभएको थियो होला, त्यसबेलाको र आउने समाजका बारेमा के-के देख्नुभएको थियो होला ? तपाईंले आजभन्दा ३०, ४०, ५० वर्षअघिका शिक्षकहरूका, विशेषत: गुरुआमाहरूका संस्मरण पढ्न पाउनुभयो भने कति खुसी भएर पढ्नुहुन्छ ?

यसपटकलाई तपाईंहरूले लेख्नुभएन तर *शिक्षक* तपाईंहरूकै पत्रिका हो। तपाईंहरूको महत्त्व तपाईंसित पढ्न पाएका/नपाएका सबैलाई थाहा छ, खाँचो तपाईंको अलिकति जाँगर र उत्साहको मात्र छ। आज *शिक्षक* मासिकका तर्फबाट म नेपालका सम्पूर्ण गुरुआमाहरूसित लेख्न, आफ्ना मनका कुरा अभिव्यक्त गर्न विशेष आह्वान गर्छु, लेख्नुस् है !

## सत्यको रहस्य

एकादेशका राजाले आफ्ना नागरिकहरूलाई साँचो मात्र बोल्ने बनाउने निधो गरे। तर, त्यही देशका एकजना विद्वान् मुल्लाह नसिरुद्दीनले राजाका कुराको प्रतिवाद गरे र भने, "सत्य राजाज्ञाबाट स्थापित हुने कुरा होइन।"

तैपनि राजा आफ्नो निर्णयमा दृढ रहे। मुल्लाहले फेरि भने, "जबरजस्ती सत्य स्थापना गर्न खोज्दा मानिसहरू तर्कले सत्यलाई अल्मल्याउन थाल्छन्।"

राजाले नगरको मूलबाटोमा 'सत्यद्वार' स्थापना गराए र त्यहाँबाट छिर्नेले बोलेको कुरा असत्य सावित भए उसलाई त्यहीं छेउमा खडा गरिएको बधस्थलमा लगेर झुण्ड्याइने उर्दी जारी गरे।

मुल्लाह नसिरुद्दीनले मुलुकमा सत्य स्थापना गर्ने राजाको विधि असफल तुल्याएर देखाइदिने विचार गरे। त्यसनिम्ति उनले राजाद्वारा स्थापित सत्यद्वार नजिकको बधस्थल देखाउँदै भने, "त्यहाँ झुण्ड्याइनका लागि जान लागेको।"

हावादारी र असत्य कुरा गरेको अभियोगमा दण्डाधिकारीहरू उनलाई झुण्ड्याउन तयार परे। तर, मुल्लाहले आफूलाई झुण्ड्याए आफूले बोलेको कुरा सत्य सावित हुने र सत्य बोल्नेलाई झुण्ड्याउन नमिल्ने कुरा तिनलाई अर्थ्याए।

तर, मुल्लाहलाई मृत्युदण्ड दिनु जति गल्ती हुन्थ्यो नदिनु पनि त्यत्ति नै गल्ती हुनेथियो। किनभने छाड्नासाथ उनले बोलेको कुरा असत्य हुन्थ्यो र असत्य बोल्नेलाई छाडेबापत दण्डाधिकारीहरूले नै मृत्युदण्ड पाउन सक्थे। अर्थात् दुवै अवस्थामा उनीहरू गलत नै हुन्थे।



दण्डाधिकारीहरू एकदमै अल्मलिए। अन्तत: मुल्लाहलाई हिरासतमा राखेर त्यो मुद्दा 'माथि' पठाए। 'माथि'का कुनै पनि निकायले फर्स्याउन नसकेपछि मुद्दा राजाकहाँ नै पुग्यो।

मुल्लाहले थापेको अड्को राजाले पनि फुकाउन सकेनन्। त्यसपछि 'सत्य राजाज्ञाबाट पत्ता लगाइने कुरा होइन' भन्ने मुल्लाहको कुरालाई उनले स्वीकार गरे।

*(कथासार: सत्य कसैको आदेशबाट स्थापित हुने कुरा होइन, सत्यप्रतिको विश्वास र सम्मान बढाउन सकेमा मात्र मानिसले सत्य बोल्न र सत्यमा आधारित व्यवहार गर्न सक्छन्। जबरजस्ती सत्य स्थापना गर्न खोजिएमा त्यसलाई तर्कले अल्मल्याउन सकिन्छ; जसरी मुल्लाह नसिरुद्दीनले सके।)*

ओशाका चुट्किलाहरूको सङ्ग्रह 'हँसना मना है' बाट साभार

लेख्नुहोस्


# शिक्षक | निजी स्कूलका / सार्वजनिक स्कूलका

- को बढी 'भाग्यमानी' ?
- कसको सुविधा धेरै ?
- कसको काम धेरै ?
- को बढी चिन्तित/असन्तुष्ट ?
- को धेरै मेहनती ?
- को बढी योग्य र अध्ययनशील ?
- कसको इज्जत/हैसियत ठूलो ?
- पेसागत र पारिवारिक सन्तुष्टि कसको बढी ?

माथिका सबै वा कुनै एक-दुई सवाल समेटिने गरी आफ्नो विचार, अनुभव वा अध्ययनको निचोड १२०० शब्दको आसपासमा रही २० पुस २०६६ भित्र हामीले पाउने गरी पठाउनुहोला।

**दुई उत्कृष्ट लेखनलाई रू. ७,०००/- र रू. ५,०००/- नगद पुरस्कार दिइनेछ।**

# प्रतिक्रिया र सुझाव




## सबै माओवादी होइनन् !

*शिक्षक* को २०औं अङ्क (मङ्सिर, २०६६) को आवरणमा प्रकाशित मेरो तस्बिरमा हाल म कार्यरत रहेको विद्यालय गणेश मावि, तनहुँ हुनुपर्नेमा मेरो जन्मस्थानको ठेगाना परेको छ। आन्तरिक प्रक्रियाबाट स्थायी हुनुपर्ने माग राख्दै हामी अस्थायी शिक्षकहरू आन्दोलनमा छौं। त्यसैले त्यही अङ्कको पृष्ठ १ मा 'स्वत: स्थायी गरिनुपर्ने माग राख्दै' भन्ने वाक्यांशप्रति हाम्रो आपत्ति छ। त्यस्तै, पृष्ठ ८ मा रहेको तस्बिरको क्याप्सनमा 'अस्थायी शिक्षक आन्दोलनमा' हुनुपर्नेमा 'माओवादी शिक्षक आन्दोलनमा' भएकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। आन्दोलन अस्थायी शिक्षकको हो; माओवादी शिक्षकको होइन। आन्दोलन गर्ने सबै शिक्षक माओवादी होइनन्। म विश्वरञ्जन पौडेल नेपाल शिक्षक संघको विशिष्ट सदस्य एवं नेपाल शिक्षक संघ तनहुँ जिल्लाको पूर्व अध्यक्ष पनि हुँ।

**विश्वरञ्जन पौडेल, केन्द्रीय सदस्य,**
**अस्थायी शिक्षक आन्दोलन समिति**

## खाँचो, विधिको शासनको

मङ्सिर अङ्कको आवरण (राम्रा शिक्षक कसले छान्ने?) समाचारका बारेमा लेख्दै छु। शिक्षक प्रत्यक्ष रूपले समाजसँग सम्बन्धित हुने हुनाले धेरैजसो अभिभावक अयोग्य शिक्षकको बारेमा आवाज बुलन्द गर्ने परिस्थितिमा छन् जस्तो मलाई लाग्दैन। फेरि, त्यस्ता शिक्षक राजनीतिक दबाबमा अथवा नातागोताको माध्यमबाट नियुक्त गरिने हुँदा दुई/चारजना अभिभावकले विरोध गरेर आफ्नो नैतिक अधिकारको प्रयोग गर्दैमा समस्या समाधान हुँदैन। जबसम्म यो देशमा विधिको शासन कायम हुँदैन तबसम्म शिक्षा क्षेत्रमा भ्रष्टाचार, नातावाद, राजनीति आदिको अन्त्य हुन सक्दैन। अर्को कुरा, शिक्षक आफैं प्रत्यक्ष रूपमा राजनीतिमा संलग्न रहेका कारण त्यस्ता अयोग्य शिक्षकले सरकारी/सामुदायिक विद्यालयमा डेरा जमाई राख्ने छन्। र, निरीह अभिभावकहरू आफ्ना बालबालिका त्यस्ता शिक्षककोमा पठाउन बाध्य भइरहने छन्। त्यसैले जहाँसम्म मेरो बुझाइ छ, राम्रा शिक्षक विद्यालय (सरकारी/सामुदायिक) मा नियुक्ति हुनको लागि सबभन्दा पहिले देशमा विधिको शासन हुनुपर्छ। शिक्षक र शिक्षा क्षेत्रलाई राजनीतिबाट अलग राखिनुमा नै देश र जनता सबैको भलो हुन्छ।

**पुष्पराज पनेरु**
**श्री वैजनाथ मा.वि. मौरडा, डडेल्धुरा**

## खुला प्रतिस्पर्धा : एक मात्र उपाय

'योग्यभन्दा आफन्तलाई प्राथमिकता' शीर्षक (मङ्सिर २०६६) अन्तर्गतको आवरण लेख सान्दर्भिक लाग्यो। अहिले पनि विद्यालयहरूमा 'राम्रा' भन्दा 'हाम्रा' शिक्षक नियुक्ति गर्ने काम बढिरहेको छ। विद्यालयमा शिक्षक छनोट गर्दा योग्यलाई भन्दा आफन्तलाई प्राथमिकता दिने गरिन्छ।

शिक्षक छनोट कार्य निष्पक्ष र पारदर्शी नहुँदा 'सोर्सफोर्स' लगाउने शिक्षकहरू अयोग्य नै भएर पनि जागिर खाइरहन्छन् भने असल, योग्य र सोझा शिक्षकहरू बेरोजगार बन्नुपर्दछ। यसले गर्दा शिक्षकहरूको मर्यादा गरिरहेको छ भने हजारौं विद्यार्थीको भविष्य अन्धकारमय भएको छ। यो समस्या हटाउन अस्थायी र राहत कोटामा शिक्षक नियुक्त नगरी शिक्षक सेवा आयोगलाई सक्रिय गराई स्थायी पदपूर्तिको व्यवस्था गर्नुपर्दछ। हरेक वर्ष रिक्त दरबन्दी पदपूर्ति गरिनुपर्दछ। सेवा प्रवेशका लागि शिक्षक लाइसेन्स अनिवार्य गर्नुपर्दछ। लाइसेन्स परीक्षाको प्रश्नपत्र स्तरीय, व्यावहारिक र समयसापेक्ष हुनुपर्दछ। त्यस्तै; उत्तरपुस्तिका परीक्षण

## सङ्गठित हुने बुद्धि पलाओस् !

*शिक्षक* को प्रतिक्रिया र सुझाव स्तम्भमा प्रकाशित 'सहयोगीको शोषण' (२०६६ कात्तिक) शीर्षकको पत्रले मेरो ध्यानाकर्षण गऱ्यो। वास्तवमा बालविकास (इसीडी) कक्षामा कार्यरत शिक्षक (स.का) हरूको पारिश्रमिक कुनै कोणबाट पनि चित्त बुझाउन सकिने खालको छैन। कृष्णमाया निरौला र गीता उप्रेतीले पोखेको दुखेसोले देशभरिका त्यस्तै लगभग २६ हजार महिला शिक्षकहरूको अन्तरात्मालाई प्रतिनिधित्व गरेको छ।

यस विषयमा कुरा उठ्दा कतै-कतैबाट सुन्ने गरिन्छ कि "यो विदेशी दातृ राष्ट्र वा संस्थाको सहयोगमा चलेको हो। सरकारको कार्यक्रम होइन।" तर, यो कक्षा सञ्चालन गर्न सहयोग प्रदान गर्ने जुनसुकै दातृराष्ट्र वा संस्था भए पनि त्यसको अनुमति प्रदान गर्ने र आफ्ना नीति कार्यक्रममा रूपान्तरण गर्दै कार्यान्वयनमा ल्याउने पक्ष सरकार नै हो। यसर्थ बालकक्षा सञ्चालनको सम्पूर्ण जवाफदेही पनि सरकारको हुन आउँछ न कि दातृराष्ट्र वा संस्थाको। 'विदेशीले जे दिए पनि, जति दिए पनि लिनुपर्छ र जे भने पनि मान्नुपर्छ, गर्नुपर्छ' भन्ने मानसिकताबाट ग्रस्त सरकारी पक्षको गैर जिम्मेवारीपनले गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियम कानुन, पारिश्रमिक निर्धारण नर्म्स, जस्ता विधिविधानको ठाडो उल्लङ्घन हुन गएको छ।

अत: सम्बन्धित सबै पक्षलाई मेरो यो सुझाव छ कि, 'महिलाहरू पारिवारिक दायरामा बाँधिएका कमजोर, निरीह र अवला छन्। यिनीहरूलाई जे गरे पनि हुन्छ' भन्ने सोचाइ त्यागेर शतप्रतिशत महिला आरक्षण रहेको बालविकास कक्षाका शिक्षकहरूको तलब, भत्ता, सेवा, शर्त र सुविधा सरकारी

निष्पक्ष हुनुपर्दछ। लाइसेन्स एकचोटि प्राप्त गरेपछि सधैँका लागि नभई हरेक ५/१० वर्षमा पुनः परीक्षा लिई सुविधाहरू दिनुपर्दछ। जसले गर्दा यस पेसामा धेरै मानिसबीचमा प्रतिस्पर्धा हुन पाउँछ। खुल्ला प्रतिस्पर्धामा निष्पक्ष र पारदर्शी ढङ्गबाट शिक्षक छनोट गर्दा जति धेरै प्रतिस्पर्धी हुन्छन् उति योग्य शिक्षकहरू छानिने गर्दछन्। नक्कली शिक्षकलाई सामाजिक बहिष्कार गरिनुपर्दछ। अनि मात्र नक्कली शिक्षक र अयोग्य शिक्षक निर्मूल हुन्छन् र विद्यालयमा योग्य शिक्षक नियुक्ति हुन पाउँछन्।

**ओमबहादुर भण्डारी**
**बघौडा–८, माडी, चितवन**

## सरकारको तलबमान : शिक्षकको अपमान

'शिक्षकको रिटमा कारण देखाऊ आदेश' (२०६६ मङ्सिर) पढ्न पाउँदा खुसी लाग्यो। हामी जस्ता हजारौं पीडित शिक्षकहरूको हकहितमा अदालतको ढोका घचघच्याउन पुग्नुभएका रुपाली शिक्षक मित्रहरूलाई मुरीमुरी धन्यवाद।

'प्रतिक्रिया र सुझाव' स्तम्भअन्तर्गत 'तलबमान मिलेन' भन्ने शीर्षकमा जीतबहादुर कटुवाल सरले पेस गर्नुभएको प्रमाणले प्राथमिक तह द्वितीय श्रेणीका शिक्षकहरूमाथि भएको सरकारी अन्याय प्रस्ट पारेको छ।

सरकारले कर्मचारीको तलबमान समायोजन गर्ने बहानाबाट पीडित शिक्षकको नाताले शिक्षक पत्रिकामार्फत सम्बद्ध सरकारी निकायको ध्यानाकृष्ट गर्न निम्न बमोजिमको तीतो यथार्थ पेस गर्न चाहन्छु। *(हे. तालिका)*

- यसरी नै एकै दिन स्थायी नियुक्ति लिई एउटै विद्यालयमा कार्यरत शिक्षक बढुवा भएको कारणले अन्य शिक्षकको तुलनामा मासिक ४०८ रुपैयाँ ६० पैसा कम तलब सुविधा पाउँछ भने त्यसरी गरिएको तलब र अहिले द्वितीय श्रेणीका प्रा. शिक्षकलाई दिने तलबमानमा फरक पार्न पाइन्छ? यदि पाइँदैन भने २०६६ साउनभन्दा पछि तलबमानमा पारिएको क्षतिको क्षतिपूर्ति हामीले पाउने कि नपाउने?
- यसरी एउटा शिक्षकले आफू तल्लो श्रेणीमा हुँदा पाउने तलब

**तालिका**

| शिक्षक 'क' | शिक्षक 'ख' |
|---|---|
| स्थायी नियुक्तिः २०४८/२/१ | स्थायी नियुक्तिः २०४८/२/१ |
| | बढुवा (प्रावि द्वितीय): २०६५/६/१ |
| तलब स्केलः ९,९००/- | तलब स्केलः १०,५६०/- |
| ग्रेड रकम<br>६ x १८= १०८<br>२ x ८४= १६८<br>१० x ११०= ११०० } =१३७६/- | ग्रेड रकमः ३६०/- |
| जम्मा तलबः ११२७६ | जम्मा तलबः १०९२०/- |
| क.स. कोष प्राप्तः १२७०/६० | क.स. कोष प्राप्तः १०९२/- |
| मासिक जम्मा १२४०३/६० | मासिक जम्मा ११९९४/- |

उक्त तलबमानबाट प्रा.शि. द्वितीयले प्रा.शि. तृतीय भन्दा मासिक ४०९/६० तथा वार्षिक ५,२७१/२० (४०९/६० १२+३५६) कम तलब सुविधा पाउँछ।

तलब समायोजनको अर्थ के?

- हाल प्रा.शि. तृतीय शिक्षक बढुवा भएपछि उक्त शिक्षकले पाउने सुविधा नघट्ने गरी ग्रेड थपेर तलब दिनुपर्ने विद्यमान नियमावलीमा व्यवस्था छ। त्यस्तो अवस्थामा उक्त शिक्षकले पाउने सुविधा माथिल्लो श्रेणीमा बढुवा भएबापत कट्टा हुन्छ या गरिन्छ भने यो शिक्षकमाथि गरिएको अपमान हो कि होइन?

**रामशरण पुडासैनी**
**श्री कल्याणी देवी मावि**
**जिलिङ, नुवाकोट**

नम्सअनुसार निर्धारण गर्नेतर्फ सरकारको यथाशीघ्र ध्यान पुगोस्। सम्बन्धित निकाय र दातृ संस्थाहरूको पनि विवेक पुगोस्। अधिकारवादी र पेशाकर्मीका संघ-सङ्गठनहरूले पनि यस कुरामा पहल गरेको सुन्न पाइयोस्। र, 'अन्याय हेर्न नेपाल आउनू' भन्ने उखान चरितार्थ हुने आधारहरूमध्ये एउटा आधारको अन्त्य गरियोस्। बालकक्षाका शिक्षकहरूको पनि आफ्नो हकहित रक्षाका निम्ति सङ्गठित हुने बुद्धि पलाओस्!

**ईश्वरराज ढुङ्गाना**
**श्री मावि लेटी, गोविन्दपुर-१, मोरङ**

## शैक्षिक विकृतिको जड

२०६६ कात्तिक (१८औं) अङ्कमा प्रकाशित 'सरकारी विद्यालयप्रति जनमानसको बढ्दो उपेक्षा, शिक्षकको बुई चढेर राजनीतिले सत्ता चढेको तथा सरकारी शिक्षककै सन्तानहरू बोर्डिङ स्कूलमा पढ्ने गरेको' जस्ता विषयमा केदार शर्मा, प्रा. कृष्ण खनाल र कृष्णप्रसाद ढकालका विचारहरू निकै मर्मस्पर्शी लाग्यो।

बोर्डिङ स्कूलप्रतिको आकर्षणका सम्बन्धमा यस्तो लाग्छ, त्यहाँ आफ्ना छोराछोरीहरूलाई पढाउने अभिभावकहरू तीन किसिमका छन्: (क) प्रशस्त पैसा भएकाहरू। यिनको उद्देश्य आफ्ना छोराछोरीलाई असल बनाउनेभन्दा पनि पैसा सिध्याउने हुन्छ। (ख) आर्थिक हैसियत मजबुत नभए पनि 'फेसन' धान्नका लागि त्यहाँ पठाउनेहरू। (ग) छोराछोरीहरूलाई योग्य र सक्षम नागरिक बनाउने चाहना सरकारी स्कूलले पूरा नगर्ने ठानी उनीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्नकै लागि बोर्डिङ स्कूलमा भर्ना गर्ने अभिभावक।

हुन पनि सरकारी विद्यालयको शैक्षिकस्तर निकै खरेको छ। यसलाई सुधार्न असम्भव नभए पनि, ज्यादै गाह्रो

# प्रतिक्रिया र सुझाव

छ। केन्द्रीय तहमा राम्रा र प्रभावकारी नीति-नियमहरू बने पनि स्थानीयस्तरमा ती आइपुग्दैनन्। भनौं कागजमै सीमित रहन्छ। यस सम्बन्धमा 'एसएलसी परीक्षाकै सन्दर्भ काफी हुन्छ। आफ्नै विद्यालयमा परीक्षा केन्द्र हुँदा त्यही विद्यालयकै सरहरू, शिक्षित अभिभावकहरू तथा भुइँफुट्टे नेताहरू' मिलेर परीक्षाकेन्द्र कब्जा गर्छन्। यसरी सम्पन्न हुने परीक्षाका विषयमा सबैलाई थाहा भए पनि यसलाई अति सामान्य र स्वाभाविक रूपमा लिने गरिएको छ। यस्तै पाराले गर्दा विद्यार्थीहरूमा यता आएर 'चोरी चेतनाको स्तर' ह्वात्तै बढेको छ।

त्यस्तै, राजनीतिक दलहरूले शिक्षकलाई उपयोग गर्ने संस्कारका कारण शैक्षिक क्षेत्र दुर्गन्धित भइरहेछ। एउटा न एउटा पार्टीगत छहारी नभईकन सुरक्षित नहोइने भएकाले शिक्षकहरू पनि कसैको कार्यकर्ता बन्न बाध्य छन्।

मालती क्षेष्ठ
दियाले-३, ओखलढुङ्गा

## गणित विषयको चिन्ह

प्राவि तहका नानीहरूलाई गणितका चिन्हसम्बन्धी जिज्ञासा मेटाउन 'आगमन विधि'को प्रयोग गर्नुपर्छ भन्ने गरिन्छ। तर, कसरी? हालसम्मका गणित गुरुहरूबाट 'यो नियम हो' भन्ने मात्र जवाफ पाएको छु। जनकपुरका तालिम प्रशिक्षकबाट वाक्यमा प्रमाणित गरिएको एक मात्र समाधान पाएको छु। त्यसैले *शिक्षक* मासिकमार्फत निम्न समस्याहरूको समाधान पाउने अपेक्षा राखेको छु।

\+ **+** + = +; OO+O=OOO समाधान भएको
\+ **+** - = ( ) चित्रद्वारा प्रस्तुत गर्न कठिन भएको
\- **+** - = - चित्रद्वारा प्रस्तुत गर्न कठिन भएको
\+ **X** + = + (OO) (OO) (OO) = OOOOOO समाधान भएको
\+ **X** - = - चित्रमा देखाउन कठिन भएको
\- **X** - = + कारण बुझ्न वा प्रमाणित गर्न आफैं सक्षम नभएको
प्रा.शि.ता.के. जनकपुरका प्रशिक्षक बालकृष्ण गैरेबाट पाएको समाधान:
आँप मीठो छ। + **X** **+** = + (आँप मीठो छ)
आँप नमीठो छ। + **X** - = - (आँप मीठो छैन)
आँप नमीठो छैन। - **X** - = + (आँप मीठो छ)
अन्य ठाउँबाट हालसम्म - **X** - = + हुन्छ भन्ने कुरा नियम हो भन्ने बाहेक चित्तबुझ्दो समाधान प्राप्त हुनसकेको छैन। मिलेसम्म समाधान खोजी सबै + - x ÷ चिन्हहरू सिकाउने विधिहरू विश्लेषण गरी यति सानो कुरा पनि जिज्ञासा राख्ने भनी घृणा नगरी समाधान पठाइदिन विनम्र अनुरोध छ।

अर्जुनप्रसाद ढुङ्गाना
श्री खाटमन्दिर प्रावि, वागचौरी, त्रि.न.पा. १५, उदयपुर

**(अनुरोध: माथिका जिज्ञाशा समेत शान्त हुने गरी यससम्बन्धी सामग्री पठाउन विज्ञहरूलाई अनुरोध गर्दछौं। त्यस्ता सामग्रीहरू प्राप्त भएमा विशेष प्राथमिकता दिएर छापिने छन्। – सम्पादक)**

## नालायकलाई संरक्षण !

*शिक्षक* मासिक पत्रिका भदौ अङ्क (नक्कलीको बिगबिगी) पढेपछि सोच्न र कलम समाउन बाध्य बनायो। लाग्यो, नेपालको शिक्षा क्षेत्र शून्यमा पुग्नुको प्रमुख कारण यही रहेछ। नालायकहरूले नक्कली प्रमाणपत्रको आभूषण लगाएर शिक्षाको घरलाई खोक्रो बनाएका रहेछन्। अनि बाहिरबाट जति टाल्न खोजे पनि के को बलियो बन्थ्यो! तिनै गोमनहरूले जन्माएका हाम्रो देशका नेता, कार्यकर्ता र जनता कसरी गतिलो हुनु? ए बाबा! बीज नै खराब रोपिदिएपछि फल कहाँको असल पाउनु? हाम्रो शिक्षाको घरलाई मजबुत पार्न त पहिले ती सबै घुन, धमिरा र कीटाणुहरूलाई विष छर्केर निर्मूल पार्नुपर्छ, संरक्षण होइन।

उषा नेपाल, सिन्धुपाल्चोक

## अझै खोजी गरियोस् !

*शिक्षक* मासिकले नेपालको शैक्षिक क्षेत्रमा युगौंदेखि सनातन बनेर आएका विकृत रूपको पर्दाफास गर्दै सुधार र परिवर्तनका लागि को, कसरी, किन लाग्ने भन्ने पक्षमा 'क्रान्तिकारी' आन्दोलनको अगुवाई गरिरहेको छ।

'शिक्षा पुरस्कार' मा शिक्षा क्षेत्रका प्रशासकहरू कति तल झर्दा रहेछन् भन्ने नमुना यसले विना सङ्कोच सार्वजनिक गरेको छ। *शिक्षक* मासिकले स्वतन्त्र खोजतलास गर्ने पाटो अझ सशक्त पार्नु जरुरी छ। आजभोलि नक्कली अध्यापन अनुमति-पत्रको व्यापार अनि त्यसैको आधारमा शिक्षा कार्यालयलाई थर्काएर वा शिक्षाभित्रकै 'साधुहरू'द्वारा 'राहत दरबन्दी' शिक्षक कोटाको बिक्री भइरहेको छ। आफूलाई अब्बल परिवर्तनकारी ठान्ने राजनीतिक व्यक्तिहरू पनि आफ्ना मान्छेहरू यही धन्दाबाट शिक्षणमा घुसाउन सफल भएका छन्। परिणामत: परिश्रमी, अनुभवी, अध्ययनशील र योग्य व्यक्तिहरू, जसको पहुँचवाल शक्ति/समूह छैन उसले पलायन वा वञ्चित हुनुपर्ने अवस्था आएको छ?

नरपति पाण्डे
श्री विद्योदय निमावि, दमक-९, झापा

## 'हेराइ-बुझाइ' राम्रो छ

शिक्षकको हक, हित र क्षमता अभिवृद्धि लगायत गतिविधि जस्ता धेरै गुणकारी विषयवस्तुहरू भएको यस शिक्षक पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

यसको 'हेराइ र बुझाइ' स्तम्भ मेरो सबैभन्दा पहिलो आँखा पर्ने शीर्षक हो। अझ यस पत्रिकामा वर्ष २ पूर्णाङ्क १५ (असार अङ्क)मा डिल्लीप्रसाद फुँयाल सिन्धुलीको सरले जस्तै मेरो पनि ठिक 'हुबहु' विषयहरू समावेश गरिदिनुभए सम्पूर्ण अस्थायी तथा स्थायी शिक्षकहरूलाई भलो हुनेथियो।

ज्ञानबहादुर गुरुङ (प्रधानाध्यापक)
श्री सरस्वती प्रावि, कोल्मा-८, स्याङ्जा

## अन्याय भयो !

यस पत्रिकामार्फत म जस्तै अन्य पीडित शिक्षकहरूको समस्यालाई ध्यान दिँदै जानकारी प्रकाशित गरी सहयोग गरिदिनुहुन विनम्र अनुरोध गर्दछु।

१. २०६१/०६२ को ५०% आन्तरिक प्रतिस्पर्धामा वैकल्पिक उम्मेदवारहरूलाई (हाल सो पदमा कार्यरत नरहेका, तल्लो तहमा स्थायी भएका) नियममा संशोधन गरी स्थायी गरिनुपर्ने वा अस्थायी सरह आन्तरिक प्रतिस्पर्धामा

भाग लिनु पाउनुपर्ने ।

२. तल्लो पदमा लियन राखी योग्यता, दक्षता र शिक्षण अनुमति-पत्र जस्ता आवश्यक प्रमाण पुगेकालाई माथिल्लो पदमा अस्थायी नियुक्ति वा बढुवा गर्ने प्रावधान गरिनुपर्ने ।

म सिन्धुपाञ्चोक जिल्लाबाट २०५२ सालको शिक्षक सेवा आयोगको नतिजा (२०६०) मा प्रावि तहमा खुला प्रतिस्पर्धाबाट शिक्षक पदमा उत्तीर्ण भई २०६१ वैशाखदेखि प्रावि तृतीय श्रेणीमा स्थायी रूपमा कार्यरत शिक्षक हुँ । २०५५ देखि २०६० चैतसम्म मावि तहमा मा.शि. अस्थायी पदमा रही नेपाली र अङ्ग्रेजी विषयको अध्यापन गराउँदै आएको थिएँ । २०६१/०६२ को ५०% आन्तरिक प्रतिस्पर्धामा मावि अङ्ग्रेजी विषयको लिखित र मौखिकको नतिजाबाट मेरो मा.शि. अङ्ग्रेजी विषयमा पहिलो वैकल्पिक उम्मेदवारको रूपमा नाम प्रकाशित भयो। तर, २०६६/७/१३ गते शुक्रबार प्रकाशित *गोरखापत्र* र २०६६ मङ्सिर महिनाको *शिक्षक* मासिकमा २०६१/०६२ को आन्तरिक प्रतिस्पर्धामा वैकल्पिक उम्मेदवारका रूपमा नाम प्रकाशित भएका र हालसम्म अस्थायी पदमा कार्यरत वैकल्पिक शिक्षकलाई समेत नियममा संशोधन गरी स्थायी गर्ने सहमतिको समाचार प्रकाशित भएको हुँदा म र म जस्तै शिक्षकहरू अन्यायमा परेका छौं । सरकारले छिटो-छिटो आयोग पनि नखुलाउने र तल्लो तहमा स्थायी भएका तर माथिल्लो तहका लागि आवश्यक प्रमाण पुगेका शिक्षकहरूलाई तल्लो पदमा लियन राखी माथिल्लो तहमा अस्थायी नियुक्ति पनि नदिने नियमले हामी जस्ता योग्यता, दक्षता, अनुभव र माथिल्लो तहको शिक्षण अनुमति प्राप्त शिक्षकहरूमाथि घोर अन्याय भएको छ। हाम्रो मर्काको अविलम्ब सुनुवाई होस् !

**केवल न्यौपाने (प्रा.शि.तृ),**
**श्री जनजागृति निमावि, सिन्धुपाल्चोक**

## 'लाइसेन्स' चाहिन्छ

म एक शिक्षक हुँ र *शिक्षक* मासिक मेरो मनपर्ने पत्रिकामध्ये एक हो। अध्यापन अनुमति-पत्र वा शिक्षक लाइसेन्स खारेज गर्नुपर्छ भनी विवाद गर्नेहरूप्रति मेरो कडा असन्तुष्टि रहेको छ। लाइसेन्स प्रणालीलाई शिक्षकको दक्षताको कसीको रूपमा प्रयोग गर्न सकेमा यो शत-प्रतिशत उचित व्यवस्था हुनसक्छ भन्ने मेरो ठहर हो । यदि कोही शिक्षक पदको लागि योग्यता पुगेको र दक्ष पनि छ भने त्यस्तो व्यक्तिले छिटो र सरल ढङ्गबाट लाइसेन्स प्राप्त गर्ने उपाय खोज्ने कोसिस गर्नुपर्छ। यदि लाइसेन्सकै कारणले कुनै राजनीतिक दलका नेतालाई आफ्ना कार्यकर्ताहरू शिक्षकमा भर्ती गर्न तगारो लागेको भए त लाइसेन्स मात्रै किन, शिक्षक छनोट प्रतिस्पर्धा नै खारेज गरे भइगयो नि !

**गोविन्दप्रसाद घिमिरे**
**श्री जन उच्चमावि, रापकोट-८, स्याङ्जा**

## गजल

सुनौलो बिहानीसँगै अन्धकारलाई ढाल्न सक्छ शिक्षक
चट्टान मरूभूमिलाई पनि सुन झैं गाल्न सक्छ शिक्षक

लाखौंको भविष्यलाई फूल झैं फुलाएर
आफूलाई झरेको पात झैं फाल्न सक्छ शिक्षक

ताते-ताते गर्नेदेखि कपाल फुलेकासम्म डोऱ्याउँदै
छोटो-लामो जस्तो पनि पाइला चाल्न सक्छ शिक्षक

कुरीति-कुसंस्कारका धनी अचेत मानिसका मनमा
परिवर्तित चेतनाका दियोहरू बाल्न सक्छ शिक्षक

भीर-पाखा अप्ठ्याराहरूलाई हाँसी-हाँसी पन्छाएर
चुनौतीका बीचबाट सफलताको यात्रा थाल्न सक्छ शिक्षक

**गोपाल पौडेल**
**झापा, दमक (हाल: गोरखा, ताप्ले)**

## मेरा पाँच प्रश्न

म १ वैशाख २०६१ देखि खोटाङ जिल्लाको बडहरे गाविसमा रहेको बुङ्देल प्राथमिक विद्यालयमा ६ वर्षसम्म विदेशी दातृसंस्थाबाट दिएको अनुदान कोटामा रही सोही विद्यालयको दोस्रो शिक्षक भएर सेवा गर्दै आएको थिएँ। मैले त्यतिबेला एसएलसी मात्र पास गरेको थिएँ। आफ्नो र बालबालिकाको भविष्य सपार्न म ६/६ वर्षसम्म न्यून पारिश्रमिकमा खटिरहेँ । विद्यार्थीले पनि मेरो विषयमा राम्रो नतिजा ल्याई पास गर्दै गए। म अहिले बी.एड. तेस्रो वर्षको परीक्षा दिएर बसेको छु । विद्यालयमा राहत दरबन्दी आउने आशाले गर्दा अन्य क्षेत्रमा मन लगाइनँ । हाल विद्यालयमा राहत कोटा गएको छ। तर, त्यस कोटामा घुसपैठ भई विव्यास र प्रशासनले अरूलाई नै नियुक्ति दियो । लाइसेन्सको बहाना बनाई मलाई वञ्चित गराइयो। यदि लाइसेन्स नै त्यति महत्त्वपूर्ण हो भने कृपया यी प्रश्नको उत्तर पाऊँ:

- लाइसेन्स अप्राप्त शिक्षक लाइसेन्स प्राप्त जस्तो सक्षम हुँदैन र ?
- यदि लाइसेन्सको त्यति महत्त्व भएदेखि २०६० सालदेखि २०६५ सालसम्म किन लाइसेन्स नखुलाएको ?
- गत वैशाखमा खुलेको लाइसेन्सको परीक्षा के कारणले स्थगित भएको हो ?
- मेरो ६ वर्षको अनुभव र स्नातक तहको योग्यताभन्दा तीन घण्टा लेखेर पास गरेको लाइसेन्स ठूलो हो ?


विश्वविद्यालयका अनुभवी प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा एम. एड., एकवर्षे र तीनवर्षे बी. एड. तथा +२ का विभिन्न विषयहरूको कक्षा सञ्चालन भइरहेको छ ।

नयाँ वर्ष (इ.स. २०१०), क्रिसमस डे तथा तमु लोछार पर्वको हार्दिक शुभकामना

✓ पौष मसान्तभित्र भर्ना हुने प्रत्येक जिल्लाका एक-एकजना विद्यार्थीलाई विशेष छुट र १००% सम्म मासिक शुल्कमा छात्रवृत्तिका साथ बी. एड. प्रथम वर्षमा धमाधम भर्ना ।
✓ एम. एड. दोस्रो तथा बी. एड. तेस्रो वर्षको अभ्यास शिक्षण परीक्षाको बाह्य मूल्यांकन यही पौषको पहिलो हप्ता ।
✓ एम. एड. दोस्रो वर्षको प्रयोगात्मक परीक्षा र सोध निर्देशकको चयन पौष पहिलो हप्ता ।
✓ वेबसाइट तथा नोटिसबोर्डमार्फत् सूचना प्रदान
✓ जाडो महिनामा कक्षा सञ्चालन साँझ ४:१५ देखि ७:३५ बजेसम्म, प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म

**काठमाडौं शिक्षा क्याम्पस**
रामशाहपथ, भृकुटीमण्डप चोक, काठमाडौं (पद्मोदय उमाविको भवन)
फोन: ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४
नोटिस बोर्ड नं. : क्याम्पस विषेश सुचना (१६१८०१४२३०२४०), विद्यार्थी विशेष सुचना (१६१८०७०७३०२४१)
उक्त नं.हरूमा नेपाल भरिका लोकल फोनबाट सम्पर्क गर्न सकिनेछ ।
E-mail: kscram@ksc.edu.np, URL: www.ksc.edu.np

# प्रतिक्रिया र सुझाव

- शिक्षाशास्त्रबाट उत्तीर्ण शिक्षकलाई पनि लाइसेन्स चाहिने भए किन शिक्षाशास्त्र सङ्काय खोलिएको हो ?

**प्रकाश बस्नेत, बडहरे-४, खोटाङ**

## तथ्य यस्तो हो

*शिक्षक* मासिकमा हामी ४३ जना झापाली शिक्षकहरूले न्यायका लागि बाध्य भएर सर्वोच्च अदालतमा रिट हालेको समाचार र रिटको प्रतिलिपिहरू गत कात्तिकमा पठाएका थियौं। तर, *शिक्षक* को मङ्सिर अङ्कमा उक्त समाचारमा नयाँ समायोजनमा प्रावि तृतीयको भन्दा द्वितीयको तलब २०० रुपैयाँ मात्र कम भएको भनी त्रुटिपूर्ण समाचार प्रकाशित भएको छ। हामीले पठाएको तथ्यपूर्ण समाचारलाई कम महत्त्वका साथ प्रकाशित गरेकोमा हामी दु:खी भएका छौं।

**भीम दाहाल**
**श्री पञ्चायत प्रावि, हल्दिवारी, झापा**

## यसो गरे कसो होला ?

*शिक्षक* मासिक आफैंमा शिक्षक हो र शिक्षकको भूमिका निर्वाह गरेको छ। तर, पनि यसलाई आफैं राम्रो बनाउन यसो गरे कसो होला ?

- नेपाली भाषाको पत्रिका भए पनि नेपाली भाषा शिक्षण नेपाली व्याकरण नेपाली साहित्य विधाका कृतिहरूलाई त्यति महत्त्व दिए जस्तो लागेन।
- शिक्षकमा विद्यालयका शिक्षकका मात्र समाचार नभएर विश्वविद्यालयका शिक्षा सम्बन्धी काम कारबाही, ढिलासुस्ती आदिको पनि समाचार बनाइयोस्।
- शिक्षकका पनि आइपरेका कानुनी समस्या, कार्यालय सम्बन्धी समस्याको समाधान आदि जस्ता समस्यालाई नियमित स्तम्भमा राखी सम्बन्धित निकायको जवाफ आओस्।
- *शिक्षक* मासिकले सुरु गरेको अन्तरक्रियालाई पनि क्रमश: बागमती अञ्चल मात्र होइन अल्प क्षेत्रमा पनि गरे राम्रो हुन्थ्यो ?

**सुरेश पौडेल, खिदिम-६, अर्घाखाँची**

## परीक्षाफल छिटो निकालियोस् !

हामीलाई गत वर्ष २०६५ साल सुरुतिर एकवर्षे बी.एड. कार्यक्रममा भर्ना गराए पनि झण्डै दुई वर्षपछि मात्र त्रि.वि.ले परीक्षा सञ्चालन गर्‍यो। एम.एड. प्रथम वर्षको भर्ना कार्यक्रम खुल्नै लागेको छ। एकवर्षे बी.एड.को परीक्षाफल तुरुन्तै प्रकाशन गरेमा मात्र टिचिङ प्राक्टिस सकिने हुँदा एम.एड. प्रथम वर्षमा भर्ना हुन सकिन्छ। अन्यथा पुन: एक वर्ष खेर जानुका साथै नियमित विद्यार्थी भई एकवर्षे बी.एड. सिध्याउन पनि तीन वर्ष लाग्ने भयो। हाम्रो मर्कालाई ध्यान दिएर त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयले चाँडै परीक्षाफल प्रकाशित गरिदिनका लागि यसै पत्रिकामार्फत अनुरोध गर्दछौं।

**कृष्ण गौतम, रामचन्द्र के.सी. रुकमणि, सीता काश्यप (एकवर्षे बी.एड.का विद्यार्थीहरू) काठमाडौं**

## शिक्षक

शिक्षक! यो शब्दको महिमा अपार
तिम्रो छ यहाँ धेरै अधिकार

ज्ञानको ज्योति फैलाउने एक मानव
आफ्नो कर्तव्यमा विचलित नहुने एक साहसी
यो देशको कर्णधार निर्माण गर्ने
यो धर्तीका एक सच्चा सेवक हौ

सत्यता, स्वाभिमानको पथमा लम्किने
जीवनको प्रत्येक पाइलामा
अभावबाट घेरिएर
उत्पीडन भएर सङ्घर्ष गरी
जीवनयापन गर्ने
परिवर्तनशील समाजका अग्रदूत हौ

अँध्यारोपथमा ज्ञानको ज्योति बालेर
यो पुण्यभूमिमा आदर्शको बाटो देखाउने
एक निडर, कर्मठ नागरिक भएर
देशका लागि जीवन अर्पण गर्ने शिक्षक!

**न्हुछेरत्न बुद्धाचार्य**
**सरस्वती विद्यागृह मावि, भक्तपुर**

# जिज्ञासा र जवाफ

**प्रश्न**

हामीले प्रमाणपत्र तह (आई.ए.) उत्तीर्ण गरी प्राथमिक तहको १० महिने शिक्षक तालिम पनि लिएका छौं। हाल प्रावि तहको १० महिने तालिम पाएका शिक्षकलाई ६०० पूर्णाङ्कको विशेष शिक्षाको व्यवस्था गरेको छ। शिक्षा बाहेक अन्य विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेका हामी जस्ता शिक्षकहरूलाई सो विशेष शिक्षा लिनु आवश्यक छ, छैन भन्ने विषयमा अन्योल भएकाले यसको प्रस्ट जवाफ दिनुहुन अनुरोध गर्दछौं।

**जयनारायण आचार्य र वीरेन्द्र मण्डल**
**शिक्षक**
**छडी निमावि, कैलाली**

**उत्तर**

प्राथमिक तहमा एसएलसी योग्यता भई १० महिने तालिम पूरा गरेका शिक्षकहरूका लागि प्रमाणपत्र तह वा सोसरहको शैक्षिक योग्यता पुर्‍याउन उक्त विशेष कार्यक्रमको व्यवस्था गरिएको हो। तपाईंहरू जस्ता प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता हासिल गरिसक्नुभएका शिक्षकहरूले उक्त विशेष कार्यक्रममा सहभागी हुनु नपर्ने।

**हर्कप्रसाद श्रेष्ठ**
**कार्यकारी निर्देशक,**
**शैक्षिक जनशक्ति विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

**(अनुरोध: यस स्तम्भमा शिक्षक मित्रहरूले सामना गर्नुपरेका शैक्षिक र प्रशासनिक समस्या, चुनौती वा जटिलताको आधिकारिक जवाफ प्राप्त गरी प्रकाशित गर्ने प्रयास गरिने छ। आफ्ना प्रश्न वा जिज्ञासासँगै सम्भव भएसम्म कुन निकाय वा व्यक्तिबाट जवाफ खोजिएको हो भन्ने समेत उल्लेख गरी पठाउनुहोला। – सम्पादक)**




## नेपाल राष्ट्रिय शिक्षक संगठन/नेपाल शिक्षक संघ
## केन्द्रीय समिति
## (सबैका लागि शिक्षा र एच.आई.भी./एड्स कार्यक्रम)
## "२१औं विश्व एड्स दिवस-२००९ को उपलक्ष्यमा समस्त एड्स संक्रमित महानुभवहरूको सु-स्वास्थ्य एवम् दीर्घायुको मंगलमय शुभकामना !"

रोगको इतिहास मानव सृष्टि जतिकै पुरानो छ। मानव सभ्यता सँगसँगै विभिन्न खालका रोगहरू उत्पत्ति भएको पाइन्छ। कतिपय रोगहरू उपचारद्वारा निर्मूल पार्न सकिन्छ। कुनै रोग यस्ता हुन्छन् जुन रोग लागेपछि मृत्यु अवश्यम्भावी हुन्छ। सन् १९८१ मा मात्र पत्ता लागेको एड्सका विषाणु (Virus) विश्वका करोडौं मानिसहरूको शरीरमा प्रवेश भइसकेको छ। यो रोग विश्वव्यापी रूपमा देखिएको एक घातक एवम् भयावह सामाजिक रोगको रूपमा तीव्र गतिमा बढिरहेको छ। विश्वमा करिब ४ करोड व्यक्तिहरू HIV संक्रमित छन्। एड्सबाट करिब २ करोड ६३ लाख व्यक्तिको ज्यान गुमिसकेको छ। मुख्यतया यो रोगबाट १५ देखि २४ वर्षका युवा पिँढी बढी पीडित भएका छन्। ५ वर्ष उमेर नपुग्दै एक करोड भन्दा अधिक बालबालिकाहरू विभिन्न रोग तथा पौष्टिक आहारको अभावमा प्रत्येक वर्ष मृत्यु हुने गरेको पाइन्छ।

Education is the most effective preventive vaccine against HIV/AIDS and other disease. ( शिक्षा नै HIV/AIDS र अन्य रोगहरू विरूद्ध रोगथाम गर्ने सशक्त खोप हो।) शिक्षा र शिक्षक समुदाय HIV/ADS विरूद्ध विश्वव्यापी रूपमा सचेतना अभिवृद्धि गर्दै रोकथामका लागि महत्वपूर्ण भुमिका निर्वाह गर्ने प्रभावकारी माध्यम र साधन हुन्। विकासोन्मुख देशहरूमा एच.आई.भी/एड्सले आर्थिक तथा सामाजिक क्षेत्र, उत्पादनशीलता एवम् उत्पादन गर्ने वर्गमा व्यापक र गम्भीर असर पार्न थालेको छ। यसको कारण आर्थिक तथा सामाजिक अवसरहरू कम हुँदै गएका छन्। तसर्थ विश्व समुदायको ध्यान-HIV बाट सङ्क्रमित, प्रभावित र जोखिममा परेका समूहहरूको गुणस्तरीय उपचार, निदान र हेरविचार-सेवाहरूको उपलब्धता सुनिश्चित गर्न, उनीहरूको मानवअधिकार प्रवर्द्धनको समुचित कार्यान्वयनको लागि वृहत कानुनी संरचना विकास गर्न, सबै तह र तप्कामा एच.आई.भी./एड्सप्रतिको चासोलाई प्रभावकारी बनाउन नेतृत्व र व्यवस्थापनलाई प्रोत्साहित गर्न, दीर्घकालीन आर्थिक लगानी र कोषको प्रभावकारी परिचालनलाई सुनिश्चित गर्न, HIV/AIDS भएका व्यक्तिहरूलाई विवेद र घृणाका दृष्टिले नहेरी समाजमा समान व्यवहार तथा आवश्यक सहयोग पुऱ्याउन, समाजको प्रमुख शत्रुको रूपमा रहेको गरिबी, बेरोजगारी तथा अशिक्षाको अन्त्य गरी शिक्षाको माध्यमबाट मानवजातिको शारीरिक, मानसिक, सामाजिक र सांस्कृतिक स्वास्थ्यको विकास र विस्तारमा केन्द्रित हुन जरूरी छ।

अन्त्यमा, HIV/AIDS को प्रभावकारी रोगथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न विश्व समुदायसमक्ष आव्हान गर्दै सम्पूर्ण शिक्षक अभिभावक, विद्यार्थी, राजनीतिक पार्टी, पत्रकार, एवम् नागरिक समाज समक्ष बृहतरूपमा जनचेतना जगाउन एवम् "ONE HOUR FOR HIV/AIDS" को विश्वव्यापी अभियानमा सक्रियतापूर्वक जुट्न हार्दिक अपील गरिन्छ।

धन्यवाद !

बाबुराम थापा
महासचिव
ने.रा.शि. संगठन

केशव निरौला
महासचिव
ने.शि. संघ

मिति २०६६/०८/१६

# उमाविलाई आठ दरबन्दी !

**सरकारले** सामुदायिक उच्चमाध्यमिक विद्यालयका लागि शिक्षक थप्न लागेको छ। विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआर) मा गरिएको प्रस्ताव अनुसार माध्यमिक तह (कक्षा ९ देखि १२) का निम्ति कम्तीमा आठ जना शिक्षक पुऱ्याउने गरि शिक्षा मन्त्रालयले अनुदान बढाउने प्रक्रिया अघि बढाएको छ।

तथापि यो नीतिबाट सबै सार्वजनिक उमाविहरू लाभान्वित हुने छैनन्। शिक्षा विभागका महानिर्देशक महाश्रम शर्माका अनुसार हाललाई सरकारी मापदण्ड पूरा गरेको इलाकाको एउटा स्कूललाई मात्रै आठ जना शिक्षकको तलब बराबरको दिइनेछ।

यो नीतिको कार्यान्वयनका लागि शिक्षा मन्त्रालयले 'सामुदायिक उमावि अनुदान कार्यान्वयन निर्देशिका २०६६' तयार गरी स्वीकृतिका लागि अर्थ मन्त्रालय पठाएको छ। निर्देशिकामा अहिलेसम्म अनुदान नपाएका वा नयाँ सम्बन्धन लिई सञ्चालन हुनेमध्ये इलाकाभित्रको एउटा उमाविले मात्रै आठ जना शिक्षक बराबरको अनुदान पाउने व्यवस्था गरिएको छ। तर, यसरी अनुदान पाउने स्कूलमा कक्षा ९-१० का लागि कम्तीमा पाँच जना शिक्षक भएको, पछिल्लो तीन वर्षको एसएलसी नतिजा जिल्लाको औसत नतिजा बराबर भएको, आर्थिक स्रोत र विद्यार्थी सङ्ख्या पर्याप्त भएको हुनुपर्ने मापदण्ड तय गरिएको छ।

पहिल्यैदेखि आठ जना मावि शिक्षक रहेका स्कूलले यस्तो अनुदान पाउने छैनन्। निर्देशिकामा लेखिएको छ, 'जिविसको इलाका क्षेत्रलाई आधार मानी प्रत्येक क्षेत्रमा कम्तीमा एउटा विद्यालय सञ्चालनमा प्राथमिकता दिई त्यस्ता विद्यालयमा (कक्षा ९-१२ का लागि) न्यूनतम आठ शिक्षक नपुगेसम्म शिक्षक अनुदान थप गर्दै लगिने छ।' यस्तो अनुदानप्राप्त स्कूलले स्नातकोत्तर उत्तीर्ण व्यक्तिलाई


शिक्षा विभाग

प्रमोद

मात्र शिक्षक नियुक्त गर्नुपर्ने छ। हाल सामुदायिक उमाविहरूले दुई जना शिक्षक बराबरको अनुदान पाउँदै आएका छन्।

यसैगरी सरकारले दश जोड दुईमा विज्ञान विषय सञ्चालन गर्न चाहनेमध्ये हरेक जिल्लाको एउटा उमाविलाई तीनजना शिक्षकको अनुदान दिने तयारी पनि गरेको छ। तीनवटा शिक्षकको अनुदानका लागि हिमाली, पहाडी र तराई क्षेत्रमा प्रति कक्षा क्रमशः १५, २० र २५

## शिक्षकहरू असन्तुष्ट

**यता,** सरकारले केही उमाविलाई आठ जना शिक्षक दिने तयारी गरे पनि उच्च माध्यमिक शिक्षक एसोसिएसन, नेपाल (हिस्टान)ले गत वर्ष भएको सहमति निःशर्त कार्यान्वयन हुनुपर्ने, सबै सामुदायिक उमाविका हरेक सङ्कायका लागि पाँच जना शिक्षकको दरबन्दी व्यवस्था गरिनुपर्ने, उमाविहरूलाई स्थायी सम्बन्धन दिनुपर्नेलगायतका १० बुँदे माग अघि सारेको छ।

शिक्षा मन्त्रालय र हिस्टानबीच गत वर्ष उमाविहरूलाई साउन २०६६ देखि स्थायी सम्बन्धन दिने, तीनजना पूर्णकालीन शिक्षकको दरबन्दी दिने, उमावि शिक्षक नियुक्तिका लागि छुट्टै आयोग गठन गर्नेलगायतको सहमति भएको थियो। प्रस्तावित माध्यमिक तह (कक्षा ९-१०)का लागि छुट्टै 'क्याडर' शिक्षक तयार गर्ने सरकारी नीतिप्रति हिस्टानले असहमति जनाएको छ। हिस्टानका महासचिव पुष्प न्यौपाने भन्छन्, "कक्षा ११-१२ का लागि छुट्टै दरबन्दीको व्यवस्था हुनुपर्छ।"

जना छात्रछात्रा हुनुपर्ने मापदण्ड तय गरिएको छ। उपत्यकामा भने ३५ विद्यार्थी हुनुपर्ने छ। यसअघि दुई शिक्षकको अनुदान पाइसकेका स्कूलले विज्ञानका लागि थप एक जना शिक्षकको अनुदान पाउने छन्।



उच्च माध्यमिक शिक्षा परिषद्का अनुसार, हाल ४१ जिल्लाका ५६ वटा उमाविमा विज्ञान पढाइ हुन्छ। विज्ञान अध्यापनका लागि थप १८ स्कूलले अनुमति लिएका छन्। शिक्षा विभागका उपनिर्देशक हरिप्रसाद लम्सालले पहिलो चरणमा विज्ञान विषय र त्यसपछि इलाकास्तरको अनुदानलाई प्राथमिकता दिइने जानकारी दिए। उनले भने, "बाँकी स्कूलहरूलाई अर्को योजनाबाट समेटिने छ।"

अहिले दुई हजार ५१२ वटा उमाविले उच्च माध्यमिक शिक्षा परिषद्सँग सम्बन्धन लिएका छन् भने तीमध्ये एक हजार ७७१ वटा सामुदायिक स्कूल छन्।

### कार्यान्वयनका चुनौती

इलाकाको एउटा स्कूललाई मात्र शिक्षक अनुदान बढाउने र बाँकीलाई यथावत् राख्ने सरकारको नयाँ नीतिले केही स्कूललाई बलियो र केहीलाई कमजोर बनाउने देखिन्छ। सामुदायिक उमाविमा कार्यरत शिक्षकले एउटा सङ्कायका लागि कम्तीमा तीन जना शिक्षकको तलब बराबरको अनुदान माग गर्ने गरेका छन्। ललितपुरस्थित, पाटन उमाविका दश जोड दुईका संयोजक ढुण्डीराज भट्टराई भन्छन्, "विद्यार्थी सङ्ख्या हेरेर त्यही अनुपातमा विषयगत शिक्षकको व्यवस्था गरिनुपर्छ। त्यो नभएसम्म सामुदायिक उमाविमा गुणस्तरीय शिक्षा उपलब्ध हुँदैन।"

सरकारी अधिकारीहरू पनि आठ जना शिक्षकबाट प्रस्तावित माध्यमिक तह (कक्षा ९-१२) लाई धान्न कठिन पर्ने तथ्यलाई स्विकार्छन्। विभागका उपनिर्देशक लम्साल भन्छन्, "राम्रो पठनपाठन गराउन एउटा समूहका लागि पाँच जना शिक्षक आवश्यक पर्छन्। तर, सरकार अहिले नै पाँच शिक्षक बराबरको अनुदान दिन सक्ने अवस्थामा छैन।" अनुदान पाउने स्कूलको छनोट क्रममा पनि राजनीतिक विवाद आउने सम्भावना छ। राष्ट्रिय योजना आयोगका सदस्य एवं शिक्षाविद् डा. तीर्थ खनियाँ भन्छन्, "विवाद आउन सक्छ। तर, दश जोड दुई चलाउनका लागि सरकारी अनुदानको मात्रै आस गर्नुभन्दा स्थानीय स्तरमा पनि स्रोत खोज्नु आवश्यक छ।" विज्ञान सङ्कायका लागि प्रस्ताव गरिएको तीनजना शिक्षकको तलब बराबरको अनुदानले नपुग्ने शिक्षकहरूको धारणा छ।

### अर्थको शर्त !

शिक्षा मन्त्रालयले अर्थमन्त्रालयमा सहमतिका लागि पठाएको 'सामुदायिक उमावि अनुदान कार्यान्वयन निर्देशिका २०६६' को केही प्रावधान संशोधन गर्नुपर्ने अडान राखेको छ। निर्देशिकामा राखिएको प्रतिकक्षा विद्यार्थी सङ्ख्यामा पाँच-पाँच जना बढाउनुपर्ने शर्त अर्थ मन्त्रालयको छ। अर्थ मन्त्रालयका उपसचिव निर्मलहरि अधिकारीले भने, "प्रति कक्षा विद्यार्थी कम राख्दा शिक्षक अनुदान बढी दिनुपर्छ। शिक्षक अनुदान बढ्दा व्ययभार स्वतः बढ्छ। त्यसैले विद्यार्थी सङ्ख्या बढाउनुपर्ने शर्त हामीले राखेका हौं।" 📖

**प्रमोद आयाम**

## युनियनले स्कूल सुधार अभियान चलाउने

**नेपाल** शिक्षक युनियनले सार्वजनिक स्कूलको पठनपाठन सुधारका लागि शिक्षकहरू नै बढी अग्रसर हुनुपर्ने ठहर गर्दै शिक्षककै अगुवाईमा 'स्कूल सुधार अभियान' सुरु गर्ने निधो गरेको छ। १२-१४ मङ्सिर २०६६ मा बसेको युनियनको केन्द्रीय समितिको बैठकले पठनपाठन सुधारका लागि उक्त अभियान सञ्चालन गर्ने निर्णय गरेको हो। उक्त अभियानलाई प्रभावकारी तुल्याउन युनियनले 'आफ्नो विद्यालय आफैं सुधारौं' भन्ने नारा तय गरेको छ।

स्कूलमा शिक्षकको नियमितता, बालबालिकालाई स्कूल आउन प्रेरित गर्नेलगायतका कार्यक्रम उक्त अभियानमा समेटिने युनियनका अध्यक्ष कृष्णप्रसाद ढकालले बताए। उनले भने, "यो अभियानलाई परिषद्मा अनुमोदन गराएर हामी स्कूल सुधारमा लाग्छौं।" युनियनको उक्त बैठकले आउँदो २३-२४ फागुन २०६६ मा पोखरामा राष्ट्रिय परिषद्को बैठक गर्ने निर्णय गरेको छ। 📖

## सहमति कार्यान्वयन होस्: संघ

**शिक्षकका** संस्था र सरकारबीच ११ कात्तिक २०६६ मा भएको सहमतिको माओवादी निकट शिक्षक संस्थाहरूले विरोध जनाइरहेको बेला नेपाल शिक्षक संघले सो सहमतिको स्वागत गर्दै तत्काल कार्यान्वयन गर्न सरकारसँग आग्रह गरेको छ।

८ मङ्सिर २०६६ मा संघका महासचिव केशव निरौलाद्वारा जारी विज्ञप्तिमा भनिएको छ- 'लामो अवधि कार्यरत अस्थायी शिक्षकको स्थायित्वको प्रक्रिया, पुराना स्थायी शिक्षकको पदोन्नति, विद्यालय कर्मचारीका मागको उचित सम्बोधन, राहत शिक्षकलाई दरबन्दीसरह सुविधा दिने जस्ता सहमतिको बुँदा सकारात्मक छन्। त्यसैले शिक्षा मन्त्रालयलाई सहमति कार्यान्वयनमा गम्भीर भएर जुट्न आग्रह गरिन्छ।' 📖

# राहत कोटामा अनियमितता लेखा समितिद्वारा छानबिन शुरु

राहत शिक्षक कोटा र प्रति विद्यार्थी इकाइ लागत (पीसीएफ) अनुदान वितरणमा शिक्षा विभाग र जिशिकाले व्यापक अनियमितता गरेका उजुरी परेपछि सार्वजनिक लेखा समितिले त्यसबारे छानबिन अघि बढाएको छ।

शिक्षक, अभिभावक, सभासद् र शिक्षकका संस्थाहरूले शिक्षा मन्त्रालय, विभाग र जिशिकाका कर्मचारीले रकम लिएर राहत शिक्षक कोटा तथा पीसीएफ अनुदान वितरण गरेका दृष्टान्तसहित समितिमा उजुरी दिएको समितिका सभापति रामकृष्ण यादवले बताए। उनले भने, "शिक्षक राहत अनुदान र पीसीएफ अनुदानमा शिक्षा विभाग र जिशिकाका कर्मचारीले भ्रष्टाचार गरेको उजुरी परेको छ, तिनै उजुरीका आधारमा छानबिन थालिएको हो। समितिले शिक्षा मन्त्रालय र शिक्षा विभागका कर्मचारीलाई सोधपुछ गरेको छ, कर्मचारीको जवाफ चित्त नबुझेर १ पुस २०६६ मा शिक्षामन्त्री रामचन्द्र कुशवाहा र शिक्षा सचिव डा. रामस्वरुप सिन्हालाई समितिमा हाजिर हुन पत्राचार गरिएको छ।" सभापति यादवको कथन थियो, "कमिसनको खेल नभई उजुरी परेन। छानबिनपछि दोषी देखिएकाहरूलाई कारबाहीको प्रक्रिया अघि बढाइन्छ।"

लेखा समितिले २२ मङ्सिर २०६६ मा शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपाल र शिक्षा विभागका महानिर्देशक महाश्रम शर्मासँग राहत शिक्षक कोटा र पीसीएफ अनुदान वितरणको मापदण्ड तथा वितरण प्रक्रियासँग सम्बन्धित विभिन्न प्रश्न गरेको थियो। महासचिव नेपाल र

# आन्दोलनमा राहत शिक्षक



जिशिका, काठमाडौं अगाडि २९ मङ्सिरमा धर्ना दिँदै 'राहत' शिक्षकहरू।

शिक्षक र सरकारबीच भएको सहमतिबाट राहत शिक्षकहरूका माग सम्बोधन नभएको भन्दै नेपाल राहत शिक्षक केन्द्रीय सङ्घर्ष समितिले १६ मङ्सिर २०६६ देखि आन्दोलन सुरु गरेको छ। समितिले सम्पूर्ण राहत कोटालाई दरबन्दीमा रूपान्तरण गर्न र उमेरको हद नलाग्ने गरी आन्तरिक प्रतिस्पर्धाको आधारमा स्थायी गरिनुपर्ने माग गरेको छ।

यस क्रममा राहत शिक्षकहरूले १६ मङ्सिरमा सबै जिल्ला शिक्षा कार्यालयमा ज्ञापनपत्र बुझाएका थिए भने १८ र १९ गते कालोपट्टी बाँधेर आ-आफ्नो स्कूलमा पढाएका थिए। उनीहरूले २२ मङ्सिरमा 'चक डाउन' तथा २९ गते जिशिका अगाडि धर्ना दिएका थिए। पहिलो चरणको आन्दोलनबाट आफ्ना मागको सुनुवाई नभए विरोधका थप कार्यक्रम घोषणा गरिने बताइएको छ।

शिक्षा विभागको तथ्याङ्क अनुसार, अहिलेसम्म प्रावि, निमावि र मावि‍मा ३८ हजार २२१ जना राहत शिक्षक कार्यरत छन्। यता, शिक्षा मन्त्रालयले भने राहत शिक्षकलाई दरबन्दीमा परिणत गरेर स्थायी गर्न नसकिने जनाएको छ। मन्त्रालयका सहसचिव जनार्दन नेपालले भने, "राहतलाई दरबन्दी दिएर स्थायी गर्न सकिने अवस्था छैन। शिक्षक-सरकारबीचको वार्तामा जे सहमति भयो, त्यही अनुसार काम हुन्छ।"

शिक्षक-सरकार वार्तामा राहत शिक्षकलाई पनि अर्थ मन्त्रालयसँग समन्वय गरेर दरबन्दीका शिक्षक सरह तलब भत्ता दिने सहमति भएको छ। तर, राहत शिक्षकले भने मङ्सिरको अन्त्यसम्ममा सरकारले चालु आर्थिक वर्षको बजेटमा बढाएको बढ तलब समेत पाएका छैनन्।

महानिर्देशक शर्माले स्कूलको माग अनुसार राहत कोटा र पीसीएफ अनुदान वितरणको अधिकार क्षेत्रीय शिक्षा निर्देशनालयमा रहेको जवाफ दिएका थिए।

पारदर्शिताको अभाव र दलीय भागबण्डा नमिलेका कारण धेरै जिल्लामा राहत कोटा जिशिकामै थन्किएको पाइन्छ। विवाद र झमेलाकै बीच सरकारले चालु आर्थिक वर्षबाट राहत शिक्षक कोटा बन्द गरेको छ। विश्व ब्याङ्कको सहयोगमा विगत तीन वर्षदेखि लागू गरिएको राहत शिक्षक कोटा वितरण पनि दाताकै दबाब र इच्छामा बन्द गरिएको जनाइएको छ। अब राहत शिक्षकको सट्टा सरकारले पीसीएफ अनुदानलाई विस्तार गर्न लागेको छ। आर्थिक वर्ष २०६४/०६५ मा पीसीएफअन्तर्गत प्राविका लागि रु.३५ करोड विनियोजन गरिएको थियो भने २०६५/०६६ मा प्रावि र निमाविका लागि रु.७० करोड छुट्याइएको थियो। यस वर्षका लागि प्रावि, निमावि र माविका लागि सरकारले रु.१ अर्ब विनियोजन गरेको छ। शिक्षा विभागको शैक्षिक व्यवस्थापन महाशाखाका निर्देशक खगराज बरालले निर्देशिका स्वीकृत भएपछि यस वर्षको उक्त अनुदान जिल्लामा पठाइने जानकारी दिए।

पीसीएफ अनुदानअन्तर्गत स्कूलको शिक्षक दरबन्दीको अनुपातमा विद्यार्थी सङ्ख्या बढी भएमा त्यस्ता स्कूलले अनुदान पाउँछन्। सरकारले अहिले स्वीकार गरेको शिक्षक र छात्रछात्राको अनुपातका आधारमा पीसीएफ अनुदान दिने हो भने कम्तीमा रु.१४ अर्ब लाग्ने निर्देशक बरालको अनुमान छ।

लाइसेन्स परीक्षाः

## एउटा सकियो, अर्को माघमा

**शिक्षक** सेवा आयोगले २६ र २७ मङ्सिर २०६६ मा सञ्चालन गरेको अध्यापन अनुमतिपत्र (शिक्षण लाइसेन्स) को परीक्षा देशभरि शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। आयोगका सह-सचिव अशोककुमार अर्यालका अनुसार अध्यापन अनुमतिपत्रका लागि दरखास्त दिएका १ लाख १९ हजार ५२२ जनामध्ये अधिकांशले परीक्षा दिएका छन्। प्रावि, निमावि र मावि तहमा कार्यरत शिक्षकहरूको लाइसेन्स परीक्षा भने आगामी माघ ८, ९ र १० गते हुनेछ।

**लैनचौरस्थित शान्ति विद्यागृहमा उमावि परीक्षा केन्द्रमा डेढ महिने छोराका साथ परीक्षा दिइरहेकी दीपिका तिवारी।**



किरण पाण्डे

## विश्व अनुभव

राजकुमार बराल



# के गर्छन् अरू देशका शिक्षक युनियन ?

**विकसित देशका शिक्षक युनियनहरूले व्यावसायिक विकास र सामाजिक न्यायको पक्षमा आफ्नो भूमिका सशक्त बनाउँदै लगेका छन् भने विकासोन्मुख देशका शिक्षक युनियनहरूमा मूलतः औद्योगिक युनियनकै चरित्र हावी पाइन्छ ।**



रबिन सायमि

सरसर्ती हेर्दा विश्वका शिक्षक युनियनहरू तीन खालको भूमिकामा देखिन्छन् । आफ्नो तलब आदि सुविधाको सवाल उठाउँदा उनीहरू औद्योगिक मजदुरको जस्तो, शैक्षिक सुधार, गुणस्तर र मर्यादाका सवाल उठाउँदा पेशेवरको र समाजप्रति उत्तरदायी हुँदा सामाजिक न्याय- पक्षधरको भूमिकामा भेटिन्छन् । विकसित देशका शिक्षक युनियनहरूले व्यावसायिक विकास र सामाजिक न्यायको पक्षमा आफ्नो भूमिका सशक्त बनाउँदै लगेका छन् भने विकासोन्मुख देशका शिक्षक युनियनहरूमा मूलतः औद्योगिक युनियनकै चरित्र हावी पाइन्छ । यो सन्दर्भमा अमेरिकाका प्रख्यात युनियन नेता स्वर्गीय टोम मोनको विचार मननीय लाग्छ । उनी भन्छन्, "हिजोसम्म शिक्षक युनियनहरू शक्तिका लागि र कर्मचारीतन्त्रलाई तर्साउन केन्द्रित भए पनि अब तिनले विद्यार्थीको सिकाइ राम्रो पार्नेतर्फ पहल गर्नै पर्दछ । यसो गरे मात्र युनियनको विश्वसनीयता बढ्छ र शिक्षकले राम्रो तलब सुविधासमेत पाउन सक्छन् ।"

अमेरिकी अनुसन्धानकर्ता कार्चनर र मिटचेलको कथन अनुसार शिक्षा सुधारको विश्वव्यापी अभियानका कारण शिक्षक युनियनहरूको भूमिका परिवर्तन हुँदै गएको छ । बदलिँदो परिस्थितिमा शिक्षक युनियनहरू राज्यको संरचनाभित्रै पर्न थालेका छन् । परिणामतः युनियन नेताहरू प्रणालीभित्रका खेलाडी (प्लेयर्स इन द सिष्टम) हुँदै गएका छन् ।

अमेरिकाका युनियनकर्मीहरू बब पिटरशन, बब च्यास र लाउरा बोयट्ज शिक्षक युनियनको मुख्य भूमिका विद्यालय सुधार सँग सम्बन्धित हुनुपर्छ भन्छन् । शिक्षक युनियनले विद्यार्थीको सिकाइ वातावरण र शिक्षकको काम गर्ने वातावरणबीचको सम्बन्ध प्रस्ट्याउन सक्नुपर्छ । शिक्षकको तलब सुविधाको कुरा मात्र होइन विद्यार्थीको कार्यभार, तयारी गर्ने समय र शिक्षकको शिक्षण तालिका, पाठ्यक्रम तथा विद्यार्थीको मूल्याङ्कनमा समेत युनियनहरूको उपस्थिति हुनुपर्छ ।

अनुसन्धानकर्ता लाउरा बोयट्ज त विद्यालय–प्रणालीको असफलताका कारण शिक्षकमाथि आक्षेप आउने परिस्थिति विरुद्ध पनि उभिनुपर्ने ठान्छन् । उनको विचारमा युनियनहरूले शिक्षक, विद्यार्थी र समुदायसँगको सम्बन्ध विस्तार गर्न बढी समय दिनुपर्छ । त्यस्तै; युनियनले शिक्षकसँगै स्कूलका सबै कर्मचारीलाई पनि समेट्नुपर्छ । तर, अधिकांश देशका युनियनमा शिक्षकहरूको मात्रै बाहुल्य रहेको पाइन्छ ।

### विकसित देशको अनुभव

ब्रिटिस कोलम्बिया शिक्षक महासंघ (क्यानाडा) मा ४२ हजार शिक्षक आबद्ध छन् । यो युनियनले आफूलाई सामाजिक न्याय, लैङ्गिक समता, जातीय सु-सम्बन्धको विकास तथा डरत्रास– गरिबी–हिंसा आदिको प्रतिरोध गर्ने कार्यमा केन्द्रित गरेको छ । यसले आफ्ना सदस्यहरूलाई व्यक्तिगत, राजनीतिक र शैक्षिक क्रियाकलापहरूमा जातीय तथा रंगीय संवेदनशीलता बुझाउन छुट्टै शैक्षिक कार्यक्रम सञ्चालन गर्ने गरेको छ ।

अन्य कतिपय देशहरूमा युनियनले शिक्षकको मूल्याङ्कनका अतिरिक्त 'अक्षमलाई कक्षाबाट निकाल्नुपर्छ' भन्ने अभियानको नेतृत्व समेत गर्ने गरेको पाइन्छ । शिक्षकको वृत्ति-विकासको

अवसर व्यापक पार्ने, अदक्ष शिक्षक पहिचान गर्ने र तिनलाई पुनः तालिम दिने कार्यलाई त्यस्ता युनियनले उच्च प्राथमिकतामा राख्ने गर्छन् ।

विकसित देशका युनियनहरू विद्यालय-जीवनका सम्पूर्ण पक्षको जिम्मेवार निकायको रूपमा देखिन्छन् । उनीहरूले मासिक तथा साप्ताहिक समाचार पत्रहरू, बुलेटिन, वेबसाइट, 'पोलिसी जर्नल' आदि नियमित रूपमा प्रकाशन गर्ने गरेको पाइन्छ । शैक्षिक अनुसन्धान सँगसँगै युनियनहरूले खराब विद्यार्थीलाई सुधार्ने र तह लगाउने परियोजना चलाउने गरेको पनि भेटिन्छ । युनियनमा आबद्ध शिक्षकका लागि आवश्यक कानुनी तथा आर्थिक सहायता र परामर्श प्रदान गरिन्छ । नवप्रवेशी शिक्षकहरूका लागि अलग्गै अध्ययन सामग्रीहरू प्रकाशन गरिन्छ । त्यस्ता युनियनभित्र विभिन्न क्षेत्र हेर्ने छुट्टाछुट्टै विभाग हुन्छन् । अवकाशप्राप्त शिक्षकहरूको पनि छुट्टै विभाग र प्रकाशन हुन्छ । युनियनहरूले आफ्ना सदस्य शिक्षकहरूलाई लक्षित गरी प्राज्ञिक लेखन सीपसम्बन्धी तालिमहरू सञ्चालन गर्ने गरेको पाइन्छ ।

अमेरिकाका शिक्षक युनियनहरूले शिक्षकहरूलाई जातीय र रंगीय सवालमा प्रशिक्षित गर्ने र अन्य समुदायसँग सामाजिक र पेसागत सम्बन्ध विस्तार गरेर शिक्षण पेसामा जात तथा रंगको प्रतिनिधित्व बढाउन पहल गर्ने गरेका छन् ।

**अमेरिकाका शिक्षक युनियनहरूले शिक्षकहरूलाई जातीय र रंगीय सवालमा प्रशिक्षित गर्ने र अन्य समुदायसँग सामाजिक र पेसागत सम्बन्ध विस्तार गरेर शिक्षण पेसामा जात तथा रंगको प्रतिनिधित्व बढाउन पहल गर्ने गरेका छन् ।**

विकसित देशका युनियनहरू आफ्ना परियोजना सञ्चालन गर्न आवश्यक आर्थिक स्रोत आन्तरिक स्रोतबाटै जुटाउँछन् । सदस्यता शुल्क, स्रोत सङ्कलन अभियान, आन्तरिक प्रकाशनहरूको बेचबिखनलगायत विभिन्न नयाँनयाँ तरिकाबाट आर्थिक सङ्कलन गरिन्छ । कतिपय शिक्षक युनियनका दैनिक तथा साप्ताहिक प्रकाशनहरू समेत छन् ।

## अमेरिकामा स्थानीय युनियन

सन् २००७ मा सुशन मुरे र साथीहरूले तयार गरेको शिक्षा क्षेत्र सुधार प्रतिवेदन अनुसार अमेरिकी शिक्षा प्रणालीमा शिक्षक युनियनहरू अति शक्तिशाली मानिन्छन् । त्यहाँ नयाँ नीति तथा कार्यक्रम लागू गराउन स्थानीय शिक्षक युनियनहरू सक्रिय देखिन्छन् । त्यहाँका दुई प्रमुख युनियनको त शिक्षाका हरेक नीतिमा प्रभाव रहने गरेको छ । त्यहाँ केन्द्रीय युनियनले स्थानीय मुद्दाहरूमा कहिल्यै पनि हस्तक्षेप गर्दैन । अमेरिकाका ४५ वटा राज्यमा विद्यालय बोर्डसँग सामुहिक सौदाबाजी र सम्झौताको काम स्थानीय शिक्षक युनियनहरूले गर्छन् । यस्ता सम्झौता कक्षाकोठाको आकार, विद्यालय समय, पाठ्यपुस्तक छनोट र शिक्षक मूल्याङ्कनसँग सम्बन्धित समेत हुन्छन् । तर, त्यहाँ पनि स्थानीय युनियन नेतृत्व छायाँमै परेको हुन्छ । उनीहरूका कुरा केन्द्रले कमै सुन्छ । निजी विद्यालयहरूको छुट्टै युनियन हुन्छ ।

## भारतको सन्दर्भ

अधिकांश शिक्षकहरू राजनीति र युनियन गतिविधिमा लागेका कारण भारतको शैक्षिक गुणस्तर खस्केको निष्कर्ष विभिन्न अनुसन्धानहरूले निकालेका छन् । भारतका प्रावि तहमा पढ्ने उमेरका पाँचमध्ये एक विद्यार्थी सधैँ विद्यालयभन्दा बाहिर हुन्छन् । शिक्षकहरू विद्यालयमा अनुपस्थित भएर हैरानी छ । लखनऊ विश्वविद्यालयका प्रोफेसर मोहमद मुजामिलले आफ्नो एउटा प्रतिवेदनमा शिक्षकहरू राजनीति र युनियन गतिविधिमा लागेका कारण उत्तरप्रदेशको शैक्षिक गुणस्तर नराम्रोसँग प्रभावित भएको बताएका छन् । उनको प्रतिवेदनअनुसार शिक्षक युनियनलाई युनियन नेताहरूले आफ्नो राजनीतिक हैसियत बनाउन (विशेषगरी विधायक र सांसद् बन्न) उपयोग गर्ने गरेका छन् ।

भारतका धेरै मुख्यमन्त्री र क्याबिनेट मन्त्रीहरू शिक्षक पृष्ठभूमिबाटै गएकाले उनीहरूले शिक्षककै पक्ष लिई युनियन गतिविधिमा लाग्न प्रोत्साहन दिने गर्दछन् । त्यहाँ शिक्षकलाई भोटब्याङ्कको रूपमा लिने गरिन्छ । उक्त प्रतिवेदन अनुसार युनियनमा लागेका शिक्षकहरू अनुत्तरदायी मात्रै हुँदैनन्, तिनले समुदाय र स्थानीय व्यवस्थापकबाट बाँधिनुपर्छ र राजनीति गर्न पाइँदैन भनेर विद्यालय समुदायमा हस्तान्तरण नीतिको विरोध गर्ने गरेका छन् । युनियनमा लागेका शिक्षकहरू शक्तिशाली हुने भएकाले प्रधानाध्यापक वा शिक्षा अधिकारीहरूले पनि उनीहरूलाई केही गर्न सक्दैनन् ।

## धेरै युनियनः खाँचो एजेण्डामा एकताको

अमेरिकी सिनेटर रोबर्ट कास्तेन र ग्रेगोरी फोसेदलले विश्वका २१ देशका शिक्षक युनियनहरूको मुख्य ध्यान केमा छ भनेर गरेको अध्ययनले प्रायः युरोपियन देशमा चारभन्दा बढी युनियनहरू हुने गरेको र ती युनियनहरू विचार, शिक्षण र धार्मिक सोचबाट बढी प्रभावित भएको देखाएको छ । त्यहाँ दर्जनौं क्याथोलिक र प्रोटेस्टेन शिक्षक युनियनहरू छन् ।

सो अध्ययनअनुसार केही देशले शिक्षकहरूलाई राजनीतिक गतिविधि गर्न रोकेका छन् । कोरियामा त शिक्षकहरूले गैरकानुनी युनियन क्रियाकलापमा लागेको आरोपमा जेलसजाय नै भोगेका छन् । एसियाका सिङ्गापुर, ताइवान र कोरियामा शिक्षकहरू राजनीतिमा कम सहभागी छन् । उक्त अध्ययनका अनुसार एकैखाले विचारबाट निर्देशित युनियन भएका देशमा युनियन बढी शक्तिशाली देखिएका छन् भने विभिन्न विचार र आस्थामा रहेका युनियनहरू कम प्रभावकारी हुने गरेका छन् । विकासोन्मुख देशहरू भारत, कोस्टारिका, साइप्रस, थाइल्याण्ड, होन्डुरस, पाकिस्तान, फिलिपिन्स, श्रीलङ्का र बङ्गलादेशमा अलि खुला प्रकारको युनियन संरचना छ । यी देशका शिक्षक युनियनहरू निश्चित एजेण्डामा केन्द्रित छैनन् ।

## युनियनको विश्वव्यापी साझा सङ्कट

कतिपय विश्लेषकहरूको विचारमा; विश्वव्यापी रूपमा बढ्दै गएको नरम साम्राज्यवाद (सफ्ट इम्पेरालिज्म) र बहुराष्ट्रिय कम्पनी तथा अन्तर्राष्ट्रिय दातृ निकायहरूको बहुपक्षीय प्रभावले विकासोन्मुख देशका शिक्षा र शिक्षक युनियनहरू मन्द विषको सिकार हुनपुगेका छन् । विश्वभरि नै शिक्षा एउटा 'वस्तु' बन्न पुगेको छ । कतिपय मध्यम विकसित देशहरूमा पनि बहुराष्ट्रिय

# विश्व अनुभव

कम्पनी र दातृ निकायहरूको हस्तक्षेपको प्रभाव परिरहेको छ । प्रायः सबै देशमा शैक्षिक कर्मचारीको अधिकार र सार्वजनिक शिक्षाको चाहना सङ्कटमा परेका छन् । विद्यालय र समुदायबीचको अन्तराल बढ्दो छ । अमेरिकी शिक्षक युनियनका नेता बब पिटरसनका अनुसार अन्तर्राष्ट्रिय पूँजी र निजीकरणले शिक्षक युनियनलाई ठूलो चुनौती दिएको छ । तसर्थ; उनको विचारमा युनियन 'एक्टिभिष्ट'हरूको आजको जिम्मेवारी भनेको शक्तिवालाहरूलाई सत्य कुरा भन्ने र न्याय तथा लोकतन्त्रका लागि वैकल्पिक दृष्टिकोण दिने हिम्मत गर्नु हो ।

बेलायतको नेशनल युनियन अफ टिचरका पूर्व अध्यक्ष मेरी कोम्प्टोन रि थिङ्किङ स्कूल अनलाइन को भोलुम १८ मा लेख्छिन्- विश्वका गरिबदेखि धनी देशसम्मका शिक्षक युनियनहरू शैक्षिक गुणस्तर सुधार्ने कुरा आफ्नो दायित्वभित्र पर्दैन भन्ने ठान्छन् । त्यस्तै; उनीहरू आफूमा कमी-कमजोरी देख्दैनन् बरु सरकारमा देख्छन् । उनका अनुसार युनियनलाई शिक्षक आफैँले राम्रो बनाउने हो, युनियनहरूले आफ्नो वाचा र धर्मअनुसार काम गर्नुपर्छ ।

आन डुफेट र साथीहरू (२००८) ले तयार गरेको शिक्षा सुधार प्रतिवेदनमा उल्लेख भएअनुसार प्रायः युनियनहरू शिक्षकका कमजोरी र अयोग्यताका बारेमा बोल्ने गर्दैनन् । यस्ता विषयमा कार्यक्रम पनि चलाउँदैनन् । बरु कक्षाबाट बाहिर निकाल्नुपर्ने शिक्षककै प्रतिरक्षा गर्न खोज्छन् । विश्वव्यापी रूपमा युनियनमा आबद्ध बहुसङ्ख्यक शिक्षकहरू आफ्ना सेवासुविधाका सवालमा युनियनप्रति आशा राख्ने तर युनियनलाई योगदान गर्नबाट पछि हट्ने देखिएको छ । अध्ययनहरूले युनियनको विकासले पेसागत दायित्व वा धर्ममा असर नगर्ने देखाए पनि विकासशील देशमा यसको प्रभाव देखापर्ने गरेको छ । त्यस्तै सार्वजनिक विद्यालयका शिक्षकहरू युनियनको परम्परागत कार्यप्रति विश्वास गर्छन् । यो भनेको, शिक्षकको तलब सुविधा तथा पेसागत हकहितको लागि सरकारी पक्षसँग सामूहिक सौदाबाजी गर्ने काम हो । तर विश्वव्यापी रूपमा चाहिँ युनियनले परम्परागत भूमिका छोड्दै गएको देखिन्छ ।

एजुकेशन सेक्टर रिफर्मको 'लिडिङ द लोकल' शीर्षकको प्रतिवेदनमा सुसन मुरे र अरूहरू (२००७) भन्छन् : अबका शिक्षक युनियनको भविष्य नयाँ सदस्यलाई आकर्षित गर्ने र नयाँ नेतृत्व निर्माणमा भरपर्ने देखिन्छ । नयाँ गतिला शिक्षक आकर्षित गर्नुमा पनि युनियनको भविष्य निर्भर छ । तर अध्ययनहरूले नयाँ र क्षमतावान् शिक्षकले युनियनको आवश्यकता नदेख्ने देखाएका छन् । त्यस्तै लामो समय पेसामा नरहने मनस्थिति बोकेकाहरूले पनि युनियनको आवश्यकता देख्ने गर्दैनन् । यस्तो श्रम सम्बन्धको नयाँ संस्कृतिले शिक्षक युनियनको भविष्य जटिल बन्दै गएको छ ।

कोपिच जुलिया (१९९१) ले 'शिक्षक युनियन नेताहरूको परिवर्तित भूमिका' पुस्तकमा नयाँ प्रकारको शिक्षक नेतृत्वमा युनियनप्रतिको प्रतिबद्धता, भविष्य दृष्टि, राजनीतिको गहिरो जानकारी, जोखिम मोल्न सक्ने इच्छाशक्ति र परिवर्तनप्रतिको चाहना समेत पाँच प्रकारका गुणहरू हुनुपर्ने बताएकी छन् । तर, विश्वव्यापी रूपमा शिक्षक युनियनले भोगेको चुनौती भनेको युनियनिज्मको नयाँ दृष्टिकोणमा शिक्षकहरूलाई गोलबन्द गराउनु र त्यस्तो दृष्टिकोण लागू गर्न सक्ने नेतृत्व चुन्ने हो । युनियनको भूमिका र गरिमा बढ्नमा नेतृत्वको महत्त्वपूर्ण योगदान हुने विश्व अनुभवले देखाएको छ ।

शिक्षा र शिक्षकसम्बन्धी विवादास्पद कुराहरूमा युनियनले नेतृत्व गर्नुपर्छ । तर, विकसित देशको तुलनामा विकासोन्मुख देशका युनियनहरूमा स्थानीय नेतृत्व र केन्द्रबीच अविश्वास र द्वन्द्व देखिन्छ । आफ्नो तलब सुविधाबारे नै बढी चिन्ता गर्ने शिक्षकहरू आफ्नो भूमिकाबारे भने आफैं अन्योलग्रस्त भेटिन्छन् । विकासोन्मुख देशमा २० वर्षभन्दा माथिको शिक्षण अनुभव भएका बूढा शिक्षकहरू युनियनमा सक्रिय रहेको एक अध्ययनले देखाएको छ । बूढाहरूको युनियनमा बढी विश्वास हुने र युवाहरूको कम हुन्छ भन्ने उक्त अध्ययनको निष्कर्ष छ । तर, विकसित देशमा युवा युनियनकर्मीको बाहुल्य देखिन्छ ।

नयाँ नेतृत्व र आन्तरिक प्रजातन्त्र पनि विश्वव्यापी रूपमा देखा परेको शिक्षक युनियनको साझा समस्या हो । त्यस्तै; नयाँ सामाजिक परिस्थितिमा युनियनले आफ्नो भूमिका खोज्ने काम पनि साझा चुनौतीको विषय बनेको छ । सार्वजनिक शिक्षाको दह्रो रक्षकका रूपमा शिक्षक युनियनहरू देखिएका छन् । सँगै, उनीहरू इतिहास र वर्तमान पहिचानबीचको चेपुवामा पनि छन् ।

शिक्षक युनियनको भूमिका शिक्षा क्षेत्रमा मात्र सीमित रहँदैन । बरु; शिक्षक, विद्यार्थी, विद्यालय र अन्ततः शिक्षाबाट पर्ने बहुपक्षीय प्रभावले समग्र देशको विकासमा पनि असर पार्दछ । विद्यालय शिक्षाले राष्ट्रिय अर्थतन्त्रलाई कसरी उकास्दो रहेछ भन्ने उदाहरण दक्षिणकोरिया र ताइवानमा हेरे पुग्छ । साइनोट जोन पी (२००२) का अनुसार दक्षिणकोरियाको शिक्षक अभियानले त्यहाँको शिक्षा सुधार्‍यो र सुधारिएको शिक्षाले त्यहाँको अर्थतन्त्रलाई मजबुत बनायो । शिक्षण कार्य कक्षाकोठाको पढाइसँगै 'एक्टिभिज्म' र राजनीति पनि हो । यसैले शिक्षक युनियनहरूले पनि शिक्षण, युनियनिज्म र राजनीति तिनै पक्षलाई समेट्नुपर्छ । युनियनको आन्तरिक संरचनामा रूपान्तरण ल्याउनुपर्छ । लोकतान्त्रिक बहस चलाउनुपर्छ । सामाजिक, आर्थिक, राजनीतिक पाठ्यक्रममार्फत सदस्यहरूलाई सुसूचित बनाउनुपर्छ । तब मात्रै नेपाल जस्ता विकासशील देशका शिक्षक युनियनहरू बदलिँदो परिस्थितिसँग एकाकार हुन सक्षम हुन्छन् । विश्व अनुभव र नेपालको सन्दर्भमा हेर्दा पनि यसका लागि शिक्षक स्वयं नै अघि सर्नुपर्ने देखिन्छ ।


रेडियो सगरमाथा १०२ थोप्लो ४ मेगाहर्ज
नेपाली रेडियो, नेपाली आवाज
लहैलहै र सस्तो लोकप्रियता भन्दा निकै टाढा सत्य, तटस्थ, निष्पक्ष र विश्वसनीय समाचार
सधै १५ मिनेट अगाडि
हालचाल
(सरल, शुद्ध र नेपाली भाषामा)
हरेक दिन
विहानः ८:४५ र ११:४५ दिउँसोः २:४५ र ४:४५, साँझः ६:४५ र ८:४५
बीबीसी नेपाली सेवा
हरेक बेलुका ८:४५-९:१५ सम्म
रेडियो सगरमाथा एफएम १०२ थोप्लो ४ मेगाहर्जमा
102.4
रेडियो सगरमाथा
Radio Sagarmatha


Simara
Janakpur
Tumlingtar
Jomsom
Connecting to
4 New Destinations
Kathmandu - Janakpur - Kathmandu Daily 1 flight
Kathmandu - Simara - Kathmandu Daily 1 flight
Kathmandu - Tumlingtar - Kathmandu Daily 1 flight (Except Sat)
Pokhara - Jomsom - Pokhara Daily 3 flights
Booking tickets made easy
with our hunting line
4464 878
Corporate Office: Tilganga, Kathmandu
Tel. 4465888 Fax 4465115
E-mail reservations@yetiairlines.com
Yeti Airlines
a great flying experience
www.yetiairlines.com

## टिप्पणी

डा. विनयकुमार कुशियैत



# राम्रो स्कूलका पूर्वाधार

**योग्य तथा पेसाप्रति प्रतिबद्ध शिक्षक स्कूलको मुटु हो भने उसले प्रयोग गर्ने बालबालिका सुहाउँदिलो, सहभागितामूलक शिक्षण विधि शिक्षण प्रक्रियाको प्राण हो ।**

प्राचीन शिक्षा प्रणालीमा, कसले कुन गुरुबाट शिक्षा-दीक्षा प्राप्त गरेको हो भन्ने कुराको ठूलो महत्त्व हुन्थ्यो। कसले कस्तो शिक्षा र शैक्षिक संस्कार पाएको छ भन्ने कुराको मापदण्ड नै गुरु र गुरुकुल हुने गर्दथे । रामलाई ईश्वरका अवतारका रूपमा चित्रण गर्ने रामायणले रामका गुरु ऋषि वशिष्ठ तथा विश्वामित्रलाई विशिष्ट महत्त्व दिएको छ । महाभारतमा त आफ्नो नामको अगाडि गुरुको नाम जोडेर आफ्नो योग्यताका बारेमा अरूलाई जानकारी दिइएको पाइन्छ । भीष्मपितामह र कर्ण आफूलाई परशुराम शिष्य भन्नमा गर्व गर्थे भने सर्वोत्तम धनुर्धरमा अर्जुनले आफ्नो नामका अगाडि द्रोण शिष्य थपेर आफूलाई अरु वीर ठान्थे । शिक्षा-दीक्षाको संस्थागत स्वरुप तयार नभइसकेको त्यस समयमा शिक्षाको मुख्य आधार र 'ब्रान्ड' नै गुरुहरू हुने गर्दथे ।



हिजोआज शिक्षाको परिपाटीमा निकै परिवर्तन आएको छ । शिक्षा ज्ञानसित मात्र नभएर रोजगारीसित पनि जोडिँदै गएपछि शिक्षा प्राप्त गर्ने लहर र रहर फैलिन थाल्यो । शिक्षाको अवसरलाई व्यापक बनाउनका लागि एउटा औपचारिक संस्थाको रूपमा स्कूलको स्थापना हुनथाल्यो । यसरी शिक्षा प्राप्त गर्ने थलो र प्रक्रियामा पनि परिवर्तन हुँदैगयो । शिक्षाको विस्तार र प्रचारप्रसारमा स्कूलको भूमिका महत्त्वपूर्ण हुनगयो ।

पहिले पहिलेका शिक्षार्थी आफूले कोबाट शिक्षा हासिल गरेको हो भन्ने कुरामा गर्व गर्थे भने अहिले कहाँ वा कुन स्कूल, कलेज, विश्वविद्यालयमा शिक्षा हासिल गऱ्यो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । आज शिक्षण संस्था हेरेर व्यक्तिको शिक्षाको स्तर र योग्यता निर्क्योल गर्ने नयाँ परम्परा बसेको छ ।

यहाँ प्रश्न उठ्छ- के संसारका सबै वर्ग, समुदायका मानिसहरूले नाम चलेका संस्थाहरूमै शिक्षा प्राप्त गर्ने अवसर पाउन सक्छन् त ? यदि सक्दैनन् भने एउटा स्तरीय न्यूनतम मापदण्ड बनाएर त्यसैका आधारमा गुणस्तरयुक्त स्कूलहरूको स्थापना किन नगर्ने ? यसो गर्न सके पिछडिएको समुदाय, वर्गले पनि गुणस्तरयुक्त स्कूलबाट शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित हुनु पर्दैन ।

हाम्रो सन्दर्भमा समाजका हरेक वर्ग र समुदायका हरेक बालबालिकाको गुणस्तरयुक्त स्कूलबाट शिक्षा हासिल गर्ने नैसर्गिक अधिकारको सम्मान र रक्षा गर्नका लागि एउटा असल स्कूल कस्तो हुनुपर्छ भन्ने कुरामा स्पष्ट हुन जरुरी भइसकेको छ ।

सर्वसाधारणले शिक्षा हासिल गर्ने नेपालका सामुदायिक स्कूलहरूको हकमा न्यूनतम मापदण्डको मुद्दा अझ महत्त्वपूर्ण भएको छ । सर्वप्रथम हाम्रा स्कूलहरूमा समाजका हरेक जातजाति, समुदाय र वर्गको पहुँच हुन सक्छ कि सक्दैन भन्ने अत्यन्त महत्त्वपूर्ण कुरा हो । एकातिर आफूलाई असल कहलिएका संस्थागत स्कूल प्राथमिक तहमा पनि प्रवेश परीक्षा जस्ता विभेदकारी नीतिबाट मुक्त हुनसकेका छैनन् भने अर्कातिर शिक्षामा सबैको समान पहुँचको दृष्टिले सकारात्मक विभेदको सिद्धान्त पनि अवलम्बन गर्न सकेका छैनन् । यो परिप्रेक्ष्यमा स्कूललाई समावेशी स्वभावको बनाउन विशेष पहल गर्नुपर्ने पनि टड्कारो खाँचो देखिन्छ । यदि हाम्रा स्कूलहरू समावेशी स्वभावका हुन सकेनन् भने समाजमा विद्यमान असमानताको खाडल शिक्षाका कारण अझ गहिरिने कुरा निश्चित छ । फराकिलो, पर्याप्त डेस्क-बेञ्च भएको सफासुग्घर कक्षाकोठा, खानेपानी र शौचालयको व्यवस्था अनि विद्यालय कम्पाउण्ड तथा बगैंचा जस्ता भौतिक सुविधा एउटा राम्रो स्कूलका लागि आधारभूत शर्त हुन् । तर त्यति मात्रै पर्याप्त हुँदैन । स्कूलको वातावरण सजीव हुनुपर्छ र त्यसलाई जीवन्त बनाउन शिक्षक, विद्यार्थी, प्रधानाध्यापक तथा समुदायका सदस्यहरू क्रियाशील हुनुपर्छ । योग्य तथा पेसाप्रति प्रतिबद्ध शिक्षक स्कूलको मुटु हो भने उसले प्रयोग गर्ने बालबालिका सुहाउँदो र सहभागितामूलक शिक्षण विधि शिक्षण प्रक्रियाको प्राण हो । यसबाहेक कक्षा-विद्यार्थी अनुपात, विद्यार्थी-शिक्षक अनुपात, अनुशासन, स्कूलको परिवेश, शारीरिक दण्डमुक्त वातावरण, उच्च उत्तीर्ण दर, बहुभाषिक शिक्षण माध्यमको प्रयोग जस्ता कुराबाट पनि स्कूलको सिकाइको वातावरण प्रभावित भइरहेको हुन्छ । खेलकुद, सांस्कृतिक कार्यक्रम जस्ता अतिरिक्त क्रियाकलापले पनि स्कूल वातावरण निर्माण गर्नमा सहयोगी भूमिका खेलिरहेका हुन्छन् ।

स्कूललाई प्रभावकारी बनाउनमा प्रधानाध्यापकको नेतृत्वदायी भूमिका हुन्छ । योग्य प्रधानाध्यापकले आफ्ना शिक्षकहरूलाई समय-समयमा शैक्षिक तथा पेसागत सहयोग गर्न सक्नुपर्दछ । प्रधानाध्यापक स्वयं शिक्षण कार्यमा गतिशील र पेसाप्रति प्रतिबद्ध हुनुपर्छ । विद्यालयको प्रगति सम्बन्धमा प्रस्ट दृष्टिकोण हुनुका साथै समुदायसँग सुमधुर सम्बन्ध स्थापना गर्न सक्नुमा प्रधानाध्यापकको भूमिका महत्त्वपूर्ण रहन्छ ।

एउटा स्कूल राम्रो हुनुमा विद्यार्थी सहयोग प्रणालीको भूमिका पनि महत्त्वपूर्ण मानिन्छ । विद्यार्थी सहयोग प्रणाली भनेको पिछडिएका र कमजोर वर्गका विद्यार्थीहरूका लागि छात्रवृत्ति र अन्य सुविधाको व्यवस्था हो । पढाइमा कमजोर विद्यार्थीका लागि

**एकातिर आफूलाई असल कहलिएका संस्थागत स्कूलहरू प्राथमिक तहमा पनि प्रवेश परीक्षा जस्ता विभेदकारी नीतिबाट मुक्त हुनसकेका छैनन् भने अर्कातिर शिक्षामा सबैको समान पहुँचको दृष्टिले सकारात्मक विभेदको सिद्धान्त पनि अवलम्बन गर्न सकेका छैनन् ।**

गरिने सहयोग; अतिरिक्त क्रियाकलाप, विद्यार्थीको व्यक्तिगत भिन्नताको सम्बोधन, गृहकार्यको नियमितता र परीक्षण गर्ने चलन आदिले एउटा स्कूललाई असल स्कूल बनाउँछ । विद्यालय सहयोग प्रणालीअन्तर्गत विद्यालय सुधार योजना वा स्कूल विकास योजनाको प्रभावकारी कार्यान्वयन र समुदाय तथा शिक्षासँग सम्बन्धित निकायको नियमित सुपरीवेक्षण पनि महत्त्वपूर्ण मानिन्छ । त्यस्तै प्रभावकारी स्कूल अन्तर्गत शिक्षक सहयोग प्रणालीको आवश्यकता टड्कारो रुपमा महशुस गरिएको छ। शिक्षकलाई उत्साहित र उत्प्रेरित बनाउन आवधिक रुपमा विकसित देशहरूमा असल शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने परम्परा छ । तर, यस्तो व्यवस्थाको आधार पारदर्शी र स्पष्ट हुनुपर्छ । राजनीति र अन्य उद्देश्यबाट प्रेरित पुरस्कारको कुनै महत्त्व रहँदैन । यसले उल्टो असल शिक्षकलाई उत्साहित बनाउनुको साटो निरुत्साहित गर्नसक्छ । यसबाहेक समय-समयमा शिक्षकहरूलाई पुनर्ताजगी तालिमको व्यवस्थाले कक्षाकोठाको शैक्षिक वातावरणलाई जीवन्त बनाउन मद्दत पुग्ने कुराको विश्वास गर्न सकिन्छ ।

नेपालको सन्दर्भमा एउटा असल र प्रभावकारी स्कूलका लागि उपर्युक्त कुरा बाहेक नियमित विद्यालय र कक्षा सञ्चालन एउटा आधारभूत शर्त हो । पाठ्यक्रमले निर्दिष्ट गरेको आवश्यक शिक्षण पिरियड नपुग्ने हो भने यी सबै कुराको चर्चा गर्नु व्यर्थ नै हुन्छ। त्यसैले यी सम्पूर्ण कुराहरूको कार्यान्वयन पक्ष भनेको स्कूललाई दूषित राजनीतिको प्रभावबाट मुक्त राख्नु पहिलो शर्त हो।

निचोडमा भन्नुपर्दा; चुस्त र असल व्यवस्थापन प्रभावकारी स्कूलको लागि आधारभूत कुरा हो । विद्यालयको वातावरणमा प्रभाव पार्ने विभिन्न सवाल जस्तै भौतिक संरचना, शिक्षकको सही व्यवस्थापन तथा परिचालन, विद्यालय, शिक्षक र विद्यार्थीको आपसी सहयोग प्रणालीको सफल कार्यान्वयन, विद्यालय परित्यागलाई नियन्त्रण गर्न तथा पिछडिएका समुदायका बालबालिकाको विद्यालयमा पहुँच बढाउनमा विद्यालय व्यवस्थापन समिति र समुदायको महत्त्वपूर्ण भूमिका हुन्छ । अर्थात् एउटा असल स्कूलमा उपर्युक्त गुणहरू अनिवार्य हुन्छन् ।

संस्मरण




# म एक विशुद्ध शिक्षक !

**रमेशहरि शर्मा ढकाल,** जनज्योति उमावि, चन्द्रनिगाहपुर, रौतहट


स्केचहरू: रबिन सायमि

२०५७ सालको कुरो हो। म बेस्सरी बिरामी भएँ। उपचार खोज्दै पोखरा पुगें। महेन्द्र पुलनिर म, मेरी पत्नी र अन्य एकजना उभिएका थियौं। त्यहाँ मेरो कानमा एउटा परिचित आवाज ठोक्कियो र मेरो मुखबाट एक्कासी निस्क्यो, "गुड्डु छा?" (गुड्डु हौ?)। नभन्दै गुड्डु नै मेरो सामुन्ने थिए। उनलाई पोखरामा नितान्त पारिवारिक नामले उनकै मातृभाषामा बोलाउने को होला भन्ने लागेछ। एक-अर्कालाई देखेर हामी दुवै आश्चर्यमा परेका थियौं। उनले गोडा छोएर प्रणाम गरे।

हामीलाई भोलिपल्ट अस्पताल आउन आग्रह गर्दै भने, "कम्तीमा तपाईंको चेलो कहाँ बस्छ, के खान्छ, के पढ्छ भन्ने हेर्न पनि आउनुस् है!" नाइँ भन्ने कुरै थिएन। भोलिपल्ट हामी मणिपाल मेडिकल कलेजमा गयौं। त्यहाँ उनी एमबीबीएस पढ्दै थिए। उनीसँगै उनका दस-बाह्र जना स्वदेशी-विदेशी साथीहरू थिए। उनीहरूको कौतुहल शान्त पार्दै उनले भने, "हि इज माई फेवराइट टिचर।" उनीहरूले पनि नमस्कार गरे। मेरा आँखा भदौको तलाउ झैं टलपल-टलपल भए। सजिलै बोली फुटेन। छाती गर्वले फुल्यो र मैले स्वयंलाई दुनियाँको सबैभन्दा गौरवशाली व्यक्ति ठानें।

उनको नाम हो इन्द्रकुमार झा। अहिले उनी डा. इन्द्रकुमार भइसके। एम.एस. गर्दै छन्। एकपटक उनी चन्द्रनिगाहपुरको प्राथमिक स्वास्थ्य केन्द्रमा इन्चार्ज भएर आएका थिए। मसित भेट हुँदा भने, "सर, तपाईंलाई आवश्यकता परेको बेलामा मलाई फोन गर्नुहोला। तपाईं भएकै ठाउँमा आएर हेर्छु। तपाईंले आफ्नो छोरालाई झैं माया गरेर पढाउनुभयो। मैले त्यति सेवा त गर्न पाउनै पर्छ।" त्यो सुनेर ममा हर्षको सीमा रहेन।

म कहाँ पाल्पामा जन्मेको खस समुदायको पहाडे शिक्षक र उनी कहाँ रौतहटमा जन्मेका मैथिल समुदायका छात्र। म एक पेसेवर शिक्षक र उनी नियमित विद्यार्थी। तर, एक इमानदार शिक्षक भएर नैतिकताभित्र रही विद्यार्थीलाई आफ्नो ठानेर शिक्षण गर्नुको अपूर्व पुरस्कार पाएँ मैले। मलाई लाग्छ, राज्यले दिने सुनको जलप लगाएको चाँदीको तक्मा यस पुरस्कारको कान्छीऔंलामा राख्न लायक पनि छैन।

२०६० सालतिरको कुरो हो। देशमा सङ्कटकाल थियो र ठाउँ-ठाउँमा यात्रुहरूको जाँच हुन्थ्यो। म घर जाँदै थिएँ। लोथरवारिको चेक प्वाइन्टमा सबै यात्रुसँगै पनि म पनि ओर्लें र लागें सामान जँचाउने ठाउँतिर। तर, त्यहाँ नपुग्दै एकजना प्रहरी जवान टाढैबाट 'सर नमस्कार' भन्दै आइपुगे। म अल्मलिएँ। उनले मेरो अलमल शान्त पार्दै भने, "मलाई चिन्नुभएन? म श्यामकिशोर श्रीवास्तव।" उनले मलाई एकातिर बोलाएर भने, "तपाईंको त्यस दिनको थप्पडले मेरो जिन्दगी नै सुधारिदियो। अहिले प्रहरी नायव निरीक्षक (सई) छु।"

मैले उनको अनुहार सम्झें। एकदिन मैले उनलाई कठोर दण्ड दिएको थिएँ। स्कूल पढ्दा नै उनी खाइलाग्दो ज्यानका थिए र म सानो कदको। तर, आफ्नो कद सानै भए पनि उनले गरेको ठूलो गल्तीका कारण उनीमाथि हात उठाउन मलाई कत्ति पनि गाह्रो भएको थिएन। प्राय: मानिसहरू पिट्नेप्रति ईख राख्छन् तर उनी मप्रति कृतज्ञ पो रहेछन्! मैले भनें, "त्यसरी पिट्ने सरलाई पनि सम्झिराख्छन् त?" उनले भने, "त्यही प्रसाद खाएर त म यस्तो भएँ। गुरुले त जुन रूपमा पनि आशीर्वाद दिएको हुँदोरहेछ।" उनले आफ्नो मातृभाषामा मसँग भनेका कुरा यिनै थिए। मैले आफूलाई त्यहाँ उपस्थित सबैको तुलनामा सगरमाथा महसुस गरें। उनले मेरो व्याग उचालेर बससम्म पुऱ्याइदिए। बसका यात्रु हेरेका हेऱ्यै भए।

म उमेरले अहिले स्वर्ण वर्षमा छु र सेवाले रजत वर्षमा। ४२ साल भदौ २ गते एउटा झोला बोकेर रौतहटको सदरमुकाम गौरबाट पौने दुईघण्टा हिँडेर मत्सरी पुगेको थिएँ। मलाई जिशिकाले त्यहाँको संस्कृत माध्यमिक विद्यालयमा संस्कृत व्याकरण शिक्षकको अस्थायी नियुक्तिका लागि सिफारिस गरी पठाएको थियो। भिन्न हावापानी, भिन्न भाषाबोली, भिन्न भेषभूषा र भिन्न परिवेशको मान्छे एकदमै भिन्न समाजमा एक्लै पुगेको थिएँ। त्यतिखेर लागेको थियो कुन अनकन्टारमा आएँ। तर, मत्सरीमा मेरा उन्नाइस वर्ष कसरी बिते! न मैले चाल पाएँ न गाउँलेले!

मैथिल ब्राह्मणहरूको बाहुल्य भएको बस्ती मत्सरीमा म चौबीस वर्षको तन्नेरी

आचार्य (प्रथम श्रेणी)को प्रमाणपत्र लिएर पुगेको थिएँ। पछि त्यहाँको मतदाता मात्र भइनँ ग्रामीण सदस्य नै भएँ। मैथिल ब्राह्मणहरूको परिवारभित्र घरपरिवारका सदस्यबाहेक अन्यको प्रवेश हुँदैन। तर, म जहाँ बसें उनीहरूकै सदस्य भएर बसें। मेरी पत्नी त्यहींकी 'कनियाँ' बुहारी थिइन् र त्यहीं जन्मेका छोराहरू छोरानातिसरह थिए। बूढाहरू आफ्ना नातिहरूसँगै मेरा छोरालाई राखेर एउटै भाँडामा खान्थे/खुवाउँथे। मेरा छोरा कसरी हुर्के मैले थाहा पाइनँ। आज त्यो ठाउँ छोडेको ६ वर्ष हुँदैछ तर त्यो पारिवारिक सम्बन्ध छुटेको छैन।

म मत्सरी पुग्दा त्यहाँ छोरीलाई स्कूल पठाउने चलन भर्खर चल्दै थियो, त्यो पनि गाउँकै बीचमा विद्यालय भएकोले मात्र। पछि त्यो अनुपात बढ्दै गयो। बिस्तारै मैले छात्राहरूलाई पनि सांस्कृतिक कार्यक्रमहरूमा सहभागी गराउन थालें। त्यसको प्रतिफल कतिसम्म भयो भने स्थानीय कट्टर ब्राह्मणका छोरीहरूलाई सदरमुकाम पुऱ्याएर सांस्कृतिक कार्यक्रममा सहभागी गराई मैथिल र नेपाली लोकगीत र लोकनृत्यमा पुरस्कृत गराएर ल्याएँ। आफ्ना छोरीलाई कुनै कार्यक्रममा पठाउनुपर्दा अभिभावकहरू भन्थे, "पाल्पाली सर सँगही जयतन त हम अपना बेटी के पठायब, न त न।" मैले यहाँ कमाएको सबैभन्दा ठूलो पूँजी यस्तै विश्वास थियो।

संस्कृत व्याकरणसँगै नेपाली पनि पढाउथें। त्यसबेला एउटा पाठ थियो 'टाउको'। यो भैरव अर्यालको निबन्ध थियो। त्यहाँ टाउकोको तुलना अरिङ्गालको गोलासँग गरिएको छ। कक्षामा पढाउँदा एकजनाले प्रश्न गरे आफ्नै भाषामा, "सर, अरिङ्गाल केकरा कहई छई?" अब परेन फसाद! म अरिङ्गालको स्थानीय शब्द नजान्ने र उनीहरू अरिङ्गाल नचिन्ने। मलाई के गरुँ के गरुँ भयो। कसरी सम्झाऊँ यसलाई! मलाई ख्वाट्ट एउटा दृश्यको सम्झना भयो र मैले कक्षालाई त्यहीं रोकी एउटा विद्यार्थीलाई लिएर नजिकैको मिठाई पसल छेउ लगें। त्यहाँ सयौं अरिङ्गाल थिए। मैले देखाएर भनें, "यही हो अरिङ्गाल भनेको, तिमीहरू यसलाई के भन्छौ?" उनले उत्तर दिए, 'हाडा'। यसरी त्यस समस्याको समाधान भयो। पछि त दोस्रो भाषाका रूपमा नेपाली पढ्ने मेरा विद्यार्थीले एसएलसीमा

**विद्यार्थीलाई दण्ड दिनै हुँदैन भन्ने कुरामा मेरो आंशिक सहमति मात्र छ। कहिलेकाहीं एक दुई थप्पड हान्छु पनि। यो मेरो कमजोरी रहेछ भने पनि स्वीकार्य छ।**

तीन पटकसम्म जिल्लाकै उच्चतम् अङ्क प्राप्त गरे। स्नेहा झा भन्ने एक छात्राले त +२ को नेपालीकाव्य र कवितामा ७६ अङ्क ल्याइन्। मैले कक्षा एघारमा पढाएका छात्र सञ्जय साह सञ्जय सुदामाका नामले नेपालीमा र बज्जिकामा समेत छन्दोबद्ध कविता लेख्छन्। उनका रचना *गरिमा* र *मधुपर्क* मा समेत प्रकाशित छन्। उनी मलाई आफ्नो साहित्यिक गुरु मान्छन्। मलाई गौरव लाग्छ। यति मात्र होइन; त्यो संस्कृत विद्यालयबाट संस्कृत व्याकरण विषय लिएर पहिलो समूहमा एसएलसी उत्तीर्ण गर्ने एक मात्र छात्र मुसलमान थिए, शेख मुबारक। उनी अहिले शिक्षक छन्।

शिक्षण कार्य कार्यालयको कुर्सीमा बसेर फाइल पल्टाए जस्तो होइन। यसमा हाम्रो हर घण्टी र घण्टीका पैंतालीसै मिनेट परीक्षाका घडी हुन्छन्। एउटा सानो चुकले हाम्रो त्यतिबेलासम्मको देन शून्य हुन सक्छ। र, हामीलाई आदर्श मानेर हाम्रै अनुकरण गर्ने विद्यार्थीको जीवन बर्बाद हुनसक्छ। यो मेरो अनुभवले सिकाएको पाठ हो।

पढाउनु मेरो रहरको पेसा हो। पढाउँदा विद्यार्थीको अनुहारमा सन्तुष्टिको उज्यालो देखेपछि मलाई चरम आनन्द प्राप्त हुन्छ। प्रशासन मेरो रुचिको क्षेत्र कहिल्यै रहेन। मलाई प्रधानाध्यापक बन्ने अवसर पनि प्राप्त भएका हुन्। तर, म शिक्षक हुनुमै आनन्द प्राप्त गर्ने व्यक्ति भएकोले त्यता आकर्षणै बढेन।

हाल म रौतहट जिल्लाकै उत्तरी भेगमा सञ्चालित जनज्योति उमाविमा छु। एकै ठाउँ उभिएर अनि हात बाँधेर पढाउन जान्दिनँ। कक्षाको मनोविज्ञान तथा विद्यार्थीको अनुहार पढेर विधि परिवर्तन गर्छु। प्राय: प्रत्येक विद्यार्थीसम्म पुग्छु र स्पर्श गर्छु। व्याकरण पढाउँदा पनि मेरो कक्षा रमाइलो हुन्छ। कक्षामा चुट्किला, कविता, गीत, गजल, कथा र घटनाहरू सुनाउँछु र सुन्छु। आवश्यक पर्दा अभिनय पनि गरिदिन्छु। म नरिसाउने त होइन तर पहिलेभन्दा संयमित छु। दण्ड र पुरस्कारलाई सँगैसँगै उपयोग गर्छु। धेरै राम्रो गर्ने छात्रलाई मैले कक्षाकोठामै अँगालो मारेको छु भने छात्राको शिरमा स्पर्श गरेर खुसी जाहेर गरी पुरस्कृत गर्ने गरेको छु। विद्यार्थीलाई दण्ड दिनै हुँदैन भन्ने कुरामा मेरो आंशिक सहमति मात्र छ। अलिकति स्नेहपूर्ण र सकारात्मक दण्ड चाहिन्छ भन्ने मान्यता अनुरुप कहिलेकाहीं एक दुई थप्पड हान्छु पनि। यो मेरो कमजोरी रहेछ भने पनि स्वीकार्य छ।

कतिपय अवस्थामा विद्यार्थी मौन भइदिन्छन्। प्रतिक्रिया नै जनाउँदैनन्। त्यस्तो कक्षा मलाई सकसपूर्ण लाग्छ। गर्नै पर्ने प्रश्न पनि उनीहरू गरिदिँदैनन् र साह्रै नजाती लाग्छ। म आफैं भन्छु, "यहाँ तिमीहरूले मसित सोध्नै पर्ने कुरा छ। राम्ररी विचार गर र सोध।" कहिले उनीहरूले कुरो फेला पार्छन् र सोध्छन्। कहिले भने समस्यामा पर्छन्। यस्तो बाधालाई यसरी फुकाउँछु, "हेर त मैले मेरो र तिमीहरूको काम गर्नुपरेको छ। जस्तै नामयोगीमा पनि माथि, मुनि, भित्र, बाहिर र क्रियायोगीमा पनि तिनै। अब तिमीहरूको प्रश्न हुनुपर्छ कि– सर हामीले कसरी छुट्याउने यो नामयोगी हो कि क्रियायोगी हो भनेर?" आदि। यसरी उनीहरू मलाई शिक्षक र सहयोगी पनि ठान्दछन्।

म अध्ययनमा विश्वास गर्छु। पढेर मात्र पढाउन सकिन्छ भन्ने मान्यता अनुसार सकभर नयाँ पुस्तकहरू पढ्छु। केही लेख्छु पनि। यसले विद्यार्थीलाई पनि हौसला दिएको हुन्छ। उनीहरूको पनि साहित्यिक रचनामा रुचि जाग्छ। सञ्जय सुदामा त्यस्तै विद्यार्थी हुन्।

मलाई गर्व छ, म शिक्षक हुँ, विशुद्ध शिक्षक। यो मेरो रुचिको पेसा हो। मैले मनग्गे धन कमाइनँ होला, परिवारलाई सुख-सुविधाका साधन पुऱ्याइनँ होला, छोराहरूका फर्मासी र केही आवश्यक फर्माइस पूरा गर्न सकिनँ होला, बा-आमाका सपनालाई साकार पार्न सकिनँ होला, आफ्ना रहरहरूलाई अधुरै राखें होला- तर मैले सन्तुष्टि कमाएको छु। 'मास्टर' भनेर उपेक्षा गर्नेहरूबाट समेत 'ढकाल सर' भन्ने इज्जत पाएको छु। यही मेरो नरित्तिने धन हो। जबसम्म यस पेसामा छु; यसलाई जोगाइराख्न सकूँ, बस्!

संस्मरण

# मेरो शिक्षण यात्राको श्रीगणेश

सुलोचना मानन्धर

मेरो घर नजिकैको सानो स्कूल 'विद्योदय प्राइमरी स्कूल' स्थापना गर्ने दुईजना शिक्षकहरू गीतादेवी श्रेष्ठ र पूर्णताराबाट म सानैदेखि प्रभावित थिएँ। उहाँहरूबाट मैले अक्षर चिन्नेदेखि स्कूल पढ्नेसम्मका अवसर पनि पाएकी थिएँ। उहाँहरू दुईजनाको योगदानलाई म जीवनभर नै बिर्सन सक्दिनँ। त्यो संवेदनशील उमेरमा म महाकवि देवकोटाको कविताको हरफ 'उद्देश्य के लिनु, उडी छुनु चन्द्र एक' बाट ज्यादै प्रभावित थिएँ र सम्भवत: आफ्ना प्रिय शिक्षकहरूकै प्रेरणाले होला म आफ्ना सबै सपनाहरू पूरा गर्ने एउटै बाटो देख्थेँ 'शिक्षक हुनु'लाई। अहिले लाग्दैछ- असल शिक्षकलाई विद्यार्थीले जीवनभर सम्झने रहेछन्। मैले रोजेको पेसा भनेको साँच्चै नै 'आदर्श पेसा' नै रहेछ।



मलाई याद छ- सहरभित्रको गल्लीका घरका चिसा छिँडी र दलानहरूमा सुकुल ओछ्याएर ती दुई दिदीहरूले स्कूलको रुप दिनुभएको थियो। हामी नजिकका बच्चाहरू सबैजसो त्यहीँ 'छिँडी स्कूल'बाट उत्रेका हौं। हामी सुकुल र गुन्द्रीमा बसेर पढ्थ्यौं। पढाउने तरिका अहिलेभन्दा बिल्कुलै फरक थियो। कहिलेकाहीं पाठ बुझाउन नसक्दा हातमा लठ्ठीले पिट्नु पनि हुन्थ्यो शिक्षकहरूले।

मैले एसएलसी पास गर्ने बेलासम्ममा भने त्यो स्कूलले आफ्नै भवन पनि पाइसकेको थियो। त्यो स्कूल भवन बन्नुभन्दा अगाडि त्यो ठाउँ टोलको 'सार्वजनिक पाइखाना' थियो। त्यसैले त्यो स्कूल बन्दा टोलको निम्ति नै एउटा ठूलो परिवर्तन जस्तो भएको थियो।

मैले नेपाल आदर्श विद्यालयबाट एसएलसी पास गरेको थाहा पाएपछि मेरो पुरानो स्कूल (विद्योदय) बाट मलाई त्यही स्कूलमा पढाउने प्रस्ताव आयो। त्यो कुरालाई मैले एउटा अवसरको रूपमा लिएँ र तुरुन्तै पढाउन थालें।

विद्योदय प्राइमरी स्कूलका शिक्षकहरूमा म सबैभन्दा कान्छी तर ज्यादै फुर्तिली थिएँ। आफूलाई मनपर्ने काम भएकोले ज्यादै नै मन दिएर काम गर्थें। प्राइमरी स्कूलका स-साना बच्चाहरूमा सपना रोप्थें, बच्चाहरूसँगै सपना बुन्थें, उनीहरूसँग खेल्थें पनि। मैले त्यहाँ त्यसरी काम गर्दा स्कूललाई पनि फाइदा थियो- शिक्षकको पूरा पैसा दिनुपर्दैनथ्यो। म अलिकति पैसाले पनि रमाइहाल्थें।

स्कूल भवन नयाँ थियो, स्कूलको व्यवस्थापन पनि नयाँ नै। तर स्कूलका संस्थापक दुई जना आदरणीय दिदीहरूको उपस्थिति भने त्यहाँ थिएन। के-के कारणले हो त्यो पनि मलाई थाहा थिएन। ती 'आदर्श महिला'हरू समाजबाट हराएकोमा मलाई चित्त दु:खेको छ। त्यतिबेलाको समयको निम्ति ती दुई महिला पात्रहरूको सपना होस् या कर्म उदाहरणीय नै थियो।

मैले त्यहाँ पढाउँदा पढाउँदै नेपालमा 'नयाँ शिक्षा योजना' आयो। सहरभित्रको स्कूलमा नयाँ दरबन्दीहरू थपिए। औपचारिक शिक्षकहरू बढेपछि भने म त्यो स्कूलमा नअट्ने भएँ। मसँग केही अनुभव पनि भइसकेको थियो र पढाउने जाँगर र रहर पनि बढिसकेको थियो। त्यसैले मैले कुनै एउटा अर्को स्कूल खोज्नुपर्ने जरुरी भयो। यो क्षणमा मलाई लाग्यो, "सहरमा स्कूलहरू छन्, शिक्षकहरू पनि प्रशस्त छन्, त्यस्तो ठाउँमा जाऊँ, जहाँ शिक्षकहरूको अत्यन्तै खाँचो छ...।"

त्यसैले मैले त्यस्तो स्कूल खोज्न थालें, जहाँ मेरो आवश्यकता रहोस्। यस्तैबेला जिल्ला शिक्षा कार्यालयका एकजना प्रतिनिधिले मलाई एउटा स्कूल हेर्न जाने सल्लाह दिए, "नजिकै एउटा स्कूल छ, स्कूलको नाम छ तर भवन छैन। दरबन्दी छ, तर शिक्षक जानै मान्दैनन्। गइहाले पनि लामो समय टिक्नै सक्दैनन्।"

स्कूल त साँच्चै नै सहरभित्रै रहेछ- बसन्तपुरबाट हिँड्दा १५ मिनेटमा पुग्ने लगन, सबल बहाल, पोडे टोल। एउटा सानो चारपाते फलैंचामा सुकुल ओछ्याएको थियो- सुकुलमा खुकुलोसँग अट्नेजति केटाकेटी थिए। बच्चाहरूका अगाडि एक्लो मेचमा एकजना पाका, चस्मा लगाएका 'शिक्षक' हातमा लठ्ठी बोकेर उपरखुट्टी लगाएर बसेको देखें। फलैंचामाथि टिनको पुरानो एउटा साइनबोर्ड पनि झुण्ड्याइएको थियो-

'आजाद प्राइमरी स्कूल'। म ढुक्कसँग त्यो स्कूलको नजिक पुगेँ।

आजभन्दा तीन दशक अगाडिको कुरा- म एउटी दुब्ली, पातली 'शिक्षक' भन्न नसुहाउने एक केटी थिएँ। म त्यो स्कूल छेउमा गएर उभिनासाथ सबै बच्चाहरूको आँखा मैमाथि परे र सबैको पढ्ने र पढाउने काम रोकियो।

"आजाद प्राइमरी स्कूल भनेको यही हो?" मैले ती पाका व्यक्तिसँग सोधेँ।

"हो। किन?" प्रश्न फर्क्यो।

"म यही स्कूल खोज्दै आएको, यहाँ शिक्षकको खाँचो छ रे भन्ने कुरा सुनेर...।"

"कसले भनेको? म छँदैछु नि!" ती पाको व्यक्तिले झन् अचम्म मान्दै जवाफ दिए।

"...अनि अरू विद्यार्थी खै त? प्राइमरी स्कूल होइन यो?"

"यिनै त हुन् विद्यार्थी। यहाँ पढ्ने भनेको यत्ति त हुन् नि!"

"एउटै कक्षाका हुन् त यी सबै?" हेर्दा त्यहाँ बढी भए १३/१४ जना थिए तर विभिन्न उमेरका।

"सबै कक्षाका छन्।"

यति सानो ठाउँमा, एकै ठाउँमा सबै कक्षाका विद्यार्थी? मलाई झन् अचम्म लाग्यो। मैले सानो स्कूलमा पढेको भए पनि कक्षाहरू त छुट्टिन्थ्यो। बरु धेरै घरहरूमा कक्षा लिन जानुपर्थ्यो शिक्षकहरूलाई। एउटा कक्षा एउटा घरको दलानमा भए अर्को कक्षा अर्को घरको छिँडीमा हुन्थ्यो। एकदेखि ७ कक्षासम्म त्यसरी नै विभिन्न घरको दलान र छिँडीमा बसेर नै पढेकी छु। तर, त्यहाँ त अझ अचम्मलाग्दो स्थिति भेट्टाएँ।

एकैछिन उभिएर हेडमास्टरसँग कुरा गरुञ्जेलसम्म त त्यो सबै कक्षा (१ देखि ५ सम्म) का विद्यार्थीले फलैंचाबाट ओर्लेर पनि हल्ला गर्न भ्याइसके। एकछिनमा त त्यो एउटा सानो प्रदर्शनी स्थलजस्तो टोलभरिका केटाकेटीहरू जम्मा भएर मलाई हेर्न थाले। हेर्न थालेसम्म त ठीक थियो। एकछिनमा त घेर्न पनि थाले। स्कूलमा नपढ्ने बच्चाहरूसमेत धेरै जना जम्मा भए। अबोध बच्चाहरू, विभिन्न उमेरका स्कूल नपढी खेलेर बसेकाहरू, नाङ्गा खुट्टा, मैला कपडा, नाकमा सिँगानका पाप्रा... हेरिसक्नु थिएन।

"किन आउनुभएको यहाँ तपाईं?" स्वरले छक्क पर्दै सोध्नुभयो, "ए तपाईं त फेरि आउनुभएछ!"

मैले भनें, "मैले यहाँको निम्ति नियुक्ति पाएकी छु। आजदेखि काम गर्छु भनेर आएको।"

"हो र?" झन् तर्सिनुभयो उहाँ त!

त्यतिबेला उहाँ तर्सनुको दुइटा कारण हुनसक्थ्यो- पहिलो कुरा, एकैजना शिक्षक भएको त्यो सानो स्कूलमा आफ्नै खालको सरलता र स्वतन्त्रता थियो। तर नयाँ शिक्षकको उपस्थितिले उहाँलाई असुरक्षाबोध भएको हुन सक्छ। अर्को कुरा- उहाँकै छोरीको उमेरकी केटीले त्यहाँ पढाउन सक्छे भन्ने कुरामा एकथोपा पनि विश्वास नभएको हुनसक्छ।

तर मैले भने दोस्रो दिनदेखि नै पढाउन शुरु गरिहालेँ। पछि थाहा पाएँ- अर्को एकजना शिक्षकको दरबन्दी पनि मिल्दैछ रे! "आजाद प्राइमरी स्कूल पनि नयाँ शिक्षा अन्तर्गतकै एउटा प्राइमरी स्कूल बन्दैछ रे! तर, स्कूलको घर भने थिएन, स्कूलको नाममा त्यही एउटा फलैंचा थियो। एउटा थोत्रो साइनबोर्ड, हेडमास्टर बस्ने एउटा पुरानो कुर्सी, अनि एउटा ब्ल्याकबोर्ड र बाँकी दुइटा सुकुल थिए, बस्!

कहाँ बसेर पढाउने? पहिलो प्रश्नको समाधान त गर्नै पऱ्यो। पाटीमुनि कुचो लगाउने काम भयो। नजिकै स्थानीय किसानका कुल देवताको एउटा सानो मन्दिर जस्तो थियो। वास्तवमा त्यो पाटी पनि तिनै किसानहरू देवाली आउँदा ओत लाग्न भनी बनाएका रहेछन्। स्कूलको सम्पत्ति थिएन त्यो।

अहिले सम्झँदा अचम्म लाग्छ– त्यतिबेला खुल्ला चोकमा बसेर पढाइरहँदा मलाई कुनै लाज वा सङ्कोच थिएन। स्कूलमा पढ्ने भन्दा हेर्नेको सङ्ख्या ज्यादा हुन्थ्यो। भोलिपल्ट, म त्यसरी पढाउँछु नै भनेर तम्सिएपछि हेडमास्टर पनि मप्रति बढी सकारात्मक हुन थाल्नुभो। एउटै ठाउँमा सबै बच्चा खाँदेर पढाइरहेकोमा अब कक्षा छुट्याऔँ भन्दा हुन्छ भन्नुभयो। अनि अर्को प्रस्ताव पनि राख्ने आँट आयो मलाई। मैले भनेँ- घरघरमा जाऔँ र बच्चाहरूलाई स्कूलमा पढ्न आऊ भनौँ। यो प्रस्ताव पनि हेडसरले मान्नुभयो। दिउँसो छुट्टी भएपछि हामी दुईजना त्यही पोडे बस्तीभित्र पस्यौँ र देख्यौँ कहिल्यै सपनामा पनि नदेखेको एउटा अनौठो दुनियाँ! स्कूलमा बच्चा पढाइरहेकी एउटी

**असल शिक्षकलाई विद्यार्थीले जीवनभर सम्झने रहेछन्। मैले रोजेको पेसा भनेको साँच्चै नै 'आदर्श पेसा' नै रहेछ।**

अलि झर्को मानेर प्रश्न गर्न थाले हेडसरले।

मैले भनेँ, "पढाउन मन लागेर आएकी हुँ।"

हा...हा...हा... गरेर हाँस्दै हेडसरले मप्रति अविश्वास र अस्वागत प्रकट गरे। "यहाँ त के पढाएर खानुहुन्छ नि नानी तपाईंले! म त बूढो मान्छे भएकोले, यहाँको बानी थाहा पाइसकेको मान्छे भएर पो टिकेर बसेको! खोई कति आए, आउँछ, जान्छ..., पढाउन त कसैले सकेन। तपाईंले त झन्...।" फेरि हाँस्न थाले।

कति बच्चाहरूसँग मेरा आँखा जुधे, कोही कोही फिस्स हाँसे पनि अनौठो मान्दै। मेरो आँखा भने घुम्दै गए वरिपरि..., कुनै एउटा अनौठो संसारमा आइपुगेको महसुस भयो। मनमनै एउटा चुनौतीपूर्ण प्रश्न जन्म्यो, "मैले काम गर्न खोजेको ठाउँ भनेको यस्तै हो त?"

त्यसदिन त्यस्तै केही प्रश्नोत्तर गरेर त्यो ठाउँबाट म घर फर्किएँ। तर मैले बेलुकी खाना खान पनि सकिनँ र राति निदाउन पनि। मेरा आँखाभरि, दिमागभरि त्यही दृश्य, त्यहाँ मलाई वरिपरिबाट घेरेर हेर्ने, त्यही सानो फलैंचाका बच्चाहरू र अरू उमेर पुगेर पनि स्कूल नपढेका बच्चाहरू घुमिरहे। मेरो मनमा फेरि पनि त्यही चुनौतीपूर्ण प्रश्नले सताइरह्यो, "मैले खोजेको स्कूल भनेको त्यस्तै नै थियो त?"

मलाई निर्णय गर्न ज्यादै मुस्किल भयो। सल्लाह गर्नलाई साथमा पनि कोही थिएन। न गुरु, न अभिभावक, न साथी। आफ्नै विवेकलाई साक्षी राखेर निर्णय गर्नु थियो। कसैको आग्रह पनि थिएन, न त करकाप नै थियो। रातभरिको अनिँदोमा एक्लै बसेर मैले निधो गरेँ- मैले जानुपर्ने ठाउँ, पढाउनुपर्ने स्कूल भनेको आखिर त्यही नै हो भनेर...।

भोलिपल्ट बिहानको खाना खाइसकेपछि म सरासर त्यही स्कूल पुगेँ। मेरो उपस्थितिले बिचरा पाको हेडमास्टर त नर्भस नै हुनुभयो। अलिकति अक्मकाएको

महिलाले हामी बाहिरियाहरूलाई करिब-करिब हप्काए झैं नै कराउन थालिन्- एइ मैयाँ सा'बहरू ! हाम्रो ठाउँ यस्तै छ। फर्क यहाँ पस्नुपर्दैन...! गाली सुनेपछि के गरुँ के गरुँ भएकी मलाई उनै हेडसरले विस्तारै भन्नुभो- "यहाँ यस्तै हो मिस। जाऊँ अगाडि। त्यहाँ त्यसरी एक फन्को घुम्दा हामीले घर-घरका बच्चाहरू सबै स्कूलमा पठाइदिन अनुरोध गर्दै गयौं।

अर्को दिन त एकैचोटि साँच्चै नै धेरै नै बच्चाहरू जम्मा भए। म उत्साहित भएँ। अनि थाहै नपाई चार वर्ष बिताएछु त्यो बस्तीका बच्चाहरूलाई पढाएर। त्यसै क्रममा थाहै नपाई वाम राजनीतिमा लागिसकेछु। कुन पार्टी भन्ने पनि थाहा थिएन। खाली एउटा कम्युनिष्ट पार्टी हो भन्नेसम्म बुझेकी थिएँ। पछि थाहा

गाली सुनेपछि के गरुँ के गरुँ भएकी मलाई उनै हेडसरले विस्तारै भन्नुभो- "यहाँ यस्तै हो मिस। जाऊँ अगाडि। त्यहाँ त्यसरी एक फन्को घुम्दा हामीले घर-घरका बच्चाहरू सबै स्कूलमा पठाइदिन अनुरोध गर्दै गयौं।

भो 'श्याम प्रसादजीले नेतृत्व गर्नुभएको अति गोप्यतावादी भनिने कम्युनिष्ट समूह रहेछ त्यो।

म जस्तै किशोरावस्थाबाट युवावस्थामा प्रवेश गर्दै गरेका मेरा अरू केही साथीहरू पनि थिए। 'बुर्जुवा शिक्षा बहिष्कार गर्नुपर्छ' भन्ने हावाको हामी पनि सिकार भयौं र ती साथीहरूले जस्तै मैले पनि पढाइ छोडें। तर, दलितहरूको त्यो विशिष्ट स्कूलमा भने भएभरका बच्चाहरूलाई तनमनका साथ पढाइ रहें, सम्पूर्ण शक्ति लगाएर प्रेमपूर्वक पढाइरहें। स्कूल नआउने तिनका दाइ, दिदीहरूलाई पनि घरै गएर पढाइरहें। घरहरूमा जाने रुटिन नै बन्यो मेरो। अहिले अचम्म लाग्छ– त्यो बेला त्यस्तो जोश, जाँगर, आँट र करुणाभाव ममा कहाँबाट आयो होला !

त्यो दलित बस्तीका बच्चाहरू मात्र होइन, वरिपरिका किसानका बच्चाहरू पनि विस्तारै थपिन थाले। तीमध्ये, पोलियोले खुट्टा लुलो बनाएकी घरबाट कहिल्यै टाढा

# खैनी खान छाडें

**बिन्दुप्रसाद दाहाल,** जनता मावि, चुलाचुली, इलाम




म २०४६ साल पुसमा बी.ए. अध्ययन गर्न विराटनगर पुगें। लगत्तै सुरु भएको जनआन्दोलनका कारण स्कूल/कलेजहरू एकपछि अर्को गर्दै बन्द हुँदै गए। मसित विराटनगर छोडेर आफ्नै घर मधुमल्लातर्फ फर्कनुको विकल्प थिएन। घर फर्कने बित्तिकै श्री मनोहर जनता माध्यमिक विद्यालयको निमावि दरबन्दीमा जागिर खाने प्रस्ताव पाएँ।

तर, त्यहाँ पढाउन थालेको केही दिनमै अन्य प्रतिस्पर्धीसहित पुन: परीक्षा दिनुपर्छ भनियो। मा.वि.नि. सहितको उपस्थितिमा हाम्रो मौखिक परीक्षा लिने कुरा गरियो। पहिले जागिर दिएर पछि प्रतिस्पर्धा गराउने कुरा चित्त बुझेको थिएन। तर पनि परीक्षामा सामेल हुनै पर्ने चुनौती मेरा सामु थियो। मलाई 'माविमा स्ववियु खोसिएको ठीक छ कि छैन ?' 'बालिग मताधिकार र पञ्चायती व्यवस्था एकै ठाउँमा बाँच्दैन भन्छन् नि; तपाईंको धारणा के छ ?' भनी नितान्त राजनीतिक प्रश्नहरू सोधिए। र, अन्त्यमा किनारा लगाइयो।

यो घटनापछि मैले शिक्षक भएरै छोड्ने अठोट गरें। ती अन्यायीहरूको सेखी झार्न पनि मैले जागिर खानै पर्दथ्यो। शिक्षक बन्न म इलामको साकफारातिर हान्निएँ।

साकफाराको श्री मिक्लाचोङ निमाविमा तीनवटा दरबन्दी खाली भएको सुनेर म त्यहाँ पुगेको थिएँ। तर कहिले प्रअसँग भेट नहुने, कहिले व्यवस्थापन समितिको अध्यक्षसँग भेट नहुने जस्ता परिवन्दले मलाई दुईचोटिसम्म निराश बनाएर घरतिर फर्कायो। तेस्रोपल्ट जाँदा भने विद्यालयको सञ्चालक समितिबाट सहमति प्राप्त भयो। सहमतिपत्र बोकेर निमावि तहको दरबन्दीमा अस्थायी

ननिस्केकी एउटी केटीलाई पनि सम्झन्छु म। ज्यादै असल विद्यार्थी भइन् ती। विस्तारै विद्यार्थीहरूले झन्झन् बढी माया गर्न थाले। मेरो साहस पनि झन्झन् बढ्दै जान थाल्यो। तर, बाहिरबाट मलाई साथ दिने धेरै थिएनन्। बरु एकजना शुभचिन्तक साथीले माया गर्दै भनेको सम्झन्छु, "सुलो! तिमी एक्लैले समाज परिवर्तन गर्छु भनेर सम्भव हुन्छ र! बेकारमा दुःख मात्रै पाइरहिछ्यौ।" धेरै नभए पनि एउटा सानो स्कूल भवनसम्म मात्र बनाएर छोड्न पाए पनि हुन्थ्यो भन्ने ठूलो चाहना थियो। तर, म जस्ती एक्ली केटीको प्रयासले मात्र त्यतिखेर त्यो सम्भव हुने छाँट थिएन। बरु म आफैं नै त्यहाँबाट ननिस्की नहुने स्थिति आयो। आफ्नै व्यक्तिगत कारणले गर्दा।

**मैले त्यहाँ त्यसरी काम गर्दा स्कूललाई पनि फाइदा थियो– शिक्षकको पूरा पैसा दिनुपर्दैनथ्यो। म अलिकति पैसाले पनि रमाइहाल्थें।**

तर, निकैपछिसम्म पनि म त्यो ठाउँलाई सपनामा देख्ने गर्थें।

अहिले पछाडि फर्केर हेर्दा त्यो स्कूल मेरो आफ्नै निम्ति भने एउटा विश्वविद्यालय नै भए जस्तो लाग्छ– एउटा महत्त्वपूर्ण ठूलो विश्व विद्यालय! अनुभव, सामाजिक समस्याहरू र राजनीतिक गतिविधिका कारण म ती चार वर्षहरूमा निकै छिटो परिपक्व भएँ जस्तो लाग्छ। त्यो परिपक्वताले मलाई मेरो जीवनको महत्त्वपूर्ण मोडमा ठूलो निर्णय गर्न पनि सघायो।

कहिलेकाहीं गर्व पनि लाग्छ, समाज परिवर्तनका निम्ति त्यसरी खटेर काम गरें। त्यतिखेरका मेरा ती 'दलित' विद्यार्थीहरू कोही राजनीतिमा साना नेता नै भइसके, कोही ब्याङ्कमा काम गर्छन्, कोही होटलमा कूक छन्, ती सब इज्जतका साथ बाँचिरहेका छन्।

त्यतिबेलाको मेरो अन्तर्मनले भने जस्तो बत्ती बाल्न सकें त मैले? जीवनमा सफलता हासिल गरिरहेका मेरा पुराना विद्यार्थीलाई देख्दा लाग्छ– सानो बत्ती त बालें कि! एउटा कुरा भने ढुक्कसँग भन्न सक्छु– आफ्नो किशोरावस्थालाई त्यो बस्तीमा बिताएर खेरचाहिँ फालिनछु।

**आफूले पढाएका विद्यार्थीहरूको प्रगतिका कुरा सुन्न आतुर रहन्छु। बाटामा, अफिस कोठामा जहाँ पनि नबुझेका कुराहरू सोध्न म विद्यार्थीहरूलाई आग्रह गर्दछु।**

नियुक्तिका लागि सदरमुकाम इलाम बजारको बाटो लागें।

इलाम पुगेको भोलिपल्ट म शिक्षा कार्यालय गएँ। त्यतिखेर जिशिअ शारदाप्रसाद दाहाल कार्यालयमा हुनुहुँदो रहेनछ। सहायक जिशिअ पशुपति आचार्यसँग मैले जागिरका लागि बिन्ती बिसाएँ। तर, उहाँले त "साकफारा मधुमल्लाका मान्छेलाई जागिर खान राणाहरूले दिएको बिर्ता हो?" भनी मेरो सातो पो टक्टक्याउनुभयो। जागिरको सिलसिलामा हाकिमको छेउमा कहिल्यै नपरेको मान्छे पहिलोपल्टै गतिलो झपाट्याइँ खाए पनि मैले आफ्ना कुरा अदव साथ राखेर उहाँकै अगाडि उभिरहें। उहाँले "तपाईं ठिङ्गेपुरबाट आउनुभएको हो? जानुस् भन्दा पनि उभिरहने!" भनी दोस्रोपल्ट हकार्नुभयो। त्यहाँबाट निराशा र दिग्दारीका कुण्ठा बोकेर फर्कें। जागिर खाने सबै आशाहरू निराशामा परिणत भइसकेका थिए।

म एकदमै हतोत्साही भएँ। एकातिर पकेटमा भएको सय रुपैयाँ खोटिँदै थियो भने अर्कातिर रित्तोहात घर जाने कि फेरि विद्यालय नै जाने भन्ने द्विविधामा परें। यत्तिकैमा, इलाममा जागिर खाने मेरा ईश्वरी अधिकारीको सम्झना आयो। उहाँलाई सहायक जिशिअ पशुपति आचार्यलाई भनसुन गरिदिन आग्रह गरें। नभन्दै उहाँले भनिदिएपछि पशुपतिजीको 'हृदय परिवर्तन' भएछ! "तपाईंका भाञ्जा मेरा पनि भाञ्जै त हुन्, तपाईं जानुहोस् म उहाँलाई नियुक्ति दिन्छु भनेर मामालाई पठाइदिएछन्।

नभन्दै मलाई निमावि चतुर्थ श्रेणीको नियुक्ति पत्र थमाइदिए। म खुसीले दङ्दास भएँ। त्यो नियुक्ति पत्र मेरा लागि लाखौं रुपैयाँभन्दा पनि ठूलो लाग्यो। हिँड्दा पनि बाटैमा हरायो कि, खस्यो कि भनेर बारम्बार छामिरहन्थें। २०४६ साल जेठ २ गते श्री मिक्लाजोङ निमाविमा पुगेर प्रअलाई पत्र बुझाएपछि म ढुक्क भएँ, आफूलाई पक्का जागिरे भएको महसुस गरें।

२० वर्ष लामो शिक्षण पेसामा समर्पित रहँदा विद्यार्थीहरूलाई मैले आफ्नै छोराछोरीसरह व्यवहार गर्दै आएको छु। मेरो अध्यापन कार्यलाई अरूले प्रशंसै गर्छन् भन्ने लाग्दै आएको छ। विद्यार्थीहरूको मनोबल उकास्न अनेक प्रयास गर्ने गर्छु। पढाउँदा-पढाउँदा दिक्क भए होलान् भनेर कहिलेकाहीं हाजिरीजवाफ, वादविवाद, गाउँखाने कथा तथा अन्य क्रियाकलापहरू गर्ने गर्छु। आफूले पढाएका विद्यार्थीहरूको प्रगतिका कुरा सुन्न आतुर रहन्छु। बाटामा, अफिस कोठामा जहाँ पनि नबुझेका कुराहरू सोध्न म विद्यार्थीहरूलाई आग्रह गर्दछु।

एउटा शिक्षकको नाताले मैले बुझेको मुख्य कुरा; शिक्षक जहिले पनि अनुशासित, मर्यादित र कर्तव्यपरायण रहनुपर्छ। नियम कानुनको मर्यादालाई आफूले पालना गरेर अरूलाई अर्थात् विद्यार्थीलाई पालना गर्न प्रोत्साहित गर्नुपर्छ। कुनैबेला म धूम्रपान र सुर्तीको अम्मली थिएँ। त्यहीताका मलाई कक्षा सातमा स्वास्थ्य पढाउने जिम्मा आइपर्‍यो। कक्षामा धूम्रपान र यसका असरहरूबारे पढाउनुपर्थ्यो। आफैं चुरोट, खैनी खाने मैले त्यो पाठ कसरी पढाउनु? आफैंलाई लाज लाग्यो। तर, पढाउनु त पर्थ्यो नै। परिणामतः पहिला सुर्ती-खैनी छोड्ने अठोट गरेर सात कक्षालाई स्वास्थ्य पढाउन थालें। यो कुरा सम्झँदा मलाई आज पनि गर्व र सन्तोष लाग्छ। त्यसैले मैले लामो समयदेखि अम्मलको रूपमा प्रयोग गर्दै आएको खैनीलाई त्यसै दिनदेखि छोडिदिएँ।

प्रस्तुतिः **चेतन अधिकारी**

संस्मरण

# विद्यार्थी, बाख्रा र विद्यालय

भीमप्रसाद पौडेल, नाटेश्वर, मावि चित्लाङ, मकवानपुर



म ताप्लेजुङको चाँगे, सोबुवाको साधारण कृषक परिवारको व्यक्ति हुँ। मैले शिक्षक बन्ने मुख्य प्रेरणा आफ्नै बुबा स्व. लक्ष्मीप्रसाद पौडेल र आमा चन्द्रावती पौडेलबाट पाएको हुँ। उहाँहरूले आफू निरक्षर भए पनि विद्यालय खोल्न जग्गा प्रदान गर्नुभएको थियो। बाहिरबाट आएका शिक्षकहरूलाई आफ्नो घरमा राखेर वरपरका बालबालिकालाई समेत पढ्न प्रेरित गर्नुहुन्थ्यो। पढ्न लेख्न नजानेकै कारण आफूले धेरै हण्डर खानुपरेकाले उहाँमा शिक्षाप्रतिको प्रेम जागृत भएको हुनुपर्छ। आफ्ना छोराछोरीलाई शिक्षित बनाएर गाउँको विद्यालयमा शिक्षक बनाउने सपना देख्नुको मुख्य कारण पनि त्यही थियो।

छोरालाई शिक्षक बनाउने बुबाको अभिलासालाई मैले नै पूरा गर्नुपर्छ भनेर आई.ए. पास गरिसकेपछि ताप्लेजुङकै बुद्ध प्रावि गोर्जामा स्थानीय

# तालिमको देन भुल्न सक्दिनँ

चुडामणि चौधरी, शिक्षक, दुर्गा जनज्योति प्रावि, नेउलापुर-२, पेरहनी, बर्दिया

म भर्खर आई.ए. दोस्रो वर्षको परीक्षा सिध्याएर बसेको थिएँ। अब कहाँ जाने, कोसँग सहयोग मागेर कस्तो काम गर्ने आदि आदि सोचिरहन्थेँ। परीक्षाफल नआउञ्जेलसम्म केही रुपैयाँ पैसाको जोहो गर्न पाए अगाडि पढ्न सजिलो हुनेथियो। गरिब परिवारमा जन्मेर अरूलाई काम सघाएर यतिसम्म पढियो भने अगाडि पढ्न कसो नसकिएला भन्ने जस्ता कुराहरू मनमा आइरहन्थे।

हाम्रो घरमा हामीले पहिल्यैदेखि नै 'दाइ' सम्बोधन गर्ने गरेका एकजना मित्र पाहुना आउनुभएको थियो। उहाँ सूर्य पटुवा गाविसस्थित एउटा विद्यालयमा शिक्षक हुनुहुन्थ्यो। साँझको खानपिनपश्चात् उहाँलाई मैले सोधेँ, "दाइ ! कतै स्कूलतिर शिक्षक




चाहिएको छैन ? हेर्नुस् न म त विना कामको भएँ। परीक्षा पनि सकियो। मेरो अवस्था त तपाईंले बुझ्नुभएकै छ।" उहाँलाई मेरो स्थितिबारे राम्रो जानकारी थियो।

केही बेरपछि उहाँले सोध्नुभयो, "तिमी पढाउँछौ ?"

"पढाउन त पढाउँछु तर अङ्ग्रेजी विषय बाहेक अन्य विषय पढाउन सक्दिनँ" मैले जवाफ दिएँ। "ठीकै छ त, त्यहाँ अङ्ग्रेजी पढाउने शिक्षक नै चाहिएको छ," दाइले भन्नुभयो।

पढाउँछु त भनेँ तर पढाउने कसरी ? ठूलो सङ्कट आइपरे जस्तो लाग्यो। 'जे पर्ला टर्ला' भन्ने सोचेर अगाडि बढ्ने निर्णय गरेँ। उहाँले लेखिदिएको चुट्का लिएर म ढोढरी गएँ। २०५५ जेठ १८ गते बिहानै ओराली बजार, त्यहाँबाट ७ कि.मी. पूर्व जङ्गल पार गरी ९ बजे विद्यालयमा पुगेँ। र, दाइले दिएको चुट्को हेडसरलाई थमाएँ।

केही बेरपछि हेडसर लेखनाथ पोखरेल (अहिले स्वर्गीय भइसक्नुभयो) ले चक र डस्टर मेरो हातमा थमाउनुभयो। मलाई 'तपाईंले जे जान्नु

स्रोत शिक्षकको रूपमा रु.५०० तलब पाउने गरी भर्ना भएँ। एक वर्षभित्र विद्यालय स्वीकृत भयो। छात्रछात्रा जम्मा ४२ जना थिए। शिशु कक्षा र कक्षा एकमा आएका विद्यार्थीको उमेर १० देखि २१ वर्षका बीचमा थियो।

विद्यार्थीहरूलाई फल्याकमा धूलो राखेर सिन्काले क, ख लेख्न सिकाउने गरिन्थ्यो। एकपटक २०/२१ वर्षकी छात्राको हात समाएर सिकाउँदै गर्दा ती छात्राका बुबाले देखे छन्। उनी प्राय: रक्सी खाएर रल्लिरहन्थे। उनले त्यतिबेला गरेको हप्कीदप्कीको घटना अहिले सम्झँदा रोचक लाग्छ। त्यसबेला म डराएको थिएँ तर धैर्यधारण गरेर मात्र काममा टिकेको थिएँ।

विद्यालय हुस्सु लाग्ने लेकको ठाउँमा थियो। प्राय: विद्यार्थीहरू अत्यन्त विपन्न परिवारका थिए। विद्यार्थीहरूको स्वास्थ्य र सफाइको अवस्था स्वाभाविक रूपमै राम्रो हुँदैनथ्यो। लुगाका बाहुलाले सिंगान पुछेको र हातखुट्टा नधोएको स्पष्टै देखिन्थ्यो। एकदिन सबै विद्यार्थीलाई स्कूल आउँदा हातखुट्टा धोएर र सफा लुगा लगाएर आउनू भनेर निर्देशन गरेँ। उनीहरूले खरानी पानीमा पकाएर लुगा धोए छन्, नुहाए छन् पनि। तर, कतिजनाले आफ्ना फुटेका हातखुट्टा सफा पार्न ढुङ्गाले रगडे छन्। उनीहरू केही सफा त भए तर धेरैले हातगोडा रगतपच्छे पारे। यो घटनाले मलाई धेरै लज्जित तुल्यायो। त्यस्तो अवस्थामा रहेको विद्यालयमा औषधि हुने कुरै भएन। पछि मैले नै वनमाराको पात निचोरेर औषधि लगाइदिएँ। यस्ता घटनाबाट शिक्षक र बालबालिकाको सम्बन्धका नयाँ-नयाँ पक्षहरूका बारेमा मलाई सिक्ने मौका मिल्यो।


२०५० सालतिरकै कुरा हो, विद्यालय नजिकका चार घरका १०/११ वर्षका बालबालिका विद्यालय आउन छाडे। बाबु-आमा भारी बोक्न बाहिर गएकाले बाख्रा चराउने जिम्मा आइपरेका कारण उनीहरू अनुपस्थित भएको थाहा पाएपछि उनीहरूलाई बाख्रा लिएरै विद्यालय आउन भनियो। उनीहरू त्यसो गर्न राजी पनि भए। उनीहरू पढुञ्जेल बाख्रा चौर र वरपर चर्थे, फर्कंदा सँगै लिएर फर्कन्थे। यसरी पनि विद्यार्थीहरूको पढाइको निरन्तरता कायम राख्न सकेको सम्झँदा अहिले आनन्द लाग्छ। हुनत: त्यतिबेला कतिपयले हाम्रो विद्यालयलाई बाख्रा पढाउने विद्यालय भन्थे र हामीलाई दु:ख पनि लाग्थ्यो। अहिले भने मलाई त्यस घटनाप्रति गर्व लाग्छ। २०५८ सालदेखि म मकवानपुरको श्री नाटेश्वर माविमा अध्यापनरत छु। 📖

भा'छ त्यो पढाउनू' भनी आफू कक्षाको अन्तिम बेन्चमा बस्नुभयो। कोठाभरी टन्न विद्यार्थी! अक्सर आफूभन्दा बढी उमेरका। जेठ महिनाको गर्मी। अझ त्यसमा हेडसर कोठामा बसिदिँदा त मेरो टुप्पीको पसिना घुँडासम्म पुग्यो। अङ्ग्रेजी किताब नबदलिएकाले अर्थात् आफूले पढेकै किताब भएकाले ८-१० मिनेट त केही बोलेँ। त्यसपछि बोल्ने कुरा सिद्धियो। अनि हेडसरलाई भनेँ, "सर; तयारी नभएकाले आज पढाउन सकिनँ।" यत्ति के भनेको थिएँ, सबै विद्यार्थी गलल्ल हाँसे। त्यतिखेर आफू निकै आत्तिएको महसुस भयो।

पछि कक्षामा विद्यार्थीका सामु आत्तिनु नहुने कुरा हेडसरले बताउनुभयो। जीवनमा मेरो हातमा चक र डस्टर हुन्छ, विद्यार्थीसामु उभिनुपर्छ भनेर कहिल्यै सोचेको थिइनँ। पढ्ने बेलामा पनि चकले बोर्डमा लेख्ने प्रयास कहिल्यै गरिएन। साथीहरूले लेख्दा पनि अप्ठ्यारो महसुस गर्दथेँ। शिक्षण मेरा लागि रोजाइको पेसा पनि थिएन। तर, आज शिक्षक बन्नुपर्ने स्थिति आइलाग्यो। २-४ महिना हेरौँ राम्रो लाग्यो भने पढाउँला नत्र छोडौँला भन्ने सोच बनाएँ। भोलिपल्टबाटै रु.१५०० मासिक पाउने गरी स्थानीय स्रोतमा ४ देखि ८ सम्म अङ्ग्रेजी विषय पढाउने भनी हेडसरले नियुक्ति दिनुभयो र कक्षा ६ को शिक्षक बनाइदिनुभयो। भर्खर-भर्खर पढाउने बानी बस्दै थियो। त्यसैबेला असारमा बर्खाको बिदा भयो।

**दुई वर्ष मासिक रु.१५०० मा स्थानीय स्रोतमा सेवा गरेँ। तत्पश्चात् प्राविस्तरमा कार्यरत एक शिक्षक सदरमुकाम सरुवा हुँदा त्यो रिक्त स्थानमा ठूलो खैलाबैलापश्चात् मात्र हेडसरले राख्न सफल हुनुभयो।**

बर्खा बिदापछि पुन: भदौ ४ गते विद्यालय खुल्यो। विद्यालयमा विद्यार्थी र अभिभावकहरूबाट मेरो शिक्षणबारे कुनै प्रकारको कम्प्लेन नआओस् भनी दत्तचित्त भएर पढाउन थालेँ। समय-समयमा हेडसरबाट मेरो पढाइको छड्के निरीक्षण भइरहेको मैले पत्तै पाइनँ। मैले पढाएका विद्यार्थीहरूलाई बुझे/नबुझेको, मेरो व्यवहारबारे समय-समयमा सोधिरहनुहुन्थ्यो। '२०५५ साल माघ ११ गतेदेखि २०५५ फागुन ११ गतेसम्म एक महिनाको निमाविस्तरीय अङ्ग्रेजी विषयको तालिमका लागि शैक्षिक तालिम केन्द्र नेपालगञ्जमा एकजना शिक्षक पठाइदिनू' भनी पत्र आयो। त्यो तालिममा सहभागी हुने अवसर मैले पाएँ। त्यस तालिम केन्द्रमा बाँके र बर्दियाका ३४ जना सहभागी थियौँ। शुरु-शुरुमा त्यस तालिममा आफूभन्दा जान्ने शिक्षकहरू आउने होलान् भन्ने पनि नलागेको होइन। तर, बाँके र बर्दियाका प्रतिभाशाली पाँच जनामध्ये आफू पनि एक हुनसकेकोमा गर्व लाग्यो। तालिममा पढाउने शैली, तरिकालगायत विविध कुराको जानकारी पाएँ। त्यो तालिमले मलाई शिक्षणप्रति आकर्षित गऱ्यो। त्यसपश्चात् समय-समयमा हुने पुनर्ताजगी, मोडुलर जस्ता एक दिनदेखि लिएर १० दिनसम्मका तालिमले शिक्षणमा पोख्त बनायो। 📖





# म यस्तै प्रधानाध्यापक भएँ

**नरहरि शर्मा,** माघे, इलाम

२०१८ सालको अन्त्यतिर पढाइ अगाडि बढाउन नसकेपछि म जागिर खाने ध्याउन्नमा लागेँ। त्यसबेला काठमाडौँ बाहिर जागिर खाने ठाउँ स्कूलबाहेक अन्यत्र छँदै थिएन। स्कूल पनि पातलै थिए। उतिखेर जागिर भनेकै मास्टरी हुन्थ्यो र जागिरे भनेका मास्टरहरू। मलाई छिमेकी गाउँ, नाम्सालिङस्थित 'नाम्सालिङ मिडिल स्कूल' बाट जागिरका निम्ति प्रस्ताव आयो। मैले प्रधानाध्यापकमा नियुक्ति पाएँ। सीधै प्रधानाध्यापकमा नियुक्ति मिल्नुको कारण मेरो शैक्षिक योग्यता थियो। त्यहाँका चारजना शिक्षक कोही पनि एसएलसी पास थिएनन्। मैले आई.ए. पास गरिसकेको थिएँ।

गाउँका थरी, मुखिया र हुनेखानेहरूद्वारा स्कूल सञ्चालक समिति गठन गरिएको थियो। समितिका सदस्यहरूमध्ये सबभन्दा शिक्षित व्यक्ति थिए- स्वर्गीय धर्मप्रसाद ढकाल (खरदार बा)। उनले दार्जीलिङको गभर्मेन्ट हाईस्कूलबाट मेट्रिक पास गरेर कलेजसमेत पढेका थिए। मलाई सञ्चालक समितिका सदस्यहरूबाट धेरै थरीका निर्देशन प्राप्त भए। कसैले अङ्ग्रेजी राम्ररी पढाउनू भने, कसैले गणित राम्ररी पढाउनू भने। एकजनाले त संस्कृत राम्ररी पढाउनू पनि भने। मलाई जागिर चाहिएको थियो र जागिर दिनेहरूका निर्देशन स्वीकार गर्दै म मिडिल स्कूलको प्रधानाध्यापक भएँ।

हरेक कक्षामा विद्यार्थी थोरै भएकाले मैले सात दिनमै सबैलाई नामबाटै चिन्न थालेँ। शुक्रबारका दिन स्कूलको छेवैमा हाट लाग्दथ्यो। हाट भर्न आउने अभिभावकहरूसित पनि महिना दिनसम्ममा मेरो चिनजान भयो। छिमेकी गाउँ भएकाले पारिवारिक रूपले मलाई चिन्ने पनि धेरै थिए तर अभिभावकको चासो मेरो परिवारसित नभएर मैले उनीहरूका छोराछोरीप्रति गरेको व्यवहारसित हुँदोरहेछ। 'ए! हाम्रो नानीले भनेको नयाँ सर' भन्दै उनीहरू खुसी व्यक्त गर्दथे।

यो स्कूलले २००६ सालमै मिडिल स्कूलका रूपमा स्वीकृति पाएको थियो। २०१८-१९ को शैक्षिक सत्रदेखि कक्षा आठ थपेर प्रस्तावित माध्यमिक स्कूलका रूपमा पठनपाठन हुन थाल्यो। यो पहिलो वर्ष म बाहेक एसएलसी उत्तीर्ण गरेका अरू शिक्षक नहुनाले माथिल्ला कक्षाहरूमा मैले धेरै मेहनत गर्नुपर्‍यो। एसएलसीसम्म कष्टसित थेगेर छुटकारा पाएको गणित विषयमा मैले फेरि गोता लगाउनुपर्‍यो।

म नाम्सालिङमै डेरा गरेर बस्थेँ। बिदाको दिन घर नगएका बेला म निरुद्देश्य गाउँ घुम्दथेँ। घर-घरमा पुग्थेँ, विद्यार्थीहरूको पढाइ साथै सञ्चो-बिसञ्चोका कुराहरू गर्दथेँ। खेतीपाती, बालीनाली र वस्तुभाउका कुरा गर्दथेँ। मानिसहरूसित सजिलै घुलमिल हुने बानी भएर होला, उनीहरू कहाँ जान, सुख-दु:खका कुरा गर्न, उनीहरूले खाएको खानेकुरा खान मैले कुनै अभिनय गरिरहनु पर्दैनथ्यो।

विद्यार्थीहरू थोरै भएकाले प्रत्येक विद्यार्थीको गृहकार्य उनीहरूकै सामुन्ने जाँच्न भ्याउँथेँ। यसक्रममा उनीहरूले प्रत्यक्ष रूपमा सुझाव र सल्लाह पाउँथेँ। त्यसले उनीहरूलाई भाषा तथा अन्य पक्षमा सुधार गर्न सहयोग पुग्थ्यो। केही विद्यार्थी एक्लै बस्न रुचाउने, अरू विद्यार्थीहरूसित पनि घुलमिल हुन नचाहने, शिक्षकहरूको छेउ भरसक नपर्ने स्वभावका थिए र हुन्छन्। म उनीहरूसित मित्रवत् भएर उनीहरूका समस्या बुझ्ने प्रयास गर्थें।

२०१९ साल असोज महिनामा स्कूल विधिवत् प्रस्तावित 'हाई स्कूल' भयो। अब स्कूललाई स्नातक प्रधानाध्याक आवश्यक भयो। त्यसनिम्ति मेरो पनि योग्यता पुगेन। त्यसैले बी.ए. पढ्न काठमाडौँतिर लागेँ। बी.ए. पास गरेर म फेरि नाम्सालिङमा नै फर्कें। विद्यार्थीहरूलाई कहिलेकाहीँ हप्काउनु पनि पर्थ्यो तर यस्तो घटना बिरलै हुन्थ्यो। किनभने त्यतिखेरका विद्यार्थीहरूमा उच्छृङ्खलता ज्यादै कमी थियो। आफूले स्कूलमा उपेक्षित विद्यार्थी भएर बस्नुपरेको घाउको खाटो आलै थियो, यसैले कुनै विद्यार्थीले आफूलाई स्कूल र शिक्षकबाट उपेक्षित नठानोस् भन्ने ध्येय मेरो मनमा रहन्थ्यो। एउटा कलम मेरो भनेर झगडा गर्ने दुईजना विद्यार्थीलाई एक-एकवटा कलम दिएर झगडा मिलाउने काम मैले कैयौँ पटक गरेँ। अर्थात् स्कूलको वातावरणलाई सकारात्मक बनाउन सक्दो कोसिस गरेँ। म नकारात्मक विचार लिएर कक्षामा कहिल्यै गइनँ। यो बानी २०२६ सालमा बी.एड. गरेपछि अझ बढ्यो।

स्कूलमा गणित र विज्ञान विषयको पढाइको दुरवस्था थियो। दुई पेपर अङ्ग्रेजीमा १३० अङ्क (६५%) ल्याएको विद्यार्थीले गणित र विज्ञानमा ५०% नघाउन नसकेर द्वितीय श्रेणीमै रहनुपरेको तीतो मेरो मनमा अझै छ। अझ उनीहरू लब्धाङ्क हातमा परेका दिन आँसु चुहाउँदै हिँडेको दुखद् स्मृतिले अझसम्म पोल्छ।

प्रधानाध्यापक भए पनि मलाई विषय शिक्षक बन्नमा नै आनन्द आउँथ्यो। यसैले २०३० सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना सुरु हुनेताक तत्कालीन जिल्ला शिक्षा अधिकारी चिरञ्जीवी शर्मालाई भेटेर आफूलाई प्रधानाध्यापकको साटो कुनै स्कूलमा विषय शिक्षक बनाएर पठाइदिन अनुरोध गरेँ। उनले आश्चर्य मान्दै जिल्लामा स्थायी प्रधानाध्यापक म मात्र भएको बताए। मैले भनेजसो गर्न नमिल्ने बुझेपछि म फेरि खुसी साथै प्रधानाध्यापक भएँ।

२७-२८ वर्ष प्रधानाध्यापकको काम गरेँ। २०३५ सालमा बौद्ध धाम मावि सरुवा भएँ र २०४६ सालमा सरस्वती मावि बतासे पुगेँ। २०४९ सालमा बूढा प्रधानाध्यापकहरू हटाउने क्रममा सह-शिक्षक हुन पुगियो।

मलाई त खोजेकै कुरा पाए झैं भयो। कारण म सधैं विपन्न र समस्याग्रस्त स्कूलकै प्रधानाध्यापक बनेको थिएँ। नाम्सालिडमा भवन अपर्याप्त नै थियो। तत्कालीन गाउँ पञ्चायतको एउटा कोठा मागेर र ऋरी मौसम नभएको बेलामा खुल्ला ठाउँमा राखेर पनि विद्यार्थी पढाउनुपर्थ्यो। बौद्ध धाममा भवन त्यसै पनि पर्याप्त थिएन, त्यसमाथि मेरै कार्यकालमा आगलागीमा परेर भष्म भयो। सरस्वती मावि बतासेका भवनहरू २०४५ सालको भूकम्पबाट भत्केका थिए। विद्यार्थी सङ्ख्या न्यून भएकाले अनुदान रकमबाट तलब बाँड्न पुग्दैनथ्यो। यसैले सदरमुकाम जाँदा म सधैं त्रस्त रहन्थें। कति रकम निकासा हुने हो र जिशिअले के-के भन्ने हुन् भन्ने सधैं चिन्ता हुन्थ्यो। स्कूलको भौतिक संरचना निर्माणका लागि धेरैपटक चन्दा माग्न हिँडियो। तिहारमा देउसी खेलेर, पर्व मेला लगाएर केही रकम सङ्कलन गरिन्थ्यो। मेलामा 'स्किल गेम' मात्र खेलाउने प्रशासनको आदेश भए पनि सीधै पैसाको हानमार नभए रकम सङ्कलन हुँदैनथ्यो। यसका लागि प्रहरीलाई प्रशस्त खुवाउनुपर्दथ्यो। यसैले प्रधानाध्यापक पगरीबाट पार पाउँदा मलाई एकप्रकारले भारी बिसाए जस्तो अनुभूति भयो।

२०४९ सालमा प्रधानाध्यापकको दायित्वबाट पार पाए पनि उमेरको हदले दिउञ्जेल २०५७ साल मङ्सिर सम्म म अध्यापन पेसामा नै रहें। यस अवधिमा विद्यार्थीहरूलाई हौसला दिएर राष्ट्रियस्तरका विभिन्न प्रतियोगितामा जिताएकोमा सन्तोष लागेको छ। भूगोल विषयको विषय शिक्षक बनेर सम्पूर्ण विद्यार्थीलाई सेन्ट अप तथा एसएलसी (यदि त्यो मापदण्ड हो भने) राम्रो अङ्कसहित उत्तीर्ण गराएकोमा आत्मिक सन्तोष लागेको छ।

प्रधानाध्यापक कस्तो हुनुपर्दथ्यो, म कस्तो भएँ, त्यो भन्न म सक्दिनँ। तर, मैले विभिन्न स्कूलमा औपचारिक अनौपचारिक शिक्षा दिएका मेरा विद्यार्थी भाइबहिनीहरू आज पनि श्रद्धासाथ भेटघाट गर्छन्, पुराना कुरा गर्छन्, जसले मेरो आत्म सन्तोष दिएको छ। आत्मगौरव बढाएको छ। 📖

# तीन प्राथमिकता

**लोकबहादुर लोप्चन,** उप-सचिव, शिक्षा मन्त्रालय

मेरो जागिरे जीवनको सुरुआत प्रावि शिक्षकबाट भयो। म २०५१ साल भदौमा श्री भूमेश्वर प्रावि बूढाखानी, काभ्रेको लियन पदमा प्रावि शिक्षकमा नियुक्त भएँ। युवावस्थाको जोश, उत्साह र जाँगरले मलाई स-साना भाइबहिनीहरूसँग पठनपाठनमा रम्न सजिलो बनायो। म किताबका कुरासँगै कविता र गीत पनि बालबालिकालाई सुनाउँथे। यस्तै नौलो प्रयोगका कारण मेरो शिक्षण शैलीलाई उनीहरूले मन पराए। शिक्षण भनेको कला र सिर्जनात्मकता हो, कोरा रटाइ र घोकाइ मात्रै होइन भन्ने मेरो विश्वास छ।

त्यसपछि म सरुवा भएर श्री महादेवस्थान प्रावि कुस्मामा दरबन्दीमा पदस्थापन हुनपुगें। एक वर्षपछि प्रावि प्रअको जिम्मेवारी सम्हालें। तर, मैले दैनिक कार्यतालिकासम्म बनाउन जानेको थिइनँ। त्यो कुरा मैले वि.सं. २०५६ सालमा श्री जनकल्याण प्रस्तावित माविमा मावि शिक्षक भएपछि थाहा पाएँ।

मावि शिक्षक भएको चार महिनापछि मावि प्रअको जिम्मेवारी पाएँ। प्रस्तावित मावि भएकाले मैले ८ पिरियडसम्म पढाउनुका साथै विद्यालयको प्रशासन पनि हेर्नुपर्थ्यो। तर, पहिलो एसएलसीको नतिजा शून्य आयो। विद्यार्थी अनुत्तीर्ण हुनुको पछाडि विज्ञान, अङ्ग्रेजी शिक्षकको अभाव, नयाँ पाठ्यक्रम, नयाँ मोडलको प्रश्नपत्रका साथै अन्य थुप्रै कारणहरू थिए। तर पनि यो मेरा लागि ठूलो बज्रपात थियो। अर्को वर्ष २०५८ सालमा प्रथम श्रेणीसहित एसएलसी नतिजा राम्रो आयो।

वि.सं. २०६० सालमा (२०५२ सालको विज्ञापनअन्तर्गत) निमावि शिक्षकमा स्थायी भएर म श्री सरस्वती निमावि पार्थलीमा हाजिर हुनपुगें। स्थायी हुँदा थोरै खुसी थिएँ भने माविबाट निमाविमा झर्नुपर्दा दु:खी पनि भएँ। तर, म रोकिएको पढाइलाई निरन्तरता दिँदै एम.एड. गर्नतिर लागें।

त्यसबीचमा लोकसेवा आयोगको परीक्षा दिएँ। २०६२ सालको विज्ञापनमा नेपाली प्रशिक्षक पदमा लिखित परीक्षा उत्तीर्ण भए पनि अन्तर्वार्तामा असफल भएँ। तर, एम.एड.को नतिजा राम्रो आयो। अनि २०६३ सालमा मावितर्फ स्थायी भई श्री आजाद उमावि, बालुवा, काभ्रेमा पुगें। उमावि भएकोले उमावितर्फ पनि पढाउन पाएँ र मावितर्फ पनि विज्ञान विषयबाहेक सबै पढाउन पाइसकेको थिएँ। लाग्छ, धेरै विषयको शिक्षण र उमाविको शिक्षणले मेरो व्यक्तिगत सिकाइ र अनुभूतिलाई ह्वात्तै बढायो। साथै मेरो करिब १५ वर्षको शिक्षणकालमा वास्तविक शिक्षणसिकाइ के रहेछ भन्ने बुझ्न भ्याएँ।

मलाई लाग्छ, हामी विद्यार्थीलाई पढाउँदा मात्र रहेछौं, पढ्ने बनाउन भने सक्दा रहेन छौं। हामी खाली ज्ञान हस्तान्तरण गर्दा रहेछौं, ज्ञानको उत्पादनमा सहजकर्ता, मार्गदर्शक र सहयोगी बन्दा रहेनछौं। अनि हामी पुराना शिक्षक बन्दा रहेछौं, नयाँ शिक्षक बन्दा रहेन छौं। वास्तवमा एउटा शिक्षक एउटा सह-सिकारु (Co-learner) हुँदोरहेछ; हुनुपर्ने रहेछ। म यही भूमिकामा आफूलाई उभ्याउने तरखरमा थिएँ। तर, २०६६ साउनमा विद्यालय निरीक्षक पदमा र त्यसको तीन महिनापछि कात्तिक २९ गते शिक्षा सेवाको उपसचिव पदमा उत्तीर्ण भएँ। यसरी म मावि शिक्षकबाट शिक्षा मन्त्रालयको उपसचिव पदमा बढुवा हुनपुगें।

मैले शिक्षण पेशामा अधिकतम सन्तुष्टि पाएँ। सबैभन्दा ठूलो कुरा कहिल्यै नटुट्ने विद्यार्थी-शिक्षकको प्यारो नाता पाएँ। त्यसैले म त भन्छु, जसले जे भने पनि शिक्षक पेसा महान हो। किनकि शिक्षण पेसाले सबै पेसालाई पढाउँछ। त्यसकारण मेरो र सबैका तीन प्राथमिकता हुनुपर्छ– पहिलो; शिक्षण, दोस्रो; शिक्षक र तेस्रो; सही र वास्तविक शिक्षण। 📖

संस्मरण

# घड्सारका ती दिन

दुखीलाल चौधरी, पहिलेका घड्सार शिक्षक, सिरहा

श्रीलाल



आजभन्दा ५० वर्षअघिसम्म विद्यालयको पढाइ अहिले जस्तो सहज थिएन। तराईतिर स्कूलको अभाव भएकाले केटाकेटीलाई घड्सारमा पढाइन्थ्यो। घड्सारमै पढाउन मास्टर पाउन पनि गाह्रो हुन्थ्यो। छिमेकी मुलुक भारतबाट मास्टर खोजेर ल्याउनुपर्ने बाध्यता थियो।

म त्यसबेलादेखि सिरहा ढोड्नास्थित फुसको घरमा बस्दै आएको छु। मैले भारतीय शिक्षक लक्ष्मीकान्त कायस्थसँग घड्सारमै पढेको हुँ। पढाइ सकेको मात्र के थिएँ गाउँदेखि चार किलोमिटर टाढा गणेशपुरका फेकु चौधरीले घड्सारमा पुगेर पढाइदिन आग्रह गरे। मैले स्वीकारेँ। वि.सं. २०११ सालमा घड्सारमा पढाउन थाल्दा म २५ वर्षको थिएँ।

पछि गणेशपुरसँगै जोडिएको भोटियाटोलका केटाकेटी धेरै भएकाले घड्सार पनि त्यहीं सऱ्यो। त्यतिबेला स्थानीय भाषामा घड्सारलाई 'चैर सार', मास्टरलाई 'गुरुजी' र विद्यार्थीलाई 'चटिया' भनिन्थ्यो। घड्सार पढ्ने र पढाउने तरिका पनि भिन्न थिए। काठको चारपाटे पाटीमा कालो पोतेर कालोपाटी बनाइन्थ्यो। बाँसको आँख्लाभन्दा आधा फिटमाथि काटेर दुवाईत (मसी राख्ने भाँडो) बनाइन्थ्यो। त्यसमा माटो घोलेर विभिन्न रङका मसी बनाइन्थ्यो। कमेरो माटोको मसी चाहिँ बढी मानिन्थ्यो।

छिप्पिएका बाँसको हाँगालाई चक्कुले काटेर कलम बनाइन्थ्यो। त्यसबेला मेरो खल्तीमा चौबीसै घण्टा चक्कु हुन्थ्यो। बाँसको कलमले कालोपाटीमा क, ख, ग, घ, ङ लेख्दै विद्यार्थीलाई सिकाउथेँ। यति जानेपछि अ, आ, इ, ई र क, का, कि, की सिकाउने पालो आउँथ्यो। त्यसपछि उनीहरूलाई गणित सिकाउथेँ- १, २, ३, ४ हुँदै जोड, घटाउ, गुणन र भागसम्म। अन्नको जोख-तौल र जमिनको नाप सधैँ व्यवहारमा आउने भएकाले त्यो पनि सिकाउँथे। यी सबै कुराहरू सिकाउन मलाई दुईदेखि तीन वर्ष लाग्थ्यो।

हरेक दिन बिहान ७ देखि ११ बजे र दिउँसो २ देखि ५ बजेसम्म घड्सारको पढाइ हुन्थ्यो। साँझ 'सञ्झा' गर्न लगाउथेँ। विद्यार्थीलाई पङ्क्तिबद्ध गराएर दिनभरि सिकेका कुरा 'सञ्झा'मा एकै स्वरमा भन्न लगाउथेँ। त्यसरी चर्को स्वरमा पढाइएको 'सञ्झा' गाउँभरि टङ्कारो सुनिन्थ्यो। अन्त्यमा सरस्वती वन्दना गरेर त्यस दिनको घड्सार सकिन्थ्यो। एवं रितले त्यहाँ पढाइ हुनेगर्थ्यो।

शनिबार बिहानै विद्यार्थीले घरबाट थाल वा बटुकामा चामल, गुँढ (भेली) तुलसीको पात र पैसा आदि लिएर उपस्थित हुनुपर्थ्यो। त्यहाँ सफासुग्घर, लिपपोत गरेर नुहाई-धुवाई गरी सरस्वतीको पूजा गरिन्थ्यो। पहिले म खाँबोको फेदमा धूप, दीप र पानीमा भिजाएर राखेको चामलमा भेली मिसाएको प्रसाद चढाउँथे। अनि सबै विद्यार्थीलाई पङ्क्तिबद्ध गराएर प्रार्थना गराउँथे। त्यतिबेलाको प्रार्थना मलाई अहिले पनि कण्ठै छ। जस्तो: 'क हे क कलमके, सुत्कन चन्दके। क मे कलम भिरादिया सियाराम जीके... ।' प्रार्थनापछि विद्यार्थीलाई प्रसाद बाड्थेँ।

भेली मिसिएको चामलको प्रसाद विद्यार्थीले खुबै मन पराउँथे। कति विद्यार्थी त्यही प्रसाद खान पाउने आसले पनि पढ्न आउँथे। शनिबारको आधा दिन यसरी नै बित्थ्यो।

हरेक वर्ष माघदेखि वैशाखसम्म र साउनदेखि कात्तिकसम्म पढाइ चल्थ्यो। बाँकी महिना म पनि आफ्नो खेतीपातीमा लाग्थेँ। र, विद्यार्थीहरू पनि त्यसै गर्थे। घड्सारमा टिकेर पढ्न चाहिँ विद्यार्थीलाई हम्मे-हम्मे पर्थ्यो। तिनलाई त्यस्तो अप्ठेरो हुँदा म हप्काउथेँ। नहप्काईकन विद्यार्थी कहाँ पढ्छन् र! मेरो नियम अलि कडै थियो।

विद्यार्थीलाई सिकाउन र अनुशासनमा राख्न त्यसबेला म छडी पनि लगाउथेँ। बाँसको एउटा छडी सधैं मेरो हातमै हुन्थ्यो। कति विद्यार्थी त छडीको डरले घड्सार छोडेर भाग्थे पनि। तर, म त्यस्ता विद्यार्थीलाई छोडदिन्थेँ। घरैमा पुगेर फेरि घड्सारमा ल्याएरै छाड्थेँ। घड्सार छोड्न कि मामाघर जानुपर्थ्यो कि त फुपूको घर। घड्सार नछोड्ने विद्यार्थी चाहिँ पढाइमा तीक्ष्ण हुन्थे। त्यसबखत भोटियाटोलका सयजना जति विद्यार्थी मसँग पढ्थे। त्यसमा दलित, उपेक्षित र महिलाहरूको सङ्ख्या कम हुन्थ्यो।

१० वर्षसम्म मैले यसरी नै पढाएँ। त्यसपछि घड्सारको शिक्षा सकेर विद्यार्थीहरू स्कूल जान थाले। घड्सारमा जो विद्यार्थी मेहनत गर्थे तिनका बाबु-आमालाई अनुरोध गरेर स्कूल पठाउन अनुरोध गर्थे। मेरो शरीर कमजोर हुँदै जान थालेपछि पाँच वर्षअघि मैले घड्सार पढाउन छाडेँ। त्यसपछि भोटियाटोलको घड्सार पनि बन्द भयो। अहिले म ८० वर्षको भएँ। ती दिन सम्झँदा अहिले पनि मन उत्तिकै आनन्दित हुन्छ। मैले पढाएका विद्यार्थीहरू डाक्टर, इन्जिनियर, पत्रकार, शिक्षक सबै बनेका छन्। उनीहरूसँग भेट हुँदा औधी खुसी लाग्छ। र, फेरि एकफेर घड्सारको त्यही रौनकतामा फर्केको अनुभूति हुन्छ।

प्रस्तुतिः **श्रीलाल साह**

# व्यापार छोडेर शिक्षक बन्दा...

**दलबहादुर गुरूङ,** शिक्षक, दोभान उच्च मावि, पाल्पा

बटौलीमा रहेको आफ्नो व्यापार छाडेर साथीहरूको लहैलहैमा भैरहवा शिक्षा कार्यालयमा पुगी शिक्षा आयोग दिन पुगेँ। लिखितमा नाम पनि निस्कियो। अन्तर्वार्तामा अनेक भाँतीका प्रश्नहरू सोधियो। सकेजतिको उत्तर दिएँ। नतिजा राम्रै आएछ। नाम निस्किएपछि खुसी पनि लाग्यो दुःख पनि। व्यापार गर्दा स्कूल जस्तो दस–चार बजाउनु पर्थेन। आफ्नोखुसी थियो। खल्तीमा पैसो कहिल्यै टुट्थेन। शिक्षण पेसामा लागेपछि कहिलेकाहीं चार महिनासम्म पैसो देख्न नपाउँदाको पीडा सुनाउन सक्दिनँ। आमाले भन्नुहुन्थ्यो, "खोई यस्तो जागिरबाट तेरो के उन्नति होला र?" रुपन्देहीको हरैया उच्च माविमा नियुक्तिपत्र बुझेर फित्तेवाला चप्पल पड्काउँदै भदौ महिनामा जाँदा त्यहाँका शिक्षकहरूले मेरो रुपलाई तलदेखि माथिसम्म बेस्सरी नियालेर हेरेको घटना आज पनि मस्तिष्कमा नाँचिरहन्छ।

एकदिन हरैयामा रहेको गुरुङ गाउँमा मलाई बोलाइयो। निधारभरी रातो टीका र माला लगाई मलाई स्वागत गरे। त्यहाँ एकजना रिटायर्ड लाहुरेले भनेका थिए, "केटा तैँले त बाहुनले खाने जागिर पो खाइस् त। मगर/गुरुङ त लाहुरे हुने पो हो।" उनले बोलेका शब्दले मेरो स्वागत होइन अपमान गरिरहेको भान भो मलाई। म केही बोल्न सकिनँ। अन्त्यमा मैले यति मात्र भनेँ, "जागिर र मान्छेको कुनै जात हुँदैन।"

हरैया पहाडियाहरूको रमाइलो तराईबस्ती हो। मैले जागिर खान गइसकेपछि पाल्पाको दोभानबाट मिल्ने साथी राजेश श्रेष्ठलाई पनि एभरग्रिन बोर्डिङ स्कूलका प्रिन्सिपल हेम मल्ल ठकुरीसँग कुराकानी गरी जागिरका लागि लगेको थिएँ। आई.कम. पास भएपछि ऊ दोभान नै फर्कियो। मलाई पनि हरैया बस्न मन लागेन र फर्कने विचार गरेँ। हजारौं बिन्ती गरेपछि मात्र हरैयाबाट दोभानको नुवाकोट सरुवा हुने अवसर पाएँ। नुवाकोटमा पनि चार वर्ष पूरै बिताइयो। ठाउँ जाती नै थियो।

दोभान उच्च माविमा जागिर सरुवा हुन साह्रै गाह्रो भयो। अन्तिममा सबैको सहयोगले सर्ने मौका पाइयो। म दोभानमा सरुवा भई आउँदा रुपकुमार क्षेत्री हेडसर हुनुहुन्थ्यो। त्यतिबेला मैले आई.कम. उत्तीर्ण गरिसकेको थिएँ। साथै सिएमएमा नेपाल दोस्रो भएको थिएँ। यदि शिक्षा क्षेत्रमा नआएको भए स्वास्थ्य क्षेत्रमा हुन्थेँ होला यतिबेला।

आई.कम. पास गरेपछि पढाइ पूरा भएको ठानेर म हात बाँधेर बस्न थालेको थिएँ। तर एकदिन रुपकुमार सरले भन्नुभयो, "दलबहादुर तिमीले जे जसरी भए पनि बी.एड. उत्तीर्ण गर्नुपर्छ।" उहाँको वचनअनुरुप भरतपुर चितवनको सप्तगण्डकी बहुमुखी क्याम्पसमा भर्ना भएँ। निरन्तर क्याम्पसको कक्षा नलिई बी.एड. उत्तीर्ण गरेँ। मैले बीएड पास गर्दा मभन्दा रुपकुमार सर धेरै खुसी हुनुभयो होला। उहाँको हौसला मेरो लागि आज गरिखाने औजार भएको छ र त्यो योग्यता आज उच्च मावि अध्यापनका लागि समेत सहायक बनेको छ। सोच्छु- त्यतिबेला हौसला नदिनु भएको भए म आज त्यत्तिकैमा सीमित हुन्थेँ होला।

शिक्षक हुँदाको पीडा थुप्रै छन् तर पनि पीडाभित्र सुख खोज्नुपर्छ। सुख आफैं झ्याली पिटेर आउने कुरा होइन। दुनियाँका छोराछोरीहरूलाई अँध्यारो कुनाबाट निकाली शिक्षाको उज्यालो प्रकाशद्वारा प्रदीप्त गराउन पाउँदा मनमा आनन्द लाग्छ। कतिपय अभिभावकहरू, पास भए आफ्नै छोराछोरीले कडा मेहनत गरेर; रातभरी पढेर पास भएको भन्छन् र फेल भए मास्टरतिर धारेहात लगाउँछन्। कहिलेकाहीं त कस्तो पेसा अपनाइएछ भनेर दुःख पनि लाग्छ। तर, चित्त बुझाउने कुरा अझ धेरै पाउँदा यही पेसाप्रति गर्व लाग्छ।



## संस्मरण

# सबैभन्दा आनन्ददायी काम

**गोरेबहादुर खपाङ्गी,** पूर्व प्रअ, रामेछाप

म महोत्तरी गौशाला हाईस्कूलमा २०२२ सालमा पहिलो पल्ट शिक्षक बनेको थिएँ। २०२५ सालमा बीए गरेपछि मलाई रामेछापको पुरानो सदरमुकाम रामेछाप डाँडामा हेडमास्टर हुने प्रस्ताव आयो। २०३० साल फागुन १० गते प्रअको नियुक्ति लिएँ। सञ्चालक समितिको निर्णयबाट म हेडमास्टर भएको थिएँ। त्यसबखत मेरो तलब रु.४०० थियो।

हेडमास्टर भएर गएको पहिलो दिनमै स्कूलमा अनौठो घटना भयो। एक हुल विद्यार्थी स्कूलको चारैतिर घुमेर कक्षामा नपसिकन बजारतिर फर्के। विद्यार्थीहरूले किन यसो गरेका हुन् भनेर मैले शिक्षकहरूलाई सोधेँ। तर कुनै पनि शिक्षक केही बोलेनन्। सबैले एकअर्काबीच मुखामुख मात्र गरे। एकैछिनपछि नेपालीको शिक्षक शङ्करप्रसाद सत्यालले मौनता तोड्दै भने, "उहाँ त यो स्कूलमा हेडमास्टर भएर आउनुभएको सोझो कुरा भनिदिऊँ न। यो स्कूलको बारेमा जानकारी दिऊँ। स्थिति सम्हाल्न सक्नुहुन्छ भने बस्नुहुन्छ, सक्नुहुन्न भने जानुहुन्छ।" म त जीवनकै ठूलो परीक्षा दिन आए जस्तो पो भयो त!

अनि मैले उनलाई सोधेँ, "विद्यार्थी किन कक्षामा नपसी हिँडे?"

"हजुर! यहाँको चलन नै यस्तै छ।" उनले मसिनो स्वरमा भने।

"यिनको हाजिरी?"

"त्यो त दैनिक भइरहेको छ।"

"कक्षामा नपसिकन पनि हाजिरी कसरी हुन्छ?"

"उनीहरूका नेताहरूले अगाडि नै भनेका हुन्छन्, हाम्रो हाजिर गरिदिनु। अनि हामी खुरुखुरु हाजिर गरिदिन्छौं।"

विद्यार्थीले के गरेका? शिक्षक के हेरेर बसेका? अभिभावक कस्ता होलान्? भन्ने कौतुहलता र विष्मयले मन अशान्त भयो। यस्तो त मैले जीवनमा देख्नु त के कहिल्यै सुनेको पनि थिइनँ।

अनि मैले लगत्तै शिक्षकहरूको बैठक बोलाएँ। "१० बजेदेखि ४ बजेसम्म पूरै पढाइ त गर्नै पर्‍यो, बीचमा 'इन्टरभल' पनि राख्नुपर्छ। त्यो अनुसारको रुटिन बनाउनुपर्‍यो" भनेर मैले कुरा राख्न नपाउँदै एकजना शिक्षकले भने, "सर, त्यो त पहिल्यै छ। खाली कार्यान्वयन मात्र नभएको हो।" अन्ततः त्यो बैठकमा भोलिदेखि कक्षा राम्रोसित सञ्चालन गर्ने कुरामा सबै शिक्षकहरूको बीचमा सहमति भयो।



मायनर मिलर

भोलिपल्ट १० बजे पियनलाई घण्टी लगाउन लगाएँ। अनि सबै विद्यार्थीका साम् चौरमा उभिएर भनेँ, "विद्यार्थी भाइबहिनीहरू हो, ल आ-आफ्नो कक्षामा जाऊ।" मैले त्यहाँ कडा स्वरमा नै बोलेको थिएँ। हिजो जो विद्यार्थीहरू कक्षामा नपसी हिँडेका थिए, तिनीहरू पनि सुरुक्क कक्षामा पसे। त्यो देखेर म औधी खुसी भएँ। यति सजिलै उनीहरू कक्षामा पस्लान् भनेर मैले सोचेको थिइनँ। अनि शिक्षकहरूलाई विद्यार्थीको हाजिर कक्षामै गएर गर्न निर्देशन दिएँ। जब हाजिर भयो, हिजो अस्ति कक्षामा नबस्ने विद्यार्थीहरूले भने छन्, हामी त कक्षामा नबस्ने। त्यसपछि शिक्षक विद्यार्थी दुवै कक्षाबाट हिँडे। शिक्षक न्याउरो मुख लगाएर मेरो छेउ आइपुगे।

अब कसरी यिनलाई तह लगाउने भनेर मनमनै गम खान थालेँ। छेवैमा रहेका शिक्षकलाई सोधेँ, यहाँ बिहान प्रार्थना (एसेम्व्ली) सभा हुन्छ कि हुँदैन?

"हुन्छ कि हुन्न, खोइ के भनौं सर.."

"भोलिदेखि नियमित रूपमा एसेम्व्ली हुन्छ। भोलि चाहिँ मेरो लेक्चर पनि हुन्छ।" मैले रणनीतिक निर्णय सुनाएँ। भोलिपल्ट १० बजेको घण्टी लाग्नासाथ सबै विद्यार्थीलाई चौरमा लाइनमा राखियो। सबैलाई आ-आफ्नो कक्षाको लाइनमा बस्न भनियो। अनि मैले पढाइको महत्त्व र आवश्यकताबारे उनीहरूलाई करिब २०/२५ मिनेट लेक्चर दिएँ। अब

स्कूलको कुनै पनि कक्षा छाड्न नपाइने र पढाइ पहिलाको भन्दा राम्रोसित हुने कुरामा पनि प्रतिबद्धता जाहेर गरेँ। हिजो अस्ति कक्षामा नगइकन हाजिर गरेर हिँड्ने विद्यार्थीहरू पनि आज चुपचाप कक्षामा गए।

२/४ दिनपछि गाउँघरमा मेरो बारेमा सकारात्मक कोणबाट चर्चा हुन थाले छ। नयाँ हेडमास्टरले त स्कूललाई अनुशासित रूपले चलाउन थाले छ ! कक्षामा नपसी हिँड्ने विद्यार्थीलाई पनि तह लगाए छ ! पढाइ पनि राम्रो हुन थाल्यो रे ! आदि आदि। यसबीचमा आफूलाई सुधार्न नचाहने केही विद्यार्थीलाई त निष्कासन गर्नै पर्‍यो। तर, बाँकी हल्याहा विद्यार्थीहरू सज्जन भए। स्कूलको पढाइमा सुधार हुँदै गयो।

स्थानीय राजनीतिसँग जोडिएको एउटा प्रसङ्ग पनि रोचक नै छ। पछि राष्ट्रिय पञ्चायतका अध्यक्ष समेत भएका नवराज सुवेदी त उतिबेलै राष्ट्रिय राजनीतिमा नाम चलेका राजनीतिज्ञमा गनिन्थे। रामेछापमा उनीपछिका नेताहरू दीपबहादुर कार्की र नारायणबाबु श्रेष्ठको नाम आउँथ्यो। म त्यहाँ जाँदा नारायणबाबु श्रेष्ठ स्कूल सञ्चालक समितिमा थिए। दीपबहादुर कार्की चाहिँ जिल्ला पञ्चायतका सभापति थिए। दीपबहादुरजीको छोरा पनि मेरै स्कूलमा विद्यार्थी रहेछन्। तर, स्कूलमा ऊ विद्यार्थीले गर्न नसुहाउने काम गर्दोरहेछ। कहिले छात्राहरूलाई जिस्क्याउने त कहिले के गरेर हैरान पार्ने। पटक-पटक उजुरी र गुनासाहरू आएपछि मैले एकदिन शिक्षकहरूको बैठकमा त्यो विद्यार्थीको आचरणबारे सोधेँ। बहुमत शिक्षकले उसलाई कारबाही नै गर्नुपर्ने धारणा राखे। मैले भनेँ, "शिक्षा ऐन नियमले हामीलाई १५ दिनसम्म कक्षाबाट निष्कासन गर्न सकिने अधिकार दिएको छ। तर, १५ दिनपछि त ऊ फेरि कक्षामा आउँछ नि ! तपाईंहरूको विचारमा के गर्नु उचित होला ?"

"पछिको कुरा पछि नै सोचौँला। अहिलेलाई निष्कासन नै उचित हो। त्यसले एउटा सन्देश पनि जान्छ।" शिक्षकहरूको यो मत आएपछि मैले पनि यसै गर्ने निधो गरेँ। हामीले माइन्युट नै गरेर यो निर्णय गर्‍यौं। पञ्चायतको त्यति ठूलो दबदबा रहेको बेलामा जिल्ला पञ्चायतको सभापतिको छोरालाई स्कूलबाट निष्कासन गर्ने कुरा चानचुने थिएन। जिल्ला नै हल्लाउने समाचार थियो त्यो।

**शिक्षण पेसाबाट म विस्तारै राजनीतितिर तानिएँ। मन्त्रीसम्म भएँ। तर, हाईस्कूलको हेडमास्टर हुँदाको जस्तो गौरव, आत्मसम्मान र आनन्द कहिल्यै प्राप्त गर्न सकिनँ।**

त्यो कुरा कसैमार्फत सभापतिकहाँ पुर्‍याइयो। अनि उनले तुरुन्त सिडिओकहाँ गएर अनुरोध गरे छन्, "जसरी भएपनि मेरो छोराको निष्कासन फिर्ता गराइदिनुपर्‍यो। नत्र मेरो त इज्जतै जाने भो।" काफ्ले थरका ती सिडिओले मलाई तुरुन्तै खबर पठाए, "भोलि स्कूल जानुअघि जिल्ला कार्यालयमा उपस्थित हुनुहोला। विशेष सल्लाह गर्नु छ।"

भोलिपल्ट बिहान म सिडिओकोमा हाजिर भएँ। सिडिओले भने, "लौ न हेडसर, सभापतिज्यूको त इज्जतै जाने'भो। कारबाही फिर्ता लिइदिनुपर्‍यो।"

"म त यहाँ दुई/तीन महिनाअघि मात्र आएको हुँ। यहाँका पुराना शिक्षकहरूको रायसल्लाहबमोजिम निर्णय गरिएको हो। केटोले बद्‌मासी गरेकाले कुनै विकल्प नभएपछि यो निर्णय लिइएको हो। यत्तिकै कसरी निर्णय फिर्ता गर्न मिल्छ होला र ?" मैले भनेँ।

"होइन हेडसर ! तपाईंले पुनर्विचार गरिदिनुपर्‍यो। जे भए पनि सभापतिजीको छोरा...।" उनले फेरि भने।

"फिर्ता लिन त फेरि बैठक बोलाएर बहुमतका आधारमा निर्णय गरेपछि मात्र फिर्ता हुन्छ। यहाँ मैले अहिले भनेर कसरी फिर्ता हुन सक्छ र!" प्रजातान्त्रिक प्रणालीका मूल्यमा आधारित भएर मैले सिडिओलाई सम्झाउन खोजेँ।

मेरो कुरा सुनेर सभापति खुब रिसाए। ठूलो-ठूलो स्वर निकालेर कराए, "मेरो छोरालाई निकाल्ने तपाईं को हो ?"

मैले धैर्यपूर्वक सभापतिलाई भने, "मैले त तपाईंको बारेमा यो दुई तीन महिनामा धेरै थाहा पाउने मौका पाएँ। तर, तपाईंलाई मेरो बारेमा केही पनि थाहा छैन नि ! तपाईंले जस्तै मैले पनि बोल्न थालेँ भने के होला ? तर, म एउटा जिम्मेवार हेडमास्टर भएकाले कड्किएर बोल्ने पक्षमा छैन। यदि तपाईं हेडमास्टरको क्षेत्राधिकारमा प्रवेश गरेर मलाई हप्काउनुहुन्छ भने म पनि आफ्नो निर्णयबाट पछि हट्दिनँ।"

कुनै बेलामा त्रिचन्द्र कलेजमा मनोविज्ञानको शिक्षक रहिसकेका सिडिओले मेरो कुरा बुझिहाले। "तपाईंहरू जानुस् हामी कुरा मिलाउँछौं" भनेर उनले सभापति बाहेक सबैलाई बैठकबाट धपाए। अनि हामी तीन मात्र कुराकानी गर्न बस्यौं। "ए हेडसर ! केटोलाई पढ्न मन छैन भने पढ्दैन। उसको बारेमा धेरै चिन्ता नगर्नुस्।" सिडिओले भने, "सभापतिजीले आफ्नो छोरालाई सम्झाउनुहुन्छ। तपाईं आफ्नो निर्णय फिर्ता लिइदिनुस्।" "म त अठारौं शताब्दीको जस्तो शासक होइन, जे भन्यो-भन्यो। त्यसबाट पछि नहट्ने। मेरो आशय त तपाईंको छोरा, जो मेरो विद्यार्थी हो, त्यो सुध्रोस् र राम्रोसित पढोस्। उसका कारण स्कूलको पठनपाठनको वातावरण पनि नबिग्रोस् भन्ने मात्र हो।" मैले विनम्र भएर भनेँ। हुन पनि मलाई सभापतिको छोरो निकालेँ भनेर अहम् तुष्टीकरण गर्नु थिएन। प्रअको दायित्वबोध गरेरै मैले त्यो निर्णय लिएको थिएँ। अन्त्यमा सभापतिले आफ्नो छोरालाई सम्झाउने शर्तमा मैले त्यो कारबाही फिर्ता लिन सहमति जनाएँ। र, स्कूल गएर बैठकको औपचारिकता पूरा गरेर कारबाही पनि फिर्ता लिएँ। त्यसपछि त्यो केटाको आनीबानीमा सुधार आयो। यो घटनाले मेरो बारेमा स्कूलमा र वरपर राम्रो सन्देश दिए छ। मेरो इज्जत र प्रभाव दुवै बढेको अनुभव भयो।

शिक्षण पेसाबाट म विस्तारै राजनीतितिर तानिएँ। मन्त्रीसम्म भएँ। तर, हाईस्कूलको हेडमास्टर हुँदाको जस्तो गौरव, आत्मसम्मान र आनन्द कहिल्यै प्राप्त गर्न सकिनँ। आज पनि म ती दिनहरू सम्झँदा मेरो जीवनको सबभन्दा सार्थक समय त्यही थियो भन्ने लाग्छ। त्यसैले म आजका शिक्षक साथीहरूलाई अनुरोध गर्दछु– सबभन्दा ठूलो कुरा जीवनलाई सार्थक बनाउने र आनन्दित हुने नै रहेछ। आनन्द त्यो कुरामा आउँछ, जुन कुराले समाजमा कुनै ठोस योगदान पुर्‍याउँछ। शिक्षक हुनु भनेको नयाँ पुस्तालाई सक्षम बनाउने काम हो। समाजलाई रुपान्तरण गर्ने कुरा हो। अनि असल शिक्षक हुनुजत्तिको राम्रो र आनन्ददायी काम अरू केही हुन सक्दैन।

प्रस्तुतिः **सुदर्शन घिमिरे**

आवरण

बाबुराम विश्वकर्मा

# शिक्षक तालिम

औपचारिक आँकडाअनुसार नेपाल विद्युत् प्राधिकरणको ग्रीडमा छोड्ने बिजुलीमध्ये करिब २५ प्रतिशत बीचमै चुहावट हुन्छ। त्यसैगरी, खानेपानी संस्थानले काठमाडौं उपत्यकाका बासिन्दाको निम्ति रिजर्भ्वाएरबाट प्रवाहित गर्ने ६० प्रतिशत पानी मात्र उपभोक्ताका धारामा पुग्छ, बाँकी ४० प्रतिशत बाटैमा हराउँछ। अर्थात् पानी प्रदायक संस्थाले धारामा छोडेको पानीमध्ये ६० प्रतिशतको मात्र महसुल पाउँछ। तर, योभन्दा बढी चुहावट शिक्षकले तालिममा सिकेका सीपमा भइरहेको पाइन्छ। सरकारी आँकडा र विभिन्न अध्ययनहरूका अनुसार शिक्षकले तालिममा सिकेका शिक्षण सीप र शैलीमध्ये ५० प्रतिशतभन्दा कम मात्र कक्षाकोठामा पुग्ने र बाँकी बीचमै हराउने गरेको छ। विद्यार्थीहरू लाभान्वित होलान् भनेर बर्सेनि करोडौं खर्च गरी विभिन्न तालिममार्फत शिक्षकहरूलाई सिकाइएका सीप कहाँ र किन बीचमै हराइरहेका छन् भन्ने ठूलो चिन्ताको विषय बनेको छ। सरकार अर्थात् तालिम केन्द्रहरूले शिक्षकको दिमाग र हातमा राखिदिएको शिक्षण सीप कक्षाकोठासम्म नपुग्नुमा स्वाभाविक रूपमै सबैभन्दा बढी जिम्मेवार शिक्षकहरू नै हुने देखिन्छ। अनि, उनीहरू स्वयंले नचाहँदासम्म त्यस्ता सीप र शैलीहरू अरू कसैले उपयोग गर्न–गराउन सक्ने देखिँदैन।



बाबुराम

तालिमले काम गर्‍यो !: २३ मङ्सिर २०६६ मा पद्मकन्या उमावि, डिल्लीबजार, काठमाडौंमा कक्षा ४ मा गणित शिक्षण गरिरहेका तालिम प्राप्त शिक्षक धनप्रसाद घिमिरे १० महिने तालिमले आफ्नो शिक्षणशैली सुधारेको धारणा राख्छन्।

# कक्षामै पुगेन

*तपाईं सोध्नुहोस्, 'शिक्षकले तालिममा सिकेका कुरा कक्षाकोठामा कत्तिको प्रयोग गर्न गरेका छन् ?'*

*बहुसङ्ख्यकको जवाफ हुनेछ, 'अत्यन्त थोरै' अथवा 'गर्दै गर्दैनन् !'*

'नेपालका सार्वजनिक अर्थात् सरकारी स्कूलका शिक्षकले तालिममा सिकेका सीप र विधि कक्षाकोठामा प्रयोग गर्दैनन्' भन्ने कुरा आम मान्यता जस्तै बनेको छ। यसमा स्वयं शिक्षक र तिनका प्रतिनिधि संघ-संस्थाहरू पनि प्रतिरक्षात्मक भेटिन्छन्। उनीहरू आफ्नो बचाउ गर्न शैक्षिक सामग्रीको अभाव, धेरै विद्यार्थी सङ्ख्या, धेरै घण्टी पढाउनुपर्ने बाध्यता, प्रोत्साहनको कमी जस्ता कारण अघि सार्ने गर्छन्। र, *शिक्षक* मासिकले पनि 'शिक्षकलाई राम्रो पढाउनका लागि दिएको तालिमको प्रभाव कक्षाकोठासम्म पुगेको छैन' भन्ने मान्यता बोकेर नै यो अध्ययन सुरु गऱ्यो।

शिक्षक तालिमको प्रभावकारिता अध्ययनको थालनी राजधानीकै केही सार्वजनिक विद्यालयका कक्षा शिक्षणको अवलोकनबाट गरियो। यस क्रममा २३ मङ्सिर २०६६ मा काठमाडौंको डिल्लीबजारस्थित पद्मकन्या उच्च माविको कक्षा ४ मा प्रवेश गरियो। दस वर्षदेखि शिक्षण पेसामा रहेका भए पनि गत वैशाखमा मात्र १० महिने शिक्षक तालिम पूरा गरेका अस्थायी शिक्षक धनप्रसाद घिमिरे नानीहरूलाई गणित पढाउँदै थिए। गणितको 'सजातीय' अङ्क/सङ्ख्याको अर्थ बुझाउन उनले छात्राहरूले लगाएको रातो रङको स्वेटरलाई उदाहरणका रूपमा प्रस्तुत गरे। विद्यार्थीहरूले अत्यन्त सहजतापूर्वक उक्त शब्दको अर्थ र आशय बुझेको प्रतिक्रिया जनाए।

धनप्रसादको पढाउने शैली र विधिमा शिक्षक तालिमले केही फरक पाऱ्यो कि पारेन त ? 'अवश्य पाऱ्यो', धनप्रसाद भन्छन्, "सबैभन्दा ठूलो असर त सोचाइमा नै पऱ्यो। पहिले, शैक्षिक सामग्री स्कूलले नै दिनुपर्छ भन्ने ठानिन्थ्यो। आफूलाई त्यस्ता सामग्री बनाउन पनि आउँदैनथ्यो। कुर्सीमा बसी-बसी पढाउनु अस्वाभाविक लाग्दैनथ्यो। कमजोर विद्यार्थीलाई हप्काउनु-तर्साउनु जरुरी लाग्थ्यो। त्यस्तालाई शिक्षकले



बाबुराम

**तालिमले काम गरेन !: पद्मकन्या उमाविमै एम.एस.सी./बी.एड. गरेर विज्ञान शिक्षण गर्दै आएकी मावि शिक्षक रिता हुमागाईं आफूले जानेका सीप प्रयोग गर्न नसकिएको अनुभव सुनाउँछिन्।**

किरण पाण्डे



काठमाडौंको सिफलस्थित बाल व्यावसायिक माविमा गरिएको शिक्षक तालिममा सहभागी काठमाडौंका शिक्षक।

**अहिलेसम्म शिक्षक तालिममा १५ करोड अमेरिकी डलर (करिब रु.११.५ अर्ब) लगानी गरेको शैक्षिक जनशक्ति विकास केन्द्रको शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख छ। केन्द्रले मात्र शिक्षक तालिमको नाममा वर्षको रु.३० करोड जति खर्च गर्दै आएको छ। शिक्षा मन्त्रालयले आफ्नो सबैभन्दा बढी लगानी भएको कार्यक्रमको रूपमा शिक्षक तालिमलाई लिने गरेको छ।**

हप्काई होइन हौसला दिनुपर्छ भन्ने त सोचिएको पनि थिएन।"

धनप्रसाद तालिमपछि आफ्नो शिक्षण शैलीमा ठूलो परिवर्तन आएको र तालिममा सिकेका ७५ प्रतिशत सीप र अवधारणा आफूले कक्षाकोठामा प्रयोग गरिरहेको बताउँछन्। उनी थप्छन्, "अल्छी नै गरियो भने त अर्कै कुरा हो, अन्यथा तालिममा सिकाइएका अधिकांश कुरा कक्षाकोठामा उतार्न कठिन छैनन्, सकिन्छ।" उनलाई बी.एड. र दसमहिने तालिमको कोर्ष उस्तै-उस्तै लाग्छ।

सोही विद्यालयको कक्षा १० मा रीता हुमागाईं रसायन विज्ञानअन्तर्गत काँच र सिलिकाका बारेमा पढाउँदै थिइन्। रीताले एमएससीसँगै बी.एड. पनि गरेकी छन्। उनी पाठ्यपुस्तकमा दिइए जस्तै काँचका प्रकार र तत्सम्बन्धी सूत्रहरू कालोपाटीमा लेखेर पढाउँदै थिइन्। कालोपाटी र चक-डस्टरसँगै काँच/सिलिकाका टुक्रा पनि प्रयोग गरेको भए विद्यार्थीलाई कुरा बुझाउन बढी सजिलो हुन्थ्यो कि भन्ने प्रश्न गर्दा उनी प्रतिरक्षात्मक भइन्। रीताको कथन थियो, "प्रयोगात्मक ढङ्गले पढाउन थाल्दा समय पुग्दैन। विद्यार्थीले सिके/नसिकेको 'फिडब्याक' लिनभन्दा समयमा पाठ सक्नमै ध्यान दिनुपर्छ। त्यसैले विज्ञानका सूत्र नघोकाई सुखै छैन।" काँचका टुक्रा विद्यालयमा उपलब्ध नभएको पनि उनले बताइन्। उनको भनाइको सार थियो- १० कक्षाको विज्ञान जटिल र बोझिलो भएकाले बी.एड.मा सिकेको सीप प्रयोग गरेर पढाउन कठिन छ।

पद्मकन्या उमाविका यी शिक्षकद्वय घिमिरे र हुमागाईंमा केही समानता छन् भने असमानता पनि छन्। उनीहरू एउटै स्कूलका शिक्षक हुन् र दुवैजना शिक्षण सीपसम्बन्धी तालिम प्राप्त छन्। धनप्रसाद तालिममा सिकेका कुरा कक्षामा उतार्न सकिन्छ भन्ने विश्वास राख्छन् भने रीता त्यसो गर्न नसकिने कैयौं कारण अघि सार्छिन्।

## अध्ययनका निचोडः उस्तै उस्तै

शिक्षक तालिमको अवस्था, उपादेयता र प्रभावकारिताका बारेमा शिक्षा मन्त्रालयअन्तर्गतको शैक्षिक जनशक्ति विकास केन्द्र, शिक्षा विभाग र सेरिड, फूल ब्राइट कन्सल्टेन्सी आदि डेढ दर्जन संस्थाले अहिलेसम्म ३० भन्दा बढी अध्ययन/अनुसन्धान गरेको पाइन्छ। र, प्रायः सबै अध्ययनका नतिजा उस्तै-उस्तै देखिन्छः 'तालिम लिनुअघि र पछि शिक्षकको पढाउने शैली/विधिमा तात्त्विक परिवर्तन आउन सकेन।'

शिक्षा मन्त्रालय सीटीईभीटीअन्तर्गतको प्राविधिक प्रशिक्षण प्रतिष्ठान (टीआईटीआई) ले गत १० मार्चदेखि यही १५ नोभेम्बर (२००९) सम्म गरेको शिक्षक तालिमको प्रभावकारितासम्बन्धी पछिल्लो अध्ययनलाई अहिलेसम्मकै सबैभन्दा विस्तृत मानिएको छ। डा. भवानीशङ्कर सुवेदीको संयोजकत्वमा डा. विद्यानाथ कोइराला, डा. विष्णु कार्की, डा. यज्ञराज पन्त लगायत ९ जना विज्ञको समूहले २५ जिल्लाका ४५ प्राविका ४ हजार ३३ शिक्षकबीच गरेको उक्त अध्ययनको निचोड पनि शिक्षक तालिमले कक्षाकोठाको पठनपाठनमा आशातीत सुधार गर्न नसकेकै रहेको छ। सो अध्ययनको सारांशमा 'तालिमले पठनपाठन सुधार्न कुनै भूमिका नखेले पनि तालिम प्राप्त शिक्षकहरूको व्यक्तित्व विकास र आत्मोन्नतिमा भने महत्त्वपूर्ण योगदान पुगेको' उल्लेख छ। उक्त अध्ययनका संयोजक डा. सुवेदी भन्छन्, "तालिमले पढाइ सुधार्न खासै सहयोग पुगेको छैन तर, शिक्षकको उन्नति भने गरेको छ।" तालिमप्राप्त शिक्षकहरू शिक्षणमा भन्दा गैर-शैक्षिक क्रियाकलापमा बढी सक्रिय रहने गरेको पनि सो अध्ययनले देखाएको छ।

यो अध्ययनले शिक्षक तालिमको प्रभाव सम्बन्धमा

मुख्यतः चार वटा निचोड प्रस्तुत गरेको छ। **पहिलो;** स्कूलका सरोकारवालाले शिक्षकको पेसागत सीप बढाउन तालिमको आवश्यकतालाई स्वीकार गरेका छन्। **दोस्रो;** तालिमको पाठ्यक्रमले अपेक्षा गरेका क्रियाकलाप गर्न तालिममा सहभागी शिक्षकहरूले जाँगर देखाउने गरेका छैनन्। **तेस्रो;** तालिम र शिक्षकका कामको पर्याप्त अनुगमन नभएका कारण शिक्षकहरूले तालिममा सिकेका कुरा व्यवहारमा लागू गर्न सकेका छैनन्। **चौथो;** तालिमले आशा गरेभन्दा अत्यन्तै न्यून मात्रामा शिक्षकको पढाउने शैलीमा सुधार गरेको तथा बालबालिकाको स्कूलमा पहुँच स्थापित गर्न र शिक्षकको दक्षता बढाउन योगदान गरेको छ।


शैक्षिक अनुसन्धान संस्था *सेरिड* ले सन् २००२ मा झापा, तनहुँ र दार्चुलाका १०९ वटा सरकारी स्कूलमा गरेको अध्ययनले तालिमप्राप्त शिक्षकमध्ये एकतिहाईले मात्र कक्षामा जानुअघि तयारी गर्ने गरेको र तीमध्ये २८ प्रतिशतले व्यावसायिक रूपमा तयार गरिएका शैक्षिक सामग्री शिक्षण कार्यमा उपयोग गरेको देखाएको छ। त्यस्तै, तालिमप्राप्त शिक्षकमध्ये २९ प्रतिशतले मात्र छात्रछात्रालाई समूहगत कार्यमा सरिक गराउने गरेको, सबैले प्रवचनशैली (लेक्चर मेथड) मै पढाउने गरेको र तालिममा सिकेका कुरा शिक्षकले कक्षाकोठामा लागू गर्ने नगरेको पनि सो अध्ययनको निष्कर्ष छ।

यसअघि *सेरिड* ले नै सन् १९९८ मा काठमाडौं, भक्तपुर र ललितपुरका १० वटा सरकारी र १० वटा निजी स्कूलमा गरेको शिक्षक तालिम र कक्षाकोठाको अभ्यासमा तालिमको उपयोगिता विषयक अध्ययनमा पनि तालिम लिएका शिक्षकले आफूले सिकेको सीप कक्षाकोठामा उपयोग नै नगरेको उल्लेख गरिएको थियो। त्यो अध्ययनमा समेटिएका सरकारी स्कूलका ५८.१० प्रतिशत र निजीका ५.७६ प्रतिशत शिक्षकले शिक्षक तालिम लिएको, तीमध्ये निजी स्कूलका शिक्षकले आफैंले बनाएका शैक्षिक सामग्री प्रयोग गर्ने गरेको तर सरकारी स्कूलका शिक्षकले शैक्षिक सामग्री प्रयोग नै नगरेको पाइएको थियो। तालिममा सिकेका कुरा कक्षामा लागू नगर्ने ८० प्रतिशत शिक्षकहरूले चाहिँ तालिमलाई व्यवहारमा उतार्न शिक्षण तथा खेलकुद सामग्री र भौतिक सुविधाको उचित व्यवस्था हुनुपर्ने माग गरेका थिए। *सेरिड* को सर्वेक्षणका क्रममा तालिम लिएकामध्ये ७० प्रतिशत शिक्षकले कक्षा शिक्षणको प्रभावकारी अनुगमनको माग गरेका थिए भने ५० प्रतिशतले स्थलगत रूपमै (अन द स्पट) थप तालिम आवश्यक रहेको उल्लेख गरेका थिए। सरकारी स्कूलका अधिकांश शिक्षकले 'लेक्चर मेथड' मा पढाउने र निजी स्कूलका शिक्षकले प्रश्नोत्तर, समस्या समाधान, छलफल, प्रदर्शन र प्रयोगात्मक विधिमा शिक्षण गरेको सो अध्ययनले देखाएको छ।

सन् २००६ मा शिक्षा विभागसँगको साझेदारीमा

**शिक्षकले तालिममा सिकेका कुरा कक्षाकोठामा उतार्ने सवालमा सबैका आ-आफ्नै सुझाव/प्रस्ताव छन्। सरकार शिक्षकले जाँगर देखाएमा अहिलेकै अवस्थामा पनि तालिममा सिकेका सीप कक्षाकोठामा उतार्न सकिने ठान्छ भने शिक्षकहरूले भने पाठ्यभारको बोझ र छात्रछात्राको सङ्ख्या घटाइएमा अनि स्कूलको भौतिक/शैक्षिक पूर्वाधार सुधारसहित शैक्षिक सामग्री उपलब्ध गराइएमा तालिममा सिकेका कुरा लागू गर्न सकिने शर्त राख्ने गरेका छन्।**

**काठमाडौंको सिफलस्थित बाल व्यावसायिक माविमा आयोजना गरिएको शिक्षक तालिममा सहभागी शिक्षकहरू।**



किरण पाण्डे



*फूल ब्राइट कन्सल्टेन्सी* ले देशका विभिन्न १५ वटा सार्वजनिक स्कूललाई आधार बनाएर गरेको प्राथमिक शिक्षक तालिमको प्रभावकारितासम्बन्धी अध्ययनले चाहिँ तालिम लिएका शिक्षकले तालिममा सिकेकामध्ये ५० प्रतिशत सीप कक्षामा उपयोग गर्ने गरेको देखाएको छ। यो अध्ययनले तालिम प्राप्त शिक्षकले स्कूलमा स्तरीय शैक्षिक क्रियाकलाप गर्नका लागि विद्यालयले व्यवस्थापकीय सहायता पुऱ्याउनुपर्नेमा जोड दिँदै तालिम नलिएका शिक्षकभन्दा तालिम लिएका शिक्षकको कार्यसम्पादन राम्रो रहेको उल्लेख पनि गरेको छ।

**समस्या तालिम कि शिक्षक ?**

ठूलो धनराशी खर्च गरेर सरकारले सञ्चालन गरेको शिक्षक तालिम प्रभावकारी नभएको तथ्य स्वयं तालिम प्रदायक संस्था *शैक्षिक जनशक्ति विकास केन्द्र* ले समेत स्वीकार गरिसकेको छ। उक्त संस्थाले विभिन्न समयमा गरेका अध्ययनहरूले शिक्षकले तालिममा सिकेका कुरा दैनिक जीवनमा लागू नगरेका थुप्रै दृष्टान्तहरू अगाडि ल्याएका छन्। केन्द्रले २०६३ मा प्रकाशित गरेको *इफेक्टिभनेश स्टडी अफ द प्राइमरी टिचर ट्रेनिङ इन नेपाल* नामक प्रतिवेदनमा 'समग्रमा शिक्षक तालिम सन्तोषजक पाइए पनि शिक्षकले शिक्षण कार्य गर्दा तालिममा सिकेका कुरा अपेक्षाअनुरुप लागू नगरेको देखिएको' उल्लेख छ।

शिक्षक तालिमको प्रभाव कमजोर देखिनुमा सरकारको नीति, तालिमको पाठ्यक्रम, प्रशिक्षकको भूमिका, शिक्षकको प्रवृत्ति वा विद्यालयको शैक्षिक-भौतिक पूर्वाधारमध्ये को कति जिम्मेवार छन् भन्ने बारेमा वस्तुनिष्ठ लेखाजोखा हुन बाँकी छ। तालिम नै त्रुटिपूर्ण छ कि तालिम लिएका शिक्षकको प्रवृत्ति बाधक भन्ने जिज्ञासाको सटिक जवाफ कतै फेला पर्दैन। अहिलेसम्मका अध्ययनहरूले तालिम भन्दा बढी

# शिक्षक तालिमः आ-आफ्नै धारणा

**(क) जिल्ला शिक्षा कार्यालय/विद्यालय निरीक्षक/स्रोतव्यक्तिहरूः**

- शिक्षकहरू तालिम लिन रुचि राख्छन् तर तालिम लिएर फर्केपछि उपयोग गर्दैनन्।
- जिल्ला शिक्षा कार्यालयमा आउँदा घरपायक सरुवा, काज जस्ता समस्या मात्र राख्छन्। पाठ्यक्रम, मूल्याङ्कन, शिक्षण-सिकाइसम्बन्धी समस्या र जिज्ञासा लिएर कहिल्यै आउँदैनन्/सोध्दैनन्।
- तालिमका ज्ञान, सीप र प्रवृत्ति भन्दा भत्तामा बढी रुचि राख्छन्।
- तालिममा ज्ञान, सीप सिक्छन् तर प्रवृत्ति सिक्दैनन्।
- तालिमका सीप उपयोग गर्नेबारेमा समस्या मात्र देखाउँछन्।
- शिक्षकको वास्तविक कार्यप्रति अभिभावक तथा समुदाय अनभिज्ञ रहेकाले शिक्षकहरू आफूखुसी गर्न स्वतन्त्र छन्।

**(ख) प्रधानाध्यापक**

- शिक्षकहरू तालिमका लागि सिफारिस नगरेकोमा गुनासो गर्छन् भने कतिपय चाहिँ तालिममा जानै मान्दैनन्।
- तालिममा सिकेको ज्ञान, सीप उपयोग गर्न सल्लाह दिँदा सुविधा र सामग्री उपलब्ध गराइदिनुपर्ने, 'आफ्नो खल्तीबाट खर्च गर्न नसकिने' जस्ता बहाना देखाएर उम्कन्छन्।
- तालिम नलिएका वा लिएर पनि सीपको उपयोग नगर्नेलाई देखाएर आफूलाई मात्र बढी काम लदाउन खोजेको आरोप लगाउँछन्।
- तालिममा सिकेका ज्ञान, सीप अन्य सहकर्मी शिक्षकहरूसँग आदानप्रदान गर्न चाहँदैनन्। अरूले पनि सोध्न र सिक्न चाहँदैनन्।
- तालिमपछि सुविधाको मात्र कुरा गर्छन्।
- तालिम उपयोग नगर्नेहरूको बहुमत देखाउने कोसिस गर्छन्।

**(ग) विद्यालय व्यवस्थापन समिति/अभिभावक**

- शिक्षकहरू विद्यालयको पठनपाठन अस्तव्यस्त बनाएर भए पनि तालिम भनेपछि दौडिहाल्छन्।
- तालिम लिएर आएपछि पनि सिकाउने तरिकामा परिवर्तन ल्याउँदैनन्।
- विद्यालय व्यवस्थापन समितिले तालिमका लागि सिफारिस गरिदिएन मात्र भन्छन् तर तालिम पूरा गरेपछि खासै उपयोग गर्दैनन्।

**(घ) तालिम केन्द्र**

- बहुसङ्ख्यक शिक्षकहरू तालिमप्रति रुचि राख्छन्।
- तालिमका क्रममा ज्ञान, सीप सिक्नभन्दा परीक्षामा बढी चासो राख्छन्।
- बिदा र अन्य सुविधाबारे बढी नै चिन्ता गर्छन्।
- सिकेको ज्ञान, सीप र प्रवृत्तिलाई लागू गर्ने प्रतिबद्धता व्यक्त गर्छन्।

शिक्षकको प्रवृत्ति र स्कूलको सामाजिक-राजनीतिक र शैक्षिक-भौतिक परिवेशलाई दोषी देखाएको पाइन्छ।

*शैक्षिक जनशक्ति विकास केन्द्र* ले २०६५ मा गरेको शिक्षक तालिमको अनुगमनले चाहिँ शिक्षकमा मात्र नभई तालिमका प्रशिक्षक र तालिम सञ्चालनका तरिकाहरूमा पनि त्रुटि रहेको औंल्याएको छ। तालिम केन्द्रहरूमा उपयुक्त भौतिक पूर्वाधारको अभाव रहेको, न्यून पारिश्रमिकका कारण धेरैजसो प्रशिक्षकले विना तयारी प्रशिक्षण दिने गरेको, तालिमका क्रममा पनि मूलत: परम्परागत विधि (लेक्चर मेथड) नै अपनाइने गरेको जस्ता कारणले तालिम प्रभावकारी हुन नसकेको केन्द्रको अनुगमन प्रतिवेदनमा उल्लेख छ। त्यस्तै तालिममा सहभागी शिक्षकको उपस्थिति दर कम र सक्रियताको अभाव अर्को समस्याको रूपमा रहेको बताइएको छ।

स्कूलको पाठ्यक्रम र पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले निर्माण गर्ने अनि शिक्षक तालिमको पाठ्यक्रम चाहिँ शैक्षिक जनशक्ति विकास केन्द्रले निर्माण गर्ने गरेका छन्। तर, यी दुई निकायबीच कुनै समन्वय भएको पाइँदैन। शिक्षा विभागले सन् २००६ मा गरेको अध्ययनले पनि यो कुराको पुष्टि गरेको छ। शिक्षक तालिमको प्रभावकारिता नामक उक्त अध्ययन प्रतिवेदनमा भनिएको छ, "तालिम पाठ्यक्रममा व्यावहारिक भन्दा बढी शैक्षिक गन्ध आउँछ, यो पाठ्यक्रमले शिक्षकको प्रस्तुतिलाई भन्दा सैद्धान्तिक पक्षलाई बढी जोड दिएको छ, सूक्ष्म शिक्षण गतिविधिलाई पाठ्यक्रम र तालिम निर्देशिकाले महत्त्व दिएको देखिँदैन। जबकि शिक्षकलाई योग्य बनाउन सैद्धान्तिकभन्दा बढी प्रयोगात्मक विधिहरूको ज्ञान दिनु आवश्यक हुन्छ।"

शिक्षा मन्त्रालयले २०६२ सालमा बनाएको तालिम नीतिले शिक्षक तालिमलाई अझ व्यावहारिक तथा प्रभावकारी बनाउनुपर्नेमा जोड दिएको थियो। तर, उक्त नीति लागू भएको चार वर्ष बित्दा पनि तालिमको अपेक्षित लक्ष्य हासिल हुनसकेको छैन। परिणामत: शिक्षक तालिमको औचित्यमै प्रश्नचिन्ह खडा भएको छ। शिक्षकले स्कूलको पढाइ नै छाडेर तालिम लिने तर तालिममा सिकेका कुरा आफ्नै खल्तीमा सीमित राख्ने गरेको कतिपयको भनाइ छ। मेहनत, समय र लागतअनुरुप तालिमले प्रतिफल नदिएपछि यसमा गरिएको राष्ट्रको अरबौंको लगानी व्यर्थमै गएको भान हुनथालेको छ। विभिन्न दातृ संस्थाको सहयोगमा सरकारले अहिलेसम्म शिक्षक तालिममा १५ करोड

- कोहीकोही चाहिँ तालिमलाई बोझको रूपमा लिन्छन्।
- तालिम मूलत: बढुवा प्रयोजनका लागि भएको ठान्छन्।

**(ङ) शिक्षक स्वयम्**

- तालिममा सिकाए जति उपयोग गर्न सकिँदैन। किनकि विद्यालयमा ५/६ घण्टी पढाउनुपर्छ।
- विद्यालय प्रशासनले शैक्षिक सामग्री उपलब्ध गराउँदैन। आफ्नो खल्तीबाट खर्च गरी सामग्री किन्न र बनाउन सकिँदैन।
- आवश्यक सहयोगी र सामग्री पाइँदैनन्; त्यसैले तालिममा सिके जस्तै गरी पढाउन सकिँदैन।
- अरू तालिमप्राप्त शिक्षकले उपयोग नगरेपछि आफूले मात्र किन गर्ने भन्ने लाग्छ।
- तालिमको सदुपयोग गरे पनि नगरे पनि त्यसको सही मूल्याङ्कन हुँदैन। 'गर्ने' र 'नगर्ने'बीच कुनै फरक नभएपछि किन गरिरहने ?
- तालिम उपयोग गर्नुभन्दा विद्यालय निरीक्षक, स्रोतव्यक्तिसँग नजिक हुँदा फाइदा हुन्छ भने किन दु:ख गर्ने ?
- बढुवा, पुरस्कार आदिका लागि कार्य सम्पादन मूल्याङ्कनमा भन्दा चाकरी महत्त्वपूर्ण भएपछि तालिम उपयोग गर्ने जाँगर नै चल्दैन।
- विद्यालयमा अन्य शिक्षकले चासो नलिने भएकाले अनुभव आदानप्रदान गर्न मन लाग्दैन।

**(च) अनुसन्धान**

- शिक्षकहरूले आफूसँग राम्रो ज्ञान र पकड भएको विषय राम्ररी पढाउने गरेको देखिएकाले तालिम प्रक्रियामा पुनर्विचार जरुरी भएको छ।
- तालिममार्फत सिकाइएका सीप (जस्तै; मूल्याङ्कन प्रक्रिया, शैक्षिक सामग्रीको निर्माण) काम लाग्ने देखिएका छन्। तर, तिनको प्रयोग अत्यन्त कम हुने गरेको छ।
- शिक्षकहरूले तालिममा प्राप्त सीपहरू कक्षा शिक्षणमा प्रयोग गर्न नसक्नुका पछाडि विद्यालयको नाजुक भौतिक पूर्वाधार, शिक्षकका लागि पेसागत सहयोगको कमी, बढी विद्यार्थी सङ्ख्या, बढी कार्यबोझ र शैक्षिक सामग्रीको कमी जस्ता कारणहरू रहेका छन्।
- तालिमका अनुगमन र निरीक्षण प्रक्रियाहरू प्रयोगमा ल्याइएका छैनन्।
- सबै तहका विद्यालयहरूमा लिखित पाठयोजनाको प्रयोग प्राय: शून्य छ। शिक्षकहरूले विद्यार्थीलाई पठनपाठनमा अभिप्रेरित गर्नमा अलिकति पनि ध्यान दिने गरेका छैनन्।
- कक्षा क्रियाकलापमा प्रश्नोत्तरबाहेक कक्षा कार्य, समूह कार्य र प्रयोगात्मक कार्यहरू प्राय: भएका छैनन्।
- गृहकार्य परीक्षण गर्ने चलन अत्यन्त न्यून छ। अरू विषय शिक्षकभन्दा अङ्ग्रेजी शिक्षकले यसमा कम वास्ता गरेका छन्। सामाजिक शिक्षा र अङ्ग्रेजी विषयको भन्दा गणित विषयको शिक्षकका निम्ति तालिम बढी प्रभावकारी देखिएको छ।
- माध्यमिक र निम्न माध्यमिक विद्यालयसँग आबद्ध प्राथमिक विद्यालयका शिक्षकहरूको तुलनामा शुद्ध प्राथमिक विद्यालयका शिक्षकहरूले पढाएका कक्षा तुलनात्मक रूपमा राम्रा देखिएका छन्।

(स्रोत: शिक्षा विभागद्वारा गरिएका अध्ययनहरूको प्रतिवेदन- २०५८/०६०)

| तालिमका आधारमा सरकारी शिक्षक | | | |
|---|---|---|---|
| विद्यालय | पूर्ण | आंशिक | तालिम नपाएका |
| प्रावि | ७७३२५ (७१%) | १६७४४ (१५%) | १४३७३ (१३%) |
| निमावि | १४०५३ (५५%) | ४८८५ (१९%) | ६७०६ (२६%) |
| मावि | १३४७४ (६९%) | १२४९ (१३%) | १२४७ (७.३%) |
| **तालिमका आधारमा निजी शिक्षक** | | | |
| तह | पूर्ण | आंशिक | तालिम नपाएका |
| प्रावि | १८९७३ (५४%) | ५३१२ (१५%) | १०८४७ (३१%) |
| निमावि | ५९८२ (५२%) | १०२५ (९%) | ४४१७ (३९%) |
| मावि | ५७८२ (५७%) | १२०९ (१३%) | २९१८ (२९%) |

*स्रोत: फ्ल्याक्स रिपोर्ट २०६५, शिक्षा विभाग*

अमेरिकी डलर (करिब रु.११.५ अर्ब) लगानी गरेको *शैक्षिक जनशक्ति विकास केन्द्र* को शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख छ। केन्द्रले मात्र शिक्षक तालिमको नाममा वर्षको रु. ३० करोड जति खर्च गर्दै आएको छ। शिक्षा मन्त्रालयले आफ्नो सबैभन्दा बढी लगानी भएको कार्यक्रमको रूपमा शिक्षक तालिमलाई लिने गरेको छ। सरकारी स्कूलका स्थायी दरबन्दीमा रहेका प्रायः सबै शिक्षकले तालिम पाइसक्दा स्कूलहरूको शैक्षिक उपलब्धि र गुणस्तरको ग्राफ उकालो लाग्नुपर्नेमा ओरालो लागेको पाइनु थप चिन्ताको विषय रहँदै आएको छ।

प्रावि, निमावि र माविको स्वीकृत दरबन्दीमा रहेका सबै शिक्षकलाई १० महिने शिक्षक तालिम दिइसकिएको *शैक्षिक जनशक्ति विकास केन्द्र* को दावी छ। केन्द्रले साउन २०६६ मा प्रकाशित गरेको शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिकामा स्वीकृत दरबन्दीमा रहेका ९८.२ प्रतिशत शिक्षकले १० महिने तालिम पूरा गरेको उल्लेख छ। तर, त्यसको विस्तृत आँकडा सार्वजनिक गरिएको छैन। शिक्षा विभागद्वारा २०६५ मा प्रकाशित फ्ल्यास रिपोर्ट-१ अनुसार प्राविका १३, निमाविका २६ र माविका ७.३ प्रतिशत शिक्षकले तालिम लिन बाँकी रहेको उल्लेख छ *(हे. तालिका)*। सरकारी स्कूलमा ठूलो सङ्ख्यामा भित्रिएका राहत, पीसीएफ, निजीस्रोत, सट्टा, विशेष विद्यालय शिक्षक, महिला परियोजना शिक्षक, सहयोगी कार्यकर्ता, गैससद्वारा नियुक्त शिक्षक, लियन शिक्षक, गुम्बा, मदरसा तथा गुरुकुलमा कार्यरत शिक्षक र स्वयंसेवक शिक्षकहरू १० महिने शिक्षक तालिममा समेटिएका छैनन्।

स्थायी दरबन्दीमा रहेका सबै शिक्षकले तालिम लिइसकेको भनेर शिक्षा मन्त्रालयले यसै आर्थिक वर्षबाट १० महिने शिक्षक तालिम बन्द गरेको छ। यो वर्षदेखि *विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआर)* अन्तर्गत शिक्षकको पेसागत विकास नामक नयाँ तालिम कार्यक्रम लागू गर्ने तयारी गरिएको छ। आधारभूत तालिमप्राप्त शिक्षकलाई लक्षित गरी तयार गरिएको उक्त तालिम कार्यक्रमको जम्मा अवधि एक महिनाको हुनेछ। यस अन्तर्गत पहिलो चरणमा पाँच दिन प्रत्यक्ष रूपमा तालिम सञ्चालन गरिने, दोस्रो चरणमा तीन दिन कार्यभार बराबरको क्रेडिट पाउने गरी शिक्षक आफ्नै स्कूलमा स्वाध्ययन तथा स्कूलका काममा संलग्न हुने तथा अन्तिममा प्रशिक्षकले सम्बन्धित शिक्षकको विद्यालयमा गएर उसका कामहरूको मूल्याङ्कन गरी प्रमाणपत्र जारी गर्ने विधि तय गरिएको छ। शिक्षकले सामना गर्नु परेका शिक्षणसम्बन्धी समस्या समाधान गरी तिनको पेसागत दक्षता अभिवृद्धि गर्ने उद्देश्य लिइएको यो कार्यक्रमले शिक्षकको शिक्षण शैलीलाई सुधार्न सक्छ कि सक्दैन भन्ने कुनै निश्चित चाहिँ छैन।

विश्वविद्यालय तथा क्याम्पसमा हुने शिक्षाशास्त्र सम्बन्धी अध्ययन पनि विगतको तुलनामा कमजोर र फितलो हुँदै गएको गुनासो पाइन्छ। शिक्षक उत्पादनको मुख्य थलो मानिएको त्रिविविको शिक्षाशास्त्र सङ्कायको पठनपाठन शैली पनि आलोचनाबाट मुक्त छैन। आई.एड., बी.एड. र एम.एड.का छात्रछात्राले देखावटी रूपमा मात्रै शिक्षण अभ्यास (टिचिङ प्राक्टिस) गर्ने गरेको समेत भेटिने गरेको छ। एकथरी शिक्षाविद्हरूले शिक्षक तालिम र शिक्षाशास्त्रको औपचारिक अध्ययन, दुवैको स्तर खस्कँदै गएका कारण त्यसको सीधा असर स्कूलको पठनपाठनमा परेको निष्कर्ष निकाल्ने गरेको पाइन्छ। शिक्षा विभागका निर्देशक खगराज बराल भन्छन्, "स्कूल तहको शिक्षक तयार गर्ने काम विश्वविद्यालयको हो तर विश्वविद्यालयको स्तर पहिलेभन्दा अहिले खस्केको छ।" शैक्षिक जनशक्ति विकास केन्द्रले चाहिँ विश्वविद्यालयको शिक्षाशास्त्र सम्बन्धी अध्ययनभन्दा आफ्नो तालिम स्तरीय भएको दावी गरेको छ। केन्द्रका प्राविधिक अधिकृत बौद्धराज निरौला भन्छन्, "शिक्षाशास्त्र सङ्कायमा जति काम लगाइन्छ, हाम्रो १० महिने तालिममा त्यसको १० गुणा बढी लगाइन्छ।"

पद्मकन्या उमाविकी प्रअ राधा ढुङ्गानाको अनुभवमा पनि आई.एड., बी.एड. पढेका भन्दा १० महिने तालिम लिएका शिक्षकहरू शिक्षण कार्यमा बढी सक्रिय र प्रभावकारी हुने गरेका छन्। उनी भन्छिन्, "तालिम लिएका साथीहरू बढी शैक्षिक सामग्री माग्नुहुन्छ र विद्यार्थीले पनि उहाँहरूबाट राम्ररी सिक्न सकेको देखिन्छ। उहाँहरूको सक्रियता देख्दा बिदाको बेला शिक्षक तालिम आयोजना भए सबै शिक्षकलाई पठाउँ जस्तो लाग्छ।"

## उपाय बाँकी छन्

शिक्षकले तालिममा सिकेका कुरा कक्षाकोठामा उतार्ने सवालमा सबैका आ-आफ्नै सुझाव/प्रस्ताव छन्। सरकार शिक्षकले जाँगर देखाएमा अहिलेकै अवस्थामा पनि तालिममा सिकेका सीप कक्षाकोठामा उतार्न सकिने ठान्छ भने शिक्षकहरूले भने पाठ्यभारको बोझ र छात्रछात्राको सङ्ख्या घटाइएमा अनि स्कूलको भौतिक/शैक्षिक पूर्वाधार सुधारसहित शैक्षिक सामग्री उपलब्ध गराइएमा तालिममा सिकेका कुरा लागू गर्न सकिने शर्त राख्ने गरेका छन्। मौजुदा शैक्षिक भौतिक

पूर्वाधारमै पनि 'राम्रो गरिरहेका' तालिम प्राप्त शिक्षकको अभ्यास हेर्दा चाहिँ शिक्षकले जाँगर चलाएमा तालिममा सिकेका धेरै कुरा तत्कालै कक्षामा पुग्ने सम्भावना देखिन्छ । यसका निम्ति सरकार/जिशिका, शैक्षिक जनशक्ति विकास केन्द्र, विद्यालय निरीक्षक/स्रोतव्यक्ति आदिले शिक्षकको कामको नियमित अनुगमन गरी त्यसलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग जोड्न सकेको खण्डमा पनि तालिम लिएका शिक्षकहरू आफ्नो सीप उपयोग गर्न बाध्य हुने अवस्था देखिन्छ ।

तालिम प्राप्त शिक्षकले केही सिकिएन, तालिम काम लागेन भन्ने गरेको विरलै सुनिन्छ । तिनले तालिमबाट केही न केही सिकेको अनुभूति गरेका कारण पनि तालिमको औचित्य सकिएको निचोड निकाल्न मिल्ने देखिँदैन। तालिमप्राप्त शिक्षकले राम्रो काम गर्दा तिनलाई पुरस्कृत गर्ने प्रणालीको विकास गर्न सके त्यसले शिक्षकलाई प्रेरित गर्न सक्छ। तथापि सिकेका कुरा लागू गर्न शिक्षक स्वयं तत्पर हुनुभन्दा भरपर्दो उपाय चाहिँ अर्को हुनसक्ने देखिँदैन। जतिसुकै अप्ठ्यारो भए पनि स्कूल तहको पठनपाठन नसुधारी सुख छैन। आज नभए भोलि पनि त्यो काम गर्नै पर्नेछ। अनि त्यसमा प्रमुख भूमिका शिक्षकहरूले नै निर्वाह गर्नुपर्नेछ । यो सन्दर्भमा, नेपाल शिक्षक युनियनको केन्द्रीय कार्यसमितिले हालसालै गरेको 'आफ्नो विद्यालय आफैं सुधारौं' भन्ने निर्णयलाई शिक्षक समुदायलगायत सरकारका सम्बद्ध शैक्षिक निकाय, शिक्षा प्रशासन, शिक्षाविद्, अभिभावक, स्थानीय सरकार र नागरिक समाज आदिले एउटा उपयुक्त अवसरको रूपमा उपयोग गर्न सक्छन् । योग्य शिक्षकहरूले आफ्नो स्कूलको शैक्षिकस्तर सुधार्ने अठोट गर्न सक्छन् ।

अस्त्रविना सिपाहीले युद्ध लड्ने परिकल्पना गर्न कठिन पर्छ । त्यस्तै औजारविना किसानले खेती गर्ने अनुमान गर्न पनि सकिँदैन। गलाविना गायकले गीत गाउन सक्छ भन्ने ठान्न मिल्दैन। त्यसैगरी तालिमविना शिक्षकले कक्षाकोठामा गतिलो पठनपाठन गर्न पनि सक्दैन। शिक्षकको शिक्षण सीप बढाउन मात्र होइन, स्कूलको शैक्षिक उन्नतिको महत्त्वपूर्ण कडी नै शिक्षक तालिम बन्नुपर्ने देखिन्छ ।

तथापि, स्कूलको शैक्षिक क्रियाकलापप्रति समाज/अभिभावकले निगरानी नथालेसम्म शिक्षक तालिम कक्षाकोठामा तत्कालै पुगिहाल्ने देखिँदैन । अभिभावकले स्कूलको आर्थिक कारोबार तथा शैक्षिक उपलब्धिको लेखाजोखा गर्न सामाजिक लेखापरीक्षण गर्नु उचित विकल्प हुनसक्छ। यसबाट शिक्षकले तालिममा सिकेका सीप लागू गरे/नगरेको तथा छात्रछात्राले आफ्ना शिक्षकबाट सिके/नसिकेको समेत थाहा पाउन सकिन्छ । सामाजिक लेखापरीक्षणका साथै स्कूलमा 'नागरिक बडापत्र' को व्यवस्था गरिनु पनि जरुरी छ। उक्त बडापत्रमा कम्तीमा पनि शिक्षक, छात्रछात्रा र अभिभावकको दायित्वसम्बन्धी स्पष्ट व्यवस्था गरिनुपर्छ । जस्तै; शिक्षकले पढाउन जाँदा आफूले तालिममा सिकेका कुरा लागू गर्नुपर्ने, छात्रछात्राले पनि सिकाइको उद्देश्यअनुरुप सिकेको हुनुपर्ने अनि अभिभावकले स्कूलमा पठनपाठनको अनुगमन गर्नुपर्ने कुराहरू बडापत्रमा राख्न सकिन्छ ।






तस्बिरहरू: मायनर मिलर

# शिक्षक तालिम विद्यार्थीका लागि हो

सार्वजनिक स्कूलका शिक्षकले शिक्षक तालिमको उपयोग नगरेको भनाइ बारम्बार सार्वजनिक हुने गरेको छ। ठूलो धनराशी खर्च गरेर शिक्षकको पेसागत सीप विकासका लागि सञ्चालन गरिएको शिक्षक तालिमले कक्षा शिक्षण सुधार्न नसकेको ठहर विभिन्न अध्ययनहरूले पनि गरेका छन्। तथापि यो वा त्यो रूपमा शिक्षक तालिम चली नै रहेका छन्। शिक्षक तालिमको समग्र अवस्था के छ ? तालिमबाट शिक्षकले सिकेका सीप तथा विधि कक्षामा पुगेका छैनन् भने नपुग्नुका कारण र व्यवधान के हुन् ? ती व्यवधान हटाएर तालिमलाई कक्षा–शिक्षणको सुधारका लागि कसरी उपयोग गर्न सकिन्छ त भन्ने सवाल अगाडि राखेर १७ मङ्सिर २०६६ मा *शिक्षक* मासिकले एलाइन्स फर सोसियल डायलग (एएसडी) को सहयोगमा विज्ञ र अनुभवीहरूबीच संवादको आयोजना गर्‍यो।

शिक्षक तालिमको वर्तमान अवस्था र उपयोगिता सम्बन्धमा *शिक्षक* मासिकका पत्रकार बाबुराम विश्वकर्माले तयार पारेको सङ्क्षिप्त स्थिति–पत्रमा आधारित उक्त संवादको सञ्चालन एएसडीका निर्देशक हरि शर्माले गरेका थिए। त्यस अवसरमा *शिक्षक* मासिकका सम्पादक राजेन्द्र दाहालले तालिम कक्षाकोठामा पुगेन भनेर बीचमै छोड्न नहुने; बरु कसरी तालिमलाई व्यवहारमा लागू गर्न सकिन्छ भन्ने उपाय निकाल्नुपर्ने बताउँदै त्यसनिम्ति विज्ञहरूलाई व्यावहारिक उपाय सुझाउन आग्रह गरेका थिए। संवादका अधिकांश वक्ताहरूले शिक्षक तालिमको अपरिहार्यता र सान्दर्भिकता सधैं रहिरहने तर त्यसलाई उपयोगी तुल्याउन सही उम्मेदवारलाई मात्र शिक्षक बनाइनुपर्ने र तालिमलाई शिक्षकको वृत्ति–विकासभन्दा कक्षाकोठाको शैक्षिक उपलब्धिसँग आबद्ध गरिनुपर्ने विचार व्यक्त गरेका थिए। यहाँ, उक्त संवादमा व्यक्त विचारहरूको मुख्य अंश प्रस्तुत गरिएको छ:

# तालिमः निरन्तर चल्नुपर्छ

**बाबुराम अधिकारी**
अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन



धरातलीय यथार्थ नबुझी शिक्षक तालिम कार्यक्रम तय गर्दा अपेक्षित लक्ष्य प्राप्त गर्न सकिँदो रहेन छ। सरकारले सामुदायिक स्कूलका शतप्रतिशत शिक्षक तालिम प्राप्त भइसकेको दाबी गरेको छ। तर, तालिम क-कसले पाउने भन्ने नीतिगत अस्पष्टताका कारण एउटै विद्यालयमा रहेका १४ किसिमका शिक्षकले तालिम पाउन सकेका छैनन्। स्थायी शिक्षकलाई मात्र १० महिने तालिम दिइएको छ। अरू प्रकृतिका शिक्षकलाई तालिममा समावेश गरिएको छैन। जबकि कक्षाकोठामा पढाउने सबै शिक्षक हुन्। त्यसैले सबै शिक्षकले तालिम पाए भन्ने निचोडमा पुग्नु उचित छैन।

हाम्रो शिक्षक तालिम कर्मकाण्डीय पाराको छ। तालिमको प्रविधि समयसापेक्ष छैन। मोडल एउटै छ, तालिमको सन्दर्भ र विषयवस्तु पनि एउटै छ। तालिमका व्यावहारिक समस्या पनि छन्। शिक्षकको जतिसुकै इच्छाशक्ति भए पनि रूखमुनि वा चौतारामा विद्यार्थीलाई राखेर पढाउनुपर्ने अवस्था अझै पनि विद्यमान छ। त्यस्तो वातावरणमा तालिममा सिकेको सीप कसरी प्रयोग गर्ने? मैले पनि एमफिलसम्म शिक्षाशास्त्र पढ्दा थुप्रै कुरा सिकेको छु। तर, मलाई त्यही अनुसार कक्षाकोठामा गएर पढा भन्नुभयो भने म प्रभावकारी शिक्षण गर्न सक्दिनँ। त्यहाँको अवस्थाले नै साथ दिँदैन।

शिक्षक तालिममा सिकेका/सिकाइएका सीप कक्षाकोठासम्म नपुग्नुमा हामी सबै जिम्मेवार छौं। हामीले आफूलाई नसच्याएसम्म स्थिति सुध्रिँदैन। विज्ञहरूले अनुसन्धान गरेर छोडिदिने, शिक्षा मन्त्रालयका कर्मचारी 'नीति नभई हामीले केही गर्न मिल्दैन' भनेर पन्छिने अनि दोष जति शिक्षकलाई थोपर्ने प्रवृत्ति छ। स्कूल अनुगमन र सुपरीवेक्षणको संयन्त्र अत्यन्त कमजोर छ। अनुगमन पनि कक्षाकोठासम्म पुगेको छैन।

तालिममा अब नयाँपन दिनुपर्छ। स्थायी शिक्षकले तालिम पाइसके भनेर १० महिने तालिम रोक्नु पनि हुँदैन। तालिम निरन्तर रूपमा सिक्ने र सिकाउने प्रक्रिया हो। त्यसैले विगतका कमजोरी सुधारेर अहिलेको परिवेशसँग मिल्ने किसिमका तालिम सञ्चालन गर्नुपर्छ। पुराना शिक्षकलाई पुनर्ताजगी तालिम दिने वा उनीहरूलाई सम्मानपूर्वक बिदा गरेर नयाँ पुस्तालाई नयाँ ढङ्को तालिम दिएर कक्षा-शिक्षणमा ल्याउने भन्ने सवालमा बहस आवश्यक छ।

**गणेशबहादुर सिंह**
उप-प्राध्यापक, शिक्षाशास्त्र सङ्काय, त्रिविवि



फुलब्राइट कन्सल्टेन्सीले गरेको अनुसन्धानले शिक्षक तालिम कक्षाकोठामा ५० प्रतिशत लागू भएको देखाएको छ। अब ५० प्रतिशत लागू भएको कुरालाई महत्त्व दिने कि ५० प्रतिशत लागू नभएको कुरालाई जोड दिने? मेरो विचारमा सकारात्मक कुरालाई नै बढी प्राथमिकता दिनुपर्छ।

कक्षा-शिक्षण सुधार गर्नका लागि निकै समय लाग्दोरहेछ। अनुसन्धानकै क्रममा हामीले एकजना अनुभवी नर्वेजियन प्राध्यापकलाई बोलाएर सेमिनार गरेका थियौं। उहाँको अनुभव के थियो भने कक्षा-शिक्षण सुधारका लागि एउटा पुस्ता नै परिवर्तन हुनुपर्छ। एउटा ढाँचामा सिकेको शिक्षकलाई १-२ वर्षमै नयाँ ढाँचामा ढाल्न गाह्रो हुने रहेछ। निरन्तर अभ्यास गरियो भने कम्तीमा १० वर्षमा हामीले सोचेको जस्तो परिवर्तन आउन सक्छ। विदेशका अनुसन्धानले पनि यही देखाएका छन्।

# शिक्षक संस्था अग्रसर होऊन्

**लक्ष्मण शर्मा**
प्रअ, सत्यवती उमावि, धादिङ



म छात्र छँदा कक्षाकोठाको बेन्च संरचना समानान्तर थियो। म शिक्षक हुँदै प्रधानाध्यापक भइसक्दा पनि त्यही समानान्तर बेन्च संरचना कायम। परिवर्तन नभएका यस्ता धेरै पक्ष छन्। हामी तालिमबाट मात्रै सबै कुरामा परिवर्तन हुन्छ भन्ने ठान्छौं, जुन सम्भव हुन्छ जस्तो लाग्दैन। तैपनि शिक्षामा सकारात्मक सुधारहरू देखिएका छन्। यस्ता सुधार शिक्षककै कारणले भएको हो।


शिक्षकका पेशागत संस्थाले दार्चुलादेखि झापासम्म एकै दिन घेराउ गर्न र सडकमा जुलुस निकाल्न सक्छन् भने शिक्षक तालिमलाई प्रभावकारी बनाउनका लागि तिनले मेचीदेखि महाकालीसम्म भाषण गर्न किन सक्दैनन्? गर्न सक्छन् र गर्नुपर्छ। हाम्रा शिक्षक नेताहरू नै हाम्रा प्रशिक्षक हुने हो भने उनीहरूले जे भने पनि हामी मान्छौं। 'शैक्षिक सामग्री नलिइकन कक्षाकोठामा नजानुस्'

> **स्थायी शिक्षकलाई मात्र १० महिने तालिम दिइएको छ। अरू प्रकृतिका शिक्षकलाई तालिममा समावेश गरिएको छैन। जबकि कक्षाकोठामा पढाउने सबै शिक्षक हुन्। त्यसैले सबै शिक्षकले तालिम पाए भन्ने निचोडमा पुग्नु उचित छैन।**
>
> **बाबुराम अधिकारी**

भनेर हाम्रा नेताले आग्रह गरे हामीले घोल्तिनुपर्छ।

विश्वविद्यालयबाट आई.एड., बी.एड. र एम.एड गरेकालाई प्रशिक्षित मानिन्छ। तर, त्यस्ता शिक्षक पनि नमुना बन्न सकेका छैनन्। तिनले शिक्षकले गजबसँग पढाइदिए हामीले पनि स्कूलमा त्यसैलाई अनुसरण गर्ने मौका मिल्थ्यो। तर हामीमा आफूलाई पढाउने शिक्षककै प्रभाव बढी छ। हामीलाई हाम्रो शिक्षकले जे सिकाए, हामी त्यही नक्कल गर्न खोज्छौं। बी.एड र एम.एड.को कोर्सले त्यसलाई विस्थापित गर्न सक्नुपर्छ।

सामुदायिक स्कूलको गुणस्तर नहुनुमा शिक्षकलाई जिम्मेवार ठानिने गरेको छ। तर, निजी स्कूलको स्तरीयताका निम्ति चाहिँ व्यवस्थापनलाई जस दिइन्छ। यो विरोधाभासको अन्त्य कसरी गर्ने ? तालिमकेन्द्रमा सिक्नुभन्दा आफ्नै स्कूलमा रहेका जनशक्ति, अर्को कक्षाकोठा, छिमेकी स्कूल र पुराना शिक्षकबाट सिक्ने कुरा शिक्षकका निम्ति बढ्ता प्रभावकारी हुन्छ। तर, यसलाई हामीले लागू गर्न सकेका छैनौं।



**भगवती सिम्खडा**
प्रअ, बालविकास निमावि, काठमाडौं

अस्थायी, राहत र अन्य शिक्षकहरूका लागि तालिमको व्यवस्था गर्न सकिएको छैन। तालिमको प्रभावकारी अनुगमन पनि भएको छैन। नजिकका स्कूल र माथिल्लो तहका शिक्षकबाट तल्लो तहका शिक्षकले सिक्ने कुरा चाहिँ उपयोगी होला जस्तो लाग्छ। स्रोत केन्द्र र नजिकका स्कूलमा शिक्षकलाई लगेर सिकाउन सकियो भने त्यो बढी प्रभावकारी हुन्छ। उमेर बढी भएका शिक्षकलाई तालिम दिएर रकम खर्च गर्नुभन्दा त्यस्तो अवसर नयाँ पिँढीलाई दिँदा राम्रो हुन्छ।




**राजेश पाण्डे**
शिक्षक, युवक नेपाल मावि, काठमाडौं

मेरो स्कूलको कक्षा ९ मा ७२ जना विद्यार्थीहरू छन्। हामीले दुई-तीन वर्षदेखि सेक्सन छुट्याउने प्रयास गरिरहेका छौं। तर, पर्याप्त कक्षाकोठा र डेस्क-बेन्चको अभावका कारण सकिएको छैन। यसबाट तालिममा सिकेका सीप प्रयोग गर्नु त अलग कुरा भयो, पाठ्यपुस्तक पढाउन समेत कठिन भइरहेको छ। तालिम दिइन्छ, हामी लिन्छौं, बाँकी कुरा जस्ताको तस्तै रहन्छ। तालिमको 'फलोअप' हुँदैन। १५-१६ वर्ष शिक्षण गर्दा विनिले मेरो कक्षा अवलोकन गरेको अनुभव गर्न पाएको छैन। अहिले हाम्रै स्कूलमा पनि विनि को हुनुहुन्छ भन्ने कुरा धेरै शिक्षकहरूलाई थाहा छैन। कमसेकम विनिले शिक्षकका क्रियाकलापलाई अवलोकन गरेर पृष्ठपोषण दिने हो भने तालिमको औचित्य स्थापित हुन्छ। नत्र तालिम दिनु/नदिनुको कुनै अर्थ रहँदैन। बरु स्कूलका शिक्षकले आ-आफूमै सिक्दा बढी राम्रो हुन्छ।

> **तालिमकेन्द्रमा सिक्नुभन्दा आफ्नै स्कूलमा रहेका जनशक्ति, अर्को कक्षाकोठा, छिमेकी स्कूल र पुराना शिक्षकबाट सिक्ने कुरा शिक्षकका निम्ति बढ्ता प्रभावकारी हुन्छ। तर, यसलाई हामीले लागू गर्न सकेका छैनौं।**
>
> **लक्ष्मण शर्मा**


## ज्ञान बाँड्दा बढ्छ



**केशवराज घिमिरे**
पूर्व प्रअ, खैरेनी उमावि, तनहुँ

तालिम प्रयोग गराउन प्रअको मुख्य भूमिका हुन्छ। शिक्षकले तालिम लिएर फर्केपछि उसले कक्षाकोठामा त्यसलाई प्रयोग गर्छ कि गर्दैन भन्ने कुराको निगरानी प्रअले राख्नुपर्छ। प्रअले प्रत्येक शैक्षिक सत्रको पहिलो हप्ता सबै शिक्षकलाई राखेर अनुशिक्षण गराउनुपर्छ। 'वर्षभरिमा तपाईंले यो-यो जिम्मेवारी पूरा गर्नुपर्छ र तपाईंले सिकेका कुरालाई प्रयोग गर्नुपर्छ' भनेर प्रअले अन्तरक्रिया चलाउनुपर्छ। धेरै प्रअले यस्तो अन्तरक्रिया चलाएको पाइँदैन। मैले शैक्षिक सत्र सकिनुभन्दा एक महिनाअघि र शैक्षिक-सत्रको पहिलो हप्तामा तालिम चलाउँथें। त्यसमा शिक्षकले सिकेको सीपका बारेमा नै छलफल हुन्थ्यो।

शिक्षकलाई तालिमले खुम्च्याएको चाहिँ छैन। शिक्षकहरूले पनि आफैं बीचमा अन्तरक्रिया गरेर जानेको कुरा आदानप्रदान गर्नु पर्‍यो। तालिम लिएका शिक्षकले आफूले जानेको सीपलाई प्रस्फुटन गराउँदैन। आफूले सिकेको/जानेको कुरा अर्कोलाई बाँडे पो हुन्छ! शिक्षकहरू अनुसन्धानमुखी पनि छैनन्।



**तिलक कुँवर**
प्रअ, राष्ट्रिय उमावि, बाब्ला, अछाम

१० महिने बाहेक जिल्लामा छोटा अवधिका शिक्षक तालिमहरू पनि सञ्चालन हुन्छन्। त्यस्ता तालिममा स्रोतव्यक्तिले तालिम दिन्छन्। प्रावि तहका शिक्षक स्रोतव्यक्ति बनेर तिनले एम.एड. र बी.एड. पास भएका शिक्षकलाई तालिम दिने गरेको पनि भेटिन्छ। तर, त्यस्ता व्यक्तिमा तालिम

दिनसक्छु भन्ने आत्मविश्वास हुँदैन । १० महिने तालिमका प्रशिक्षकहरू चाहिँ 'राम्रो र बढी पैसा भएको तालिम केन्द्रमा मेरो सरुवा हुनुपर्छ' भन्ने मानसिकतामा रहेको पाइन्छ । नेपालमा भएको एउटा तालिममा एकजना विनिले सिन्कालाई स्थानमान तालिकामा राख्न सकेनन् । ती विनिले ५-६ वर्षदेखि त्यहाँ तालिम दिइरहेका थिए । १० महिने तालिम दिने सबै प्रशिक्षकहरू त्यस्तै पो छन् कि !

काठमाडौंमा तालिमको मोडल तयार गरिन्छ । त्यही मोडल हुबहु रूपमा दिपायलमा पढाइन्छ । कम्तीमा दिपायललाई कुन खालको मोडल उपयोगी हुन्छ ? त्यसको तयारी गर्ने कि ! अनि त्यहाँको शैक्षिक सामग्री के हुन सक्छ ? शिक्षकलाई त्यही खोज्न लगाउने कि ! शिक्षकले तालिमबाट भाषण गर्न सिकेका छन् । बोल्न जानेका छन् । तर, जानेको सीप बिर्सँदै छन् । मेरो स्कूलमा तालिमअघि एकजना शिक्षक साथी नियमित र अनुशासित थिए । तर, तालिमबाट फर्केपछि उनी 'दादा' भए । तालिम शिक्षकलाई प्रत्युत्पादक पनि भएको छ ।

**प्रावि तहका शिक्षक स्रोतव्यक्ति बनेर तिनले एम.एड. र बी.एड. पास भएका शिक्षकलाई तालिम दिने गरेको पनि भेटिन्छ । तर, त्यस्ता व्यक्तिमा तालिम दिनसक्छु भन्ने आत्मविश्वास हुँदैन । नेपालमा भएको एउटा तालिममा एकजना विनिले सिन्कालाई स्थानमान तालिकामा राख्न सकेनन् । ती विनिले ५-६ वर्षदेखि त्यहाँ तालिम दिइरहेका थिए । १० महिने तालिम दिने सबै प्रशिक्षकहरू त्यस्तै पो छन् कि !**

**तिलक कुँवर**

## जस्ता शिक्षक उस्तै सिकाइ

**प्रा. डा. हृदयरत्न बज्राचार्य**
शिक्षाविद्



'सेरिड'को एउटा अध्ययनले तालिमप्राप्त शिक्षकले भन्दा तालिम नलिएका शिक्षकले राम्रो पढाउँदोरहेछ भन्ने देखाएको थियो । त्यतिबेला त्यो अध्ययनले निकै तहल्का मच्चायो । मेरो पीएचडी अनुसन्धान पनि शिक्षक तालिममै केन्द्रित छ । अनुसन्धानका क्रममा मैले के महसुस गरेँ भने शिक्षक उत्पादन गर्नुभन्दा गाह्रो काम केही छैन ।

मेरो विचारमा विद्यार्थीहरूको दिमागमा धेरै कुराहरू हुन्छन् । त्यसैले शिक्षकले विद्यार्थीको घर, परिवार, वातावरण जस्ता पक्षलाई समाहित गरेर सिकाउनुपर्ने हुन्छ । राम्रो सिकाइ विद्यार्थीको चाहना नबुझी सम्भव हुँदैन ।

शिक्षण सिकाइका मूलतः तीन वटा आयाम हुन्छन् । एउटा; थाहा पाउन सकिने सिकाइ, दोस्रो; सिकेको कुरालाई प्रयोग गर्न सकिने र तेस्रो; लर्निङ फर लिभिङ । हामीले सरसर्ती गीता पाठ गर्‍यौं भने त्यसबाट हामीले धेरै ज्ञानहरू पाउन सक्छौं । तर, किताब बन्द गर्‍यौं भने ती सबै ज्ञान बिर्सन्छौं । यो थाहा पाउन सिकिने सिकाइ हो । गीताको कुनै एउटा श्लोक बुझेर त्यसको माध्यमबाट जीवनलाई रुपान्तरण गर्छु भनेर लगियो भने त्यो दोस्रोखाले सिकाइ भयो । जब हामी आफैं त्यो श्लोकमा डुब्छौं र आफूलाई अर्जुन जस्तै पात्र बनाउँछौं भने त्योचाहिँ लर्निङ फर लिभिङ हुन्छ । तर, नेपाल र अरू केही मुलुकमा प्रमाणपत्रका लागि सिक्ने विकृति पनि छ । त्यो हो- लर्निङ फर सर्टिफिकेसन अर्थात् डिग्रीका लागि सिकाइ ।

मैले सुरुमा गुरुकुल जस्तै ठाउँमा मामासँग पढें । उहाँले विद्यार्थीलाई घरैमा राखेर पढाउनुहुन्थ्यो । उहाँले पैसाको लागि पढाउनुभएन । उहाँ मिशनरी शिक्षक हो । भगवान् बुद्ध, क्राइष्ट वा चाहे ऋषिमुनिहरू हुन् वा समाज रुपान्तरण गर्छु भन्ने शिक्षकहरू, सबै मिशनरी शिक्षक हुन् । एउटा शिक्षकको रुप त्यो हो र अर्को शिक्षकको रुप व्यावसायिक हुन्छ । सरकारले पनि शिक्षकलाई व्यावसायिक रूपमा हेर्छ । शिक्षणप्रति समर्पित र निष्ठापूर्वक लागेको व्यक्ति व्यावसायिक शिक्षक हो । यसैमा निपुण भएर उसले आफ्नो जीवनयापन पनि गर्छ र आफ्नो पेसाप्रतिको धर्म पूरा गर्छ । शिक्षक तालिमले व्यावसायिक शिक्षक जन्माउने हो ।

अर्को हुन्छ व्यापारिक शिक्षण । यसमा शिक्षकले कति घण्टा पढाउने, कति जनालाई पढाउने अनि कति पैसा कमाउने भन्ने हुन्छ । व्यापारिक मान्यताका शिक्षकको मूल्यमान्यता र दृष्टिकोण फरक हुन्छ । यसको ठीक विपरीत हामीसँग स्वयंसेवी शिक्षकहरू पनि छन् । तर, अहिले सबैभन्दा बढी समस्या जागिरे शिक्षकबाट उत्पन्न भएको छ । जागिरेमा खेताला शिक्षक राख्ने प्रवृत्ति बढी छ । त्यसैले हामीले शिक्षक उत्पादन, शिक्षक तालिम र शिक्षकको भूमिकालाई हल्का ढङ्गले लिनुहुँदैन । तालिमलाई कसरी आधारभूत धारमा ल्याउने भन्ने बारेमा सोच्न ढिलो भइरहेको छ । राम्रो शिक्षक हुनका लागि तालिम अपरिहार्य छ । मिशनरी शिक्षक हो भने उसलाई तालिम चाहिँदैन तर अरूखाले शिक्षकलाई तालिम नभई हुँदैन ।

# संवाद शिक्षक तालिम



**शान्ता दीक्षित**
निर्देशक, रातो बङ्गला स्कूल, ललितपुर

विभिन्न दातृ निकायहरूको रुचिमा शिक्षक तालिम चलाउने नीति नै समस्या र विकृतिको जड भएको छ किनभने शिक्षकले तालिमबाट सिके वा नसिके पनि हाजिर भएको छ भने उसले पैसा र प्रमाणपत्र पाइहाल्छ ।

तालिमको बजेट खर्च गर्न र तालिम चलाएको देखाउन पनि तालिममा शिक्षकलाई जबरजस्ती पठाउने गरिएको छ । पैसा खर्च गर्नका लागि तालिममा पठाइएका शिक्षकले के सिक्छन्? जतिसुकै तालिम लिए पनि शिक्षकले कक्षामा कसरी पढाउँछ भन्ने मुख्य कुरा हो । समूह कार्यको प्रक्रिया र पठनपाठनको विषयबारे जानकारी भएको शिक्षकलाई गतिलो कक्षा शिक्षणको तयारीका लागि करिब आधा घण्टा लाग्छ । तालिम लिएका शिक्षकले यो कामका लागि पनि समय दिनुपर्‍यो । शुक्रबार अतिरिक्त क्रियाकलाप गरेर शिक्षकहरू विद्यार्थीसँग नाच्ने पनि गर्नुहुन्छ । तर, योसँगै शुक्रबारको दिन शिक्षकहरूले आपसमा पाठयोजना र समस्याबारे छलफल गर्न किन उपयोग नगर्ने? यदि शुक्रबारको समयलाई यसरी व्यवस्थापन गर्न सकियो भने गतिला शिक्षण योजनाहरू बनाउन सकिन्छ ।

शिक्षकले अर्काको कक्षा हेर्न जाने मौका नपाए पनि तीनवटा शुक्रबार आफ्नै स्कूलमा बसेर योजना बनाउने र चौथो शुक्रबार चाहिँ वरिपरिको स्कूलका विषय-शिक्षकहरू भेला भएर समस्याबारे छलफल गर्ने हो भने कक्षाशिक्षण सुधिन समय लाग्दैन । गणित मात्रै पढाउने चारजना शिक्षकहरू भेटेर गफ गर्दा धेरै समस्या हल गर्ने बाटो खुल्छ । यसबाट नयाँ शिक्षकहरूले सिक्ने समय पाएनौं भन्न पाउनुहुन्न र तालिम लिएका पुराना शिक्षकहरूमा पनि कार्यान्वयन गरौं भन्ने भावना पैदा हुन्छ ।



**हर्कप्रसाद श्रेष्ठ**
कार्यकारी निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र

राष्ट्रिय शिक्षा पद्धति योजना-२०२८ सुरु भएयता हामीले शिक्षक तालिममा अर्बौं रुपैयाँ खर्च गरिसकेका छौं । तालिममा सिकेका कुरा शिक्षकले प्रयोग नगरेका पनि होइनन् । केही शिक्षकहरू जागिरे प्रवृत्तिका होलान् । कति चाहिँ खेताला लगाउने पनि होलान् । तर, अधिकांश शिक्षकहरूले तालिम लिएपछि आफ्नो व्यवहार र कक्षा-शिक्षणमा केही न केही परिवर्तन गरेकै छन् । शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएपछि स-साना टुक्रे तालिमहरूलाई एकीकृत गरिएको छ । पहिले तालिमको प्रक्रिया त्यति व्यवस्थित थिएन । केही वर्षदेखि शिक्षणमा तालिम प्राप्तलाई मात्रै प्रवेश गराउने अवधारणा आएपछि तालिम अप्राप्त शिक्षकको अवस्थालाई घटाउँदै लगियो । त्यसैले पछिल्लो ५-७ वर्षमा करिब ९८ प्रतिशत स्थायी दरबन्दीका शिक्षकले तालिम लिइसकेका छन् ।

शिक्षा मन्त्रालयले हालसालै लागू गरेको विद्यालय क्षेत्र सुधार कार्यक्रममा पाँच वर्षभित्र सबै शिक्षकहरूलाई ३० दिने पुनर्ताजगी तालिम दिने नीतिगत व्यवस्था गरिएको छ । ३० दिने तालिमलाई १०-१० दिनको तीन वटा ढाँचामा ढालिएको छ । यसबाट हरेक शिक्षकले एक वर्षको अन्तरमा पुनर्ताजगी तालिम लिने अवसर पाउँछन् ।

अहिले हामीलाई मागमा आधारित तालिम दिनुपर्दोरहेछ भन्ने लागेको छ । शिक्षकहरूले नै हामीलाई जुन कुरामा समस्या परेको छ त्यस्तै खालको तालिम दिए हुन्छ र लामो तालिम दिनुपर्दैन भने । शिक्षकहरूलाई तालिम केन्द्रमा तालिम दिएर मात्रै त्यो प्रभावकारी नहुँदो रहेछ । कक्षाकोठामा त्यसको कार्यान्वयन कम हुने रहेछ । शिक्षकका समस्या बुझेर उनीहरूलाई सिकाउने र प्रशिक्षकले नै शिक्षकको कक्षा शिक्षण अवलोकन गर्दा राम्रो होला भन्ने महसुस भयो । प्रशिक्षकले प्रअ, शिक्षक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बसेर तालिमका सीपहरू कक्षामा प्रयोग भए नभएको छलफल गर्नुपर्छ । यसरी पनि तालिमको एउटा चक्र पूरा गर्न सकिन्छ भन्ने अवधारणाको विकास गरिएको छ । मावि र निमावि तहका लागि तालिम केन्द्र र प्रावि शिक्षकलाई स्रोत केन्द्रमै तालिम दिने व्यवस्था गरिएको छ । यसनिम्ति रोस्टर टिचरको रूपमा ६ वटा विषयका मावि शिक्षकहरूलाई तालिम दिन र त्यसको अनुगमन गर्ने जिम्मा दिने नयाँ व्यवस्था गरिएको छ । अब कक्षाकोठामा आधारित तालिम हुन्छ ।

> **सबैभन्दा बढी समस्या जागिरे शिक्षकबाट उत्पन्न भएको छ । जागिरेमा खेताला शिक्षक राख्ने प्रवृत्ति बढी छ । राम्रो शिक्षक हुनका लागि तालिम अपरिहार्य छ । मिशनरी शिक्षक हो भने उसलाई तालिम चाहिँदैन तर अरूखाले शिक्षकलाई तालिम नभई हुँदैन ।**
>
> **प्रा.डा. हृदयरत्न ब्रजाचार्य**

## पहिले योग्य शिक्षक अनि तालिम



**डा. विष्णु कार्की,** शिक्षाविज्ञ

पहिले सही शिक्षक खोजौं, शिक्षक बनाऔं अनि उसलाई कक्षा शिक्षण, नयाँ प्रविधि जस्ता अल्पकालीन र दीर्घकालीन तालिम दिँदै

गरौंला । १० महिने तालिमको सट्टा अब छोटो अवधिको पुनर्ताजगी तालिम शुरु गर्न लागिएको छ, तर, त्यसले काम गर्दैन । किनभने जो मान्छे शिक्षक भएर आउँछ ऊसँग कार्यसूची नै हुँदैन । कार्यसूची तालिमले दिने होइन । तालिमले त सीप, प्रक्रिया, प्रविधि दिन्छ र शिक्षण-सिकाइलाई समयसापेक्ष बनाउँछ । जबसम्म हामीले योग्य, प्रतिबद्ध र तीव्र इच्छाशक्ति भएका जमातलाई शिक्षणमा प्रवेश गराउँदैनौं, तबसम्म शिक्षक तालिमले केही हुँदैन । त्यसकारण तालिमलाई दोस्रो प्राथमिकतामा राख्नुपर्छ । पहिलो प्राथमिकता, योग्य र उत्सुक व्यक्तिलाई शिक्षण पेसामा आकर्षित गर्ने नै हुनुपर्छ । अहिले हामी तालिमलाई पहिलो प्राथमिकतामा राखेर तालिमका समस्या केलाउँदैछौं, यसबाट समस्या समाधान हुँदैन ।

एउटा अध्ययनमा हामीले के पायौं भने २५ प्रतिशत शिक्षकमा २५ वर्षभन्दा लामो शिक्षण अनुभव छ । हामी तिनलाई पनि नयाँलाई जस्तै तालिम दिइरहेका छौं । शिक्षकको पृष्ठभूमि, उसको ज्ञानको तह र शिक्षण विधि नबुझी जबरजस्ती तालिम दिनुको कुनै औचित्य रहन्न । शिक्षकको पृष्ठभूमि, ज्ञानको तह, उसलाई चाहिने प्रविधि, शैली र प्रक्रिया विचार गरेर मात्रै केन्द्रीय तहमा तालिमका प्याकेजहरू बनाइनुपर्छ । तालिम शिक्षकलाई चाहिएको हो । शिक्षकले विद्यार्थीलाई सिकाउन तालिम चाहिएको हो । हामीले यहाँ बसेर तीन महिने, चार महिने, ६ महिने र १० महिने प्याकेज किन बनाउने ? स्थानीय स्तरमै तालिमका प्याकेजहरू तयार गर्नु उचित हुन्छ ।

**खगराज बराल**
निर्देशक, शिक्षा विभाग



तालिम केन्द्र र कक्षाकोठाको वातावरणमा धेरै फरक छ । कक्षाकोठामा अझै पनि यताउता सार्न नमिल्ने 'वेल्डिङ' गरिएका डेस्क-बेन्चहरू छन् । वास्तवमा सिकेको कुरा कक्षामा प्रयोग गर्नका लागि उपयुक्त अवस्था छैन । तर शिक्षक तालिम केन्द्र भने स्रोत साधन सम्पन्न छन् । जस्तो; ल्यापटप, ह्वाइटबोर्ड, एलसीडी प्रोजेक्टर, समूह व्यवस्थापन जस्ता सुविधा त्यहाँ छ । मुख्यत: यही कारणले पनि कक्षाकोठामा तालिमको प्रभावकारी प्रयोग देखिएको छैन । हाम्रो तालिम आपूर्तिमुखी भयो । हामीले शिक्षण सेवाको अवसर तालिम अप्राप्त शिक्षकलाई दिएनौं ।

'म तपाईंको कक्षा हेर्न आउँछु' भन्यो भने शिक्षकहरू कक्षामा निकै राम्रो प्रस्तुति गर्नुहुन्छ । तर, अरू बेला गर्नुहुन्न । त्यसकारण तालिमको प्रयोग नभएको मात्रै हो, शिक्षकले सिक्दै नसिकेको चाहिँ होइन । तालिमबाट शिक्षकको क्षमता वृद्धि

> **शिक्षकले तालिम लिएर फर्केपछि उसले कक्षाकोठामा त्यसलाई प्रयोग गर्छ कि गर्दैन भन्ने कुराको निगरानी प्रअले राख्नुपर्छ । प्रअले प्रत्येक शैक्षिक सत्रको पहिलो हप्ता सबै शिक्षकलाई राखेर अनुशिक्षण गराउनुपर्छ ।**
> **केशवराज घिमिरे**

भएको छ । व्यवस्थापन समितिले शिक्षकलाई तालिममा पठाउँछ तर तालिमपछि के भयो भन्ने खोजी हुँदैन । यस्तो सोधखोज गर्ने क्षमता र वातावरण दुवै भएन । तालिममा सिकेका धेरै कुरा स्कूलमा सजिलैसँग प्रयोग गर्न सकिन्छन् । तर, भइरहेको छैन ।

तालिमको 'फलोअप' पनि गर्नुपर्छ । यो मेडिकल 'टर्म' हो । जस्तो, मैले तालिम दिएको छु, अर्कोलाई 'फलोअप'मा पठाएर हुँदो रहेनछ । जुन डाक्टरले बिरामी जाँचेको हो, उही डाक्टरलाई फलोअप गरायो भने राम्रो हुन्छ । ठीक त्यसरी नै जसले शिक्षकलाई तालिम दिएको हो, त्यही व्यक्ति फलोअपमा गयो भने तपाईंले सिकाएको सीपलाई मैले प्रयोग गर्न सकिनँ भनेर शिक्षकले आफ्नो समस्या बताउन सक्छ । यस्तो फलोअप सम्भव हुन्छ ।

तालिममा सिकेका कुरा कक्षामा प्रयोग गर्न मेहनत गर्ने शिक्षकहरूले अल्छी शिक्षकबाट सहयोग र हौसला पाउँदैनन् । यसबाट 'अर्कोले गरेको छैन मैले किन गर्ने' भन्ने मानसिकता पैदा हुन्छ ।

स्कूल तहका शिक्षक तयार गर्ने काम विश्वविद्यालयले हो । हामीले त सेवा प्रवेश गरेका र तालिम नलिएका शिक्षकलाई मात्रै तालिम दिन्छौं । तर, विश्वविद्यालयकै स्तर खस्केपछि हाम्रो के लाग्छ ? यसले शिक्षक उत्पादनमै समस्या रहेको देखिन्छ ।

**प्रा. डा. तीर्थराज पराजुली,** शिक्षाविद्



शिक्षक उत्पादनको अहिलेको तरिकाले ठीक छैन । शिक्षक उत्पादन गर्ने संस्थाहरू विभिन्न समस्याबाट ग्रसित छन् । यसमा सुधार ल्याउन सकियो भने मात्रै शिक्षण सिकाइ र सीप विकास प्रभावकारी हुन्छ ।

योग्य व्यक्ति नै शिक्षक भइरहेका छन् अथवा खाली समय सदुपयोग गर्न चाहने व्यक्ति शिक्षक भइरहेको छ ? अन्य अवसर नपाएर हो कि प्रतिबद्ध व्यक्ति शिक्षक हुन आएको हो ? मूल प्रश्न यही हो । सेवा प्रवेशको प्रभावकारी मापदण्ड नहुँदा जो पनि शिक्षक भइरहेको छ ।

अहिले दस जोड दुईमा शिक्षाशास्त्र राखिएको छ । तर, यो तहमा शिक्षाशास्त्र राख्नु ठीक छैन । आधारभूत ज्ञान बढाएर मात्रै शिक्षाशास्त्र

# शिक्षक तालिम

**शिक्षक मान्छे बनाउने मान्छे हो। त्यसैले त्यस्तो मान्छे राम्रो हुनुपर्छ। 'राम्रा' मान्छे सबै ठाउँमा छन्, 'हाम्रा' मान्छे पनि छन्। त्यसैले 'हाम्रा' मान्छेलाई छोडौं, 'राम्रा' मान्छेलाई खोजौं।**

**बौधराज निरौला**

विषय पढ्न दिदाँ राम्रो हुन्छ। शिक्षक छनोटको प्रक्रिया कडा र स्तरीय हुनुपर्छ। शिक्षक लाइसेन्स प्रणाली त छ, तर लाइसेन्सको परीक्षामा सोधिने प्रश्नहरू हेर्दा प्रतिबद्ध व्यक्तिहरू छनोट होलान् भन्ने लाग्दैन।

आज शिक्षकलाई विद्यार्थीप्रति जवाफदेही बनाउने पद्धतिको खाँचो छ; 'विद्यार्थीको सिकाइप्रतिको जवाफदेहिता'। अहिले हामी उदार कक्षोन्नीतिको कुरा गर्दैछौं। यो आफैंमा नराम्रो पद्धति होइन। तर, यसले शिक्षकमा 'मैले नपढाए पनि विद्यार्थी पास भइहाल्छन्' भन्ने भावनाको विकास गरेको छ।

## स्कूल नै तालिम केन्द्र

प्राथमिक तहदेखि नै हामीले स्कूलको मूल्याङ्कन गर्नुपर्‍यो। विद्यार्थीको सिकाइ उपलब्धि कस्तो छ? शिक्षकले कसरी पढाएको छ? कुन विषयमा विद्यार्थी कमजोर भएको छ? भनेर मूल्याङ्कन गर्न थाल्यौं भने शिक्षकले सुध्रिने अवसर पाउँछ। यसो गर्दा शिक्षक आफैं विद्यार्थीलाई प्रभावकारी शिक्षण गराउन थाल्छ। अर्कोतर्फ प्रअलाई पूर्ण अधिकार दिइनुपर्छ। प्रअलाई बलियो नबनाई बाहिरको सुपरीवेक्षकले सुधार गर्न सक्छ भन्ने कुरामा म विश्वास गर्दिनँ। यसनिम्ति स्कूललाई नै तालिम केन्द्रको रूपमा विकास गर्नुपर्छ।



**कृष्णप्रसाद धन्सा**
प्राचार्य, वागेश्वरी मावि, भक्तपुर

विश्वविद्यालयमा शिक्षण शैली, पाठयोजना र शिक्षण सामग्रीको प्रयोग गरी प्रशिक्षित गरिएका विद्यार्थीहरूले स्कूलमा राम्रो पढाउँछन्। शिक्षक तालिमका प्रशिक्षकहरूले तयारीविना नै तालिम दिने गरेका छन्।



**कृष्णप्रसाद ढकाल**
अध्यक्ष, नेपाल शिक्षक युनियन

तालिममा सिकेका कुराहरू ५० प्रतिशत कक्षाकोठामा पुगेको कुरा उठ्यो। तर, तालिमप्राप्त शिक्षकमध्ये ५० प्रतिशतले केही सिकेकै छैनन्। आफूले केही जाने पो कक्षाकोठामा प्रयोग हुनु? अढाइ सय शिक्षकहरूलाई एउटै कोठामा राखेर तालिम दिइएको हुन्छ। अभ्यास शिक्षणलाई बढी महत्त्व दिएकै छैन। त्यसैले तालिमका सीप कक्षामा पुगेन भन्ने कुरा स्वाभाविकै हो।

सिकेका कुरालाई कक्षामा पुऱ्याउने र नपुऱ्याउने शिक्षकको बीचमा राज्य पक्षबाट भेद गरिएको छैन। पुरस्कारको व्यवस्था अत्यन्त पक्षपातपूर्ण छ। तालिमका सीपलाई कक्षाकोठामा पुऱ्याउने शिक्षकहरू पुरस्कृत हुने गरेका छैनन्। त्यसैले उनीहरूमा नैराश्य छ। 'जसले जे गरे पनि हुने' स्थितिमा शिक्षकले पनि त्यस्तै गरे होलान्। तालिम केन्द्रको एउटै कोठामा अढाइ सय शिक्षकलाई राखेर तालिम दिइए झैं अधिकांश विद्यालयमा सयभन्दा बढी विद्यार्थीहरू एउटै कक्षाकोठामा राखेर शिक्षकले पढाइरहेका छन्।

तालिम दिने निकायलाई पनि तालिमको खाँचो देखिन्छ। एकपटक विद्यानाथ कोइराला र म गुणस्तरीय शिक्षाको मध्यावधि मूल्याङ्कनका क्रममा सिन्धुपाल्चोकमा पुगेका थियौं। त्यहाँ हामीले सेभ द चिल्ड्रेनले एकहप्ते तालिम दिएका शिक्षकहरूलाई भेट्ने मौका पायौं। त्यहाँ १० महिने तालिम लिएका शिक्षकको प्रभाव कक्षामा देखिएन बरु सेभ द चिल्ड्रेनको एकहप्ते तालिमले पठनपाठनमा ठूलो प्रभाव परेको पाइयो। तालिमपछि शिक्षकहरूले शैक्षिक सामग्री निर्माण, बालमैत्री व्यवहार गर्नुका साथै पठनपाठन अत्यन्त प्रभावकारी तुल्याएका रहेछन्। त्यसकारण तालिम दिनेले पनि विशेषज्ञहरूसँग सिक्नुपर्ने खाँचो छ।

**गुरुप्रसाद मैनाली**
विनि, जिल्ला शिक्षा कार्यालय, ललितपुर



शिक्षक-विद्यार्थी अनुपातले तालिमको प्रयोगमा असर पार्छ भनिन्छ। तर के शिक्षक र विद्यार्थीको अनुपात मिलेको कक्षामा चाहिँ राम्रो पढाइ भएको छ त? तालिमका सीपको रुपान्तरण भएको छ त? शिक्षक र विद्यार्थीको अनुपात बढी भएको ठाउँमा र बराबर भएको ठाउँमा पनि उत्ति नै विद्यार्थी पास भएको अवस्था छ।

नकारात्मक कुरा खोज्दा सबै कुरा नकारात्मक नै भेटिन्छन्। त्यसैले सकारात्मक दिशामा अघि बढौं। सरहरूले जे जान्नुभएको छ, त्यहींबाट सुरु गरौं। त्यसलाई परिस्कृत गर्ने प्रयास गरौं। तालिम किन कक्षाकोठामा पुगेन त? हामीले अभ्यास धेरै गरेनौं। जुन सीप कक्षामा लैजानुपर्ने हो, त्यसमा अभ्यास पुगेन। कक्षामा गएर पनि हामीले अभ्यास गर्नुपर्थ्यो, त्यो गरेनौं। हामीले जब जागिर सुरु गऱ्यौं त्यसपछि पढाइ अन्त्य गऱ्यौं। मनोविज्ञानले

के भन्छ भने पढेको कुराको प्रयोग एक वर्षसम्म पनि भएन भने ५० प्रतिशत बिर्सिएर जान्छ । दुई वर्षसम्म पढिएन भने ८० प्रतिशत खेर जान्छ । त्यसैले हामीले आफूलाई 'अपडेट' गरिराख्नु, पढिराख्नु, सिकिराख्नु जरुरी हुन्छ ।

### माधव ओली

प्राचार्य, ज्योति उच्चमावि धादिङ



मसँग अठोट छ भने मैले तालिममा सिकेका सबै कुरा प्रयोग गर्न सक्छु । मलाई कुनै कुराले छेक्दैन । शिक्षक तालिमले कामै नगरेको होइन । शिक्षण सिकाइ क्रियाकलापका क्रममा शिक्षकलाई समस्या पऱ्यो र उसमा कसरी सिकौं ? भन्ने भावना जागृत भयो भने तालिमले काम गर्छ र सिकाएको कुरा पनि सिक्छ । सिक्ने भित्री भावना नै छैन भने केही पनि हुँदैन । मैले मूल रूपमा यिनै समस्याहरू देखेको छु । दामभन्दा कामलाई प्राथमिकता दिनुपर्छ ।

### बौधराज निरौला

प्राविधिक अधिकृत, शैक्षिक जनशक्ति विकास केन्द्र



शिक्षक मान्छे बनाउने मान्छे हो । त्यसैले त्यस्तो मान्छे राम्रो हुनुपर्छ । 'राम्रा' मान्छे सबै ठाउँमा छन्, 'हाम्रा' मान्छे पनि छन् । त्यसैले 'हाम्रा' मान्छेलाई छोडौं, 'राम्रा' मान्छेलाई खोजौं । शिक्षक उत्पादनमा समस्या छ । उत्पादनको ठाउँ शिक्षाशास्त्र सङ्काय हो । त्यो सङ्काय दुई वटा बाटोमा हिँड्नुहुँदैन । कि तालिम चलाऔं, कि सङ्काय चलाऔं । दुईवटै गर्ने भए पाँच वर्ष गरौं । यसलाई सच्च्याउनु जरुरी छ । मनोवृत्तिकै कारण शिक्षकले सिकेको कुरा प्रयोग गरिरहेको छैन । जानेको छ तर कक्षामा पुऱ्याएको छैन । यो एउटा 'बौद्धिक भ्रष्टाचार' हो । यसको खोजी गरौं र निचोडमा पुगौं ।

शिक्षक नियुक्तिको प्रचलित पद्धतिमा पहिलो आधार योग्यता हो । त्यसपछि तालिम र लाइसेन्स आदि पर्छन् । यसबारे केही द्विविधाहरू छन् । यसलाई सल्ट्याऔं । अनुगमनमा पनि समस्याहरू छन् । शिक्षक आफैंले तालिम मागेको अनुभव छैन । किन माग्नुहुन्न थाहा छैन । यसको पनि खोजी गरौं । शिक्षक तालिमका कार्यविधिमा पनि कमी-कमजोरी होलान्, त्यसमा पनि सुधार गर्नु जरुरी छ । म दाबीका साथ भन्छु- 'शिक्षाशास्त्र सङ्कायमा जति काम लगाइन्छ, हाम्रो १० महिने तालिममा त्यसको १० गुणा बढी हुन्छ ।'

### सूर्यराज घिमिरे

प्रशिक्षक, शैक्षिक तालिम केन्द्र, काठमाडौं



'विद्यार्थीलाई राम्रोसँग सिकाउँछु' भनेर तालिम लिन जाने शिक्षकको अभाव छ । यसैले गर्दा तालिमको प्रयोग कक्षामा हुँदैन । किनभने उसलाई त प्रमाणपत्र चाहिएको छ, बढुवा हुनु परेको छ । यसका लागि जसरी पनि ऊ तालिम लिन जान्छ । कक्षाकोठा सुधार गर्ने उसको लक्ष्य नै हुँदैन । तथापि दोषी शिक्षक मात्र छैन । सरकारलाई पनि तालिम प्राप्त शिक्षकको सङ्ख्या बढाउनु छ, उसले पनि जबरजस्ती तालिम दिइरहेको छ ।

शिक्षकमा मैले पढाएका विद्यार्थीहरू सचिव र डाक्टर भए भनेर आफूलाई ठालू ठान्ने प्रवृत्ति छ । सँगै शिक्षकमा हीनताबोधको समस्या पनि छ । 'म केही जान्दिनँ, मलाई विनि र स्रोतव्यक्तिले घचघच्याए हुन्थ्यो' भन्ने मनोवृत्ति छ । व्यवस्थापकीय तहमा समस्या देखिएको छ । विभिन्न देशको तुलनामा शिक्षामा जति लगानी हुनुपर्थ्यो, त्यति हुनसकेको छैन । अहिले लगानी कम हुँदा शैक्षिक सामग्रीको अभाव भएको स्थिति पनि छ । 'पकेट बोर्ड चाहियो हेडसर !' भन्दा 'तुरुन्तै मैले कसरी दिनू' भन्ने जवाफ शिक्षकले पाउँछ । एक मिटर कपडा नहुँदा ज्ञानगुनका धेरै कुराहरू रुपान्तरण भएका हुँदैनन् । प्रअका पनि आफ्नै समस्या होलान् । त्यसैले राज्यले शिक्षामा लगानी बढाउनै पर्छ । तालिमको प्रयोगलाई प्रभावकारी बनाउनका लागि स्कूलको भौतिक पूर्वाधारमा पनि सुधार हुनुपर्छ ।

मलाई एकजना प्राध्यापकको भनाइ याद आउँछः 'शिक्षक यस्तो होस्, जसको समाजमा नाम होस्, बदनामी नभएको होस्, खल्तीमा दाम पनि होस् ।' उसले चाह्यो भने बजारमा काम पनि राम्रै पाओस् । प्रतिबद्ध मान्छे शिक्षक होस् । शिक्षकलाई तालिम त अनुभवी विद्वान्हरूले दिनुहुन्छ । तर, ठाउँ अनुसारका तालिम फरक-फरक छन् । जस्तो, मैले १० वर्ष खोटाङमा जागिर खाएँ । त्यहाँ मैले के देखें भने काठमाडौं र खोटाङको प्रशिक्षणमा भिन्नता छ । सुविधामा पनि भिन्नता छ । त्यसैले पनि तालिमको प्रयोगको पाटो फरक देखिएको हुन सक्छ ।

म शिक्षक हुँ । बाबुआमाले मकहाँ आफ्ना छोराछोरी पठाउँदा विद्वान् कहाँ पठाएका छौं भनेर ढुक्क भएका हुन्छन् । जस्तो हामी बोर्डिङ स्कूलको गेटमा केटाकेटीलाई छोडेपछि ढुक्क हुन्छौं । सरकारी शिक्षकलाई विष्णुकै अवतार ठानिएको छ । तर, शिक्षकले यसलाई त्यही रूपमा लिएनन् । म त जागिरे पो हुँ त ! मैले किन गर्ने ? मैले नपढाए के हुन्छ र ? भन्ने जस्ता जागिरे मानसिकताका कारण पनि तालिम कक्षासम्म पुगेन । यस्तो मानसिकलाई शिक्षकले त्याग्नुपर्छ ।

प्रस्तुतिः **प्रमोद आयाम**

## चिन्तन

जेम्स इभर्स



# विद्यालयको समस्या शिक्षक होइन, व्यवस्थापन

**शिक्षकमाथि दोषारोपण गर्नु राजनीतिक व्यक्ति र निरीक्षकहरूको लागि रुचिकर विषय बन्ने गरेको छ। विद्यालयलाई कसरी प्रभावकारी बनाउने भन्ने कुराको ज्ञान नभएकै कारण उनीहरू यसरी अरूमाथि दोष थोपर्छन्। अनि शिक्षकलाई राम्रो तालिम प्रदान गरेर मात्र पनि विद्यालयको प्रगति हुँदैन; किनकि विद्यालयको मुख्य समस्या शिक्षकहरू होइनन्।**

***हामीले विद्यालय सुधारको बाटो नराम्रोसँग बिराएका छौँ। के चाहिएको छ देखि कति खर्च लाग्छ भन्नेसम्म हरेक कुरामा गलत मूल्याङ्कन हुने गरेको छ। मूल्याङ्कन नै गलत भएपछि उपयोगी परिणाम पनि आउँदैन।***

*जेम्स हारवे, सन् १९८१ मा गठित 'अमेरिकी शिक्षामा श्रेष्ठताका लागि राष्ट्रिय आयोग' का सदस्य।*

बितेको एक शताब्दीमा विद्यालय सुधार सम्बन्धी सयौँ पुस्तक लेखिए र विद्यालय सुधारका सयौँ प्रयास पनि भए। विद्यालय सुधारका योजना पनि थुप्रै बने। तर ती सुधार कार्यक्रम अधिकांश विद्यालयहरूको सम्पूर्ण पक्षको प्रभावकारिता वृद्धि गर्न असफल रहे। विद्यालय प्रणालीलाई व्यवस्थित गर्न राजनीतिज्ञ तथा शिक्षाविद्हरू वर्षौंदेखि प्रयासरत छन् तर अझै पनि आधाभन्दा कम विद्यार्थीहरू मात्र विद्यालय तह पार गर्छन्। अमेरिकाको कुरा गर्दा, खासगरी काला जातिका, अमेरिकन इन्डियन तथा ल्याटिन अमेरिकनहरूमा यो समस्या ज्यादा छ। हार्वर्ड एजुकेसन प्रेसले हालै प्रकाशन गरेको अमेरिकामा विद्यालय छोड्नेहरूसम्बन्धी किताब *(Dropouts in America)* मा अमेरिकाका एकतिहाई विद्यार्थी हाईस्कूल पास गर्दैनन् भन्ने तथ्य सार्वजनिक गरेको छ। यति धेरै घाटा हुने कुन व्यवसाय कायम रहन सक्ला?



### सुधार कार्यक्रम: किन सधैँ असफल हुन्छन्?

हामीले विद्यालय सुधारका बारेमा बुझ्न नसकेको कुरा हो, किन सुधार कार्यक्रमहरू प्रायः असफल हुन्छन्? यस्तो सुधार कार्यक्रममा शिक्षकका ज्ञान तथा अनुभवहरूलाई वास्ता नगरिनु नै यसको मुख्य कारण हो। जति सुधार कार्यक्रमहरू चलाए पनि शिक्षकलाई परिवर्तनको प्रक्रियामा समावेश गराइँदैन। शिक्षकहरू कसरी काम गरिरहेका छन्

भन्ने कुराको जानकारी लिने कोसिससम्म पनि गरिँदैन। उनीहरूसँग कुनै सुझाव मागिँदैन र अन्यत्रै तयार गरिएका कार्यक्रमहरू लादेर उनीहरूलाई अब यसो गर्ने भन्ने मात्रै बताइन्छ। यसरी शिक्षकहरूलाई पेशागत शिक्षक वा शिक्षाविद्का रूपमा मान्यता नदिई अर्काका एजेण्डाहरू लागू गर्ने कारिन्दा मात्र ठानिन्छ/बनाइन्छ। फलत: अवरोध पैदा हुन्छ, सुधार कार्यक्रमलाई हानि पुग्छ। विलियम जी गुचीले प्रभावकारी र अप्रभावकारी विद्यालयबारे धेरै समयको अध्ययन पछि निष्कर्ष निकाले, 'शिक्षकमाथि दोषारोपण गर्ने कार्य राजनीतिक व्यक्ति र निरीक्षकहरूको लागि रुचिकर विषय बनेको छ। विद्यालयलाई कसरी प्रभावकारी बनाउने भन्ने कुराको ज्ञान नभएकै कारण उनीहरू कसलाई दोष थोपर्ने भन्ने दाउमा मात्र रहन्छन्।' उनी अरु एक कदम अगाडि बढेर भन्छन्, "शिक्षकहरूलाई राम्रो तालिम प्रदान गरेर मात्र पनि विद्यालयको प्रगति हुँदैन किनकि विद्यालयको मुख्य समस्या शिक्षक होइनन्।"

मोटरोला एड वेलले गरेको अध्ययनले शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यमा कम ध्यान दिइने गरेको कुरा पत्ता लगायो। उनीहरू अन्य क्षेत्रका जनशक्तिको तुलनामा बढी शिक्षित तर कम तालिमप्राप्त जनशक्तिको रूपमा रहेका छन्। तैपनि अधिकांश शिक्षकलाई असल शिक्षणबारेमा जानकारी हुन्छ। तर कार्यान्वयन गर्दैनन्। शिक्षकहरूको भनाइअनुसार यसका लागि विद्यालयले नै अनुमति दिँदैन। परम्परागत शिक्षण विधिभन्दा अन्य विधि अपनाउँदा विद्यालयले आफूलाई अस्वीकार गर्ने हो कि भन्ने डर उनीहरूमा सधैं भइरहन्छ। विद्यालयले असल तथा सिर्जनशील शिक्षकहरूलाई प्रोत्साहित गर्दैन बरु सकेसम्म हतोत्साहित नै गर्छ भन्ने मोटरोला अध्ययनले देखाएको छ।

सन् १९५७ मा रूसले स्पुतनिक भू-उपग्रहको सफलतापूर्वक परीक्षण गरेपछि अमेरिकी कङ्ग्रेसले राष्ट्रिय सुरक्षा कानुन लागू गऱ्यो। त्यसअन्तर्गत शिक्षकहरूलाई गणित र विज्ञानको पठनपाठनमा आफ्नो सीप अभिवृद्धिका लागि उच्च शिक्षा अध्ययन गर्न अनुदान रकम उपलब्ध भयो। यसले विद्यालयमा केही परिवर्तन ल्यायो। तर पनि शिक्षकले सिकेका कुराहरूलाई पाठ्यक्रममा समावेश गर्ने कुरामा थुप्रै विद्यालयहरू असफल भए।

मोटरोला टिमले गरेको अध्ययनले विद्यालय सुधारका मूलत: तीन वटा कारण पहिल्याएको थियो:

१) नयाँ पाठ्यक्रम थोपर्ने बाहेक विद्यालयसँग परिवर्तनको अन्य कुनै योजना छैन।
२) विद्यालयमा भइरहेको शिक्षण प्रक्रिया गलत छ।
३) विद्यालय व्यवस्थापनको तरिका गलत छ।

विद्यालयका व्यवस्थापकहरू आदेश दिने र नियन्त्रण गर्ने पुरानै शैलीमा अभ्यस्त छन्। उनीहरू कुनै पनि किसिमको जोखिम मोल्न चाहँदैनन्। परिवर्तनप्रति ज्यादै उदासीन रहन्छन्। प्रशासकहरू परिवर्तनमा भन्दा पनि नियमकानुनको पालनामा बढी रमाउँछन्। अधिकांश विद्यालय सुधारका कार्यक्रमहरूमा शिक्षक, कर्मचारी तथा अन्य सरोकारवालाहरूसँग कुनै किसिमको सहयोग लिइँदैन। जसको कारण सुधार कार्यक्रमहरू असफल हुन पुग्छन्।

विद्यालय सुधारको अभियान धेरै खर्चिलो भएकाले वा यसमा हुने गरेका सानातिना अनियमितताले असफल हुने होइन। यसका विस्तृत तथा ठूला कारणहरू रहेका छन्। विद्यालयको व्यवस्थापनमा छिटोछिटो परिवर्तन भइरह्यो भने पनि त्यसले सुधार कार्यक्रममा असर पार्छ। मोटरोला प्रतिवेदनअनुसार विद्यालय तहको कुल समयको ८ प्रतिशत समय मात्र विद्यार्थीहरू विद्यालयमा बिताउँछन्। बाँकी ९१ प्रतिशत समय घरपरिवार तथा समाजमा बिताउँछन्। त्यसमध्ये केही समय उनीहरूको सुत्नमा बित्छ। बाँकी समय टिभी हेर्न, गीत सुन्न, भिडिओ गेम खेल्न, फोन, कम्प्युटर, इन्टरनेट, पत्रपत्रिका तथा अन्य कार्यमा बिताउने गर्छन्। विद्यार्थीहरू मोबाइल फोन तथा अन्य सञ्चारका साधनहरू विद्यालयमा समेत लिएर आउँछन्। यसले विद्यालयमा अरू समस्या पैदा गरेको छ। विद्यार्थीहरू सञ्चारका साधन तथा अन्य कारणले गर्दा पढाइमा ध्यान दिइरहेका छैनन्। यस्ता विषयहरूमा विद्यालय र अभिभावकको ध्यान जानु जरुरी छ।

अभिभावक सम्बन्धमा अनुसन्धानकर्ता बेलको अर्को पनि विचार छ। उनका अनुसार अभिभावक विद्यालयको उपभोक्तासँगै विद्यालयको आपूर्तिकर्ता पनि हो। अभिभावकहरू उपभोक्ताका हैसियतले विद्यालयका बारेमा जानकारी लिने

**विद्यालयका व्यवस्थापकहरू आदेश दिने र नियन्त्रण गर्ने पुरानै शैलीमा अभ्यस्त छन्। परिवर्तनप्रति ज्यादै उदासीन रहन्छन्। सुधारका कार्यक्रमहरूमा शिक्षक, कर्मचारी तथा अन्य सरोकारवालाहरूसँग कुनै किसिमको सहयोग लिइँदैन। जसको कारण सुधार कार्यक्रमहरू असफल हुन पुग्छन्।**

र सक्रिय सहभागी हुने गर्नुपर्छ। आपूर्तिकर्ताको रूपमा अभिभावकको जिम्मेवारी हो, केटाकेटीमा नयाँ कुरा सिक्ने चाख र जाँगर पैदा गरेर विद्यालय पठाउने। तर यदि आपूर्ति पक्ष नै गुणस्तरीय छैन भने उत्पादन पनि गुणस्तरीय हुन सम्भव हुँदैन।

कुनै पनि प्रणाली सुधार गर्नका लागि त्यसमा सुधार गर्न सकिने सम्भावना हुनु जरुरी हुन्छ। तर अहिलेको विद्यालय प्रणाली सुधार गर्न नै नसकिने गरी थोत्रो भइसकेको छ। यसलाई रुपान्तरण नै गर्नुपर्छ। अर्थात् अर्कै विद्यालय व्यवस्थापन प्रणाली अपनाउनुपर्छ।

विद्यालयको रुपान्तरण गर्नु भनेको त्यसलाई निर्विघ्न रूपमा प्रभावकारी रहन सक्ने बनाउनु हो। त्यसका लागि सबै सरोकारवालाहरूबीचको सम्बन्ध सहयोगात्मक, विश्वासिलो र पारदर्शी हुनु जरुरी हुन्छ। यो पक्ष किन पनि महत्त्वपूर्ण छ भने कतिपय विद्यालयहरूमा स्रोत र सुविधाहरू उपलब्ध हुँदाहुँदै पनि सरोकारवालाहरूबीचको सही सम्बन्धको अभावका कारण विद्यालय सुधारको काम असफल हुने गरेको छ।

विगतका दुई दशक वा सोभन्दा बढी समयसम्म सञ्चालनमा रहेका कम्पनी, संस्था, सरकारी तथा गैरसरकारी

# चिन्तन

संस्थाहरू र विद्यालयहरूको अनुभवबाट आदेश र नियन्त्रण भन्दा प्रजातान्त्रिक सिद्धान्त र त्यसको अभ्यास नै प्रभावकारी तथा दिगो व्यवस्थापन विधि हो भन्ने कुरा सिद्ध भएको छ।

अहिले विद्यालयको प्रशासनिक संरचना माथिबाट तल (top-down)मा आधारित छ। यसमा आदेश र नियन्त्रणको बोलवाला रहन्छ। यसलाई बदल्नुपर्छ। र, नयाँ सिद्धान्तको अनुसरण गर्नुपर्छ। हिजोआज *लेटिस, वेभ, चाओडिक* जस्ता साँचो अर्थमा प्रजातान्त्रिक साङ्गठनिक सिद्धान्तहरू प्रयोगमा आइसकेका छन्। यीमध्ये उपयुक्त कुनै पनि संरचनालाई लिन सकिन्छ। विद्यालयलाई पूर्ण रुपान्तरणका लागि निम्न कुराहरूमा ध्यान पुऱ्याउनुपर्छ।

**काम गर्ने ठाउँको सकारात्मक वातावरण:** काम गर्ने ठाउँको वातावरण सकारात्मक हुनुपर्छ। बाहिरबाट थोपरिएको परिवर्तन सधैं नै असफल हुन्छ। किनभने यसले काम गर्ने ठाउँको वातावरणलाई नकारात्मक बनाउँछ। सबैका लागि एउटै कार्यक्रमले सिकाइमा हुने व्यक्तिगत विभिन्नतालाई अस्वीकार गर्छ। शासकीय वा थोपरिएको व्यवस्थाबाट भन्दा

**परम्परागत शिक्षण विधिभन्दा अन्य विधि अपनाउँदा विद्यालयले आफूलाई अस्वीकार गर्ने हो कि भन्ने डर उनीहरूमा सधैँ भइरहन्छ। विद्यालयले असल तथा सिर्जनशील शिक्षकहरूलाई प्रोत्साहित गर्दैन बरु सकेसम्म हतोत्साहित नै गर्छ भन्ने मोटरोला अध्ययनले देखाएको छ।**

सहकार्यबाट प्रभावकारी रूपले सङ्गठन सञ्चालन गर्न सकिन्छ। समस्याग्रस्त विद्यालयको समस्या समाधान गर्ने एउटै उपाय नयाँ प्रशासकलाई कार्यभार दिन हो भन्ने कुरामा धेरै शिक्षाविद्हरू पनि सहमत छन्। एकजना व्यक्तिले मात्र परिवर्तन ल्याउन सक्छ भन्ने धारणा अव्यवस्थित परिवर्तन (Non Systemic change) हो, यसबाट सुरुमा केही सुधार देखिए तापनि केही समय पछि नै अरू बढी विग्रन थाल्छ। अर्को कुरा, हामी प्रणाली (System) लाई जति बढी ठेल्छौं त्यसले प्रतिक्रिया स्वरुप त्यति नै बढी धकेल्छ। अरु अव्यवस्थित परिवर्तनले त प्रणालीलाई झनै कडा रूपमा धकेल्छ।

**सहकार्य:** सहकार्यको माध्यमबाट विकास गरिएको कार्यक्रममा कसैको रोकावट रहँदैन। त्यो सबैको कार्यक्रम बन्न पुग्छ। यसमा सबै सरोकारवालाहरू: शिक्षक, विद्यार्थी, अभिभावक तथा कर्मचारीहरू सामेल हुन्छन्। यसले समुदाय र शिक्षाका कर्मचारीहरूलाई पनि एकैठाउँमा ल्याउँछ। हरेक व्यक्तिले आफ्नो क्षमताका आधारमा सहकार्य गर्न थालेमा पूर्ण रूपमा सबै सरोकारवालाहरूको सकारात्मक तथा सहयोगात्मक वातावरणको निर्माण हुन्छ।

**सकारात्मक खोज (Appreciative Inquiry):** सकारात्मक वातावरण र सहकार्यसँगै समस्या मात्र खोतल्ने भन्दा समाधान वा आफ्ना सबल पक्षहरू के के छन् भन्ने कुरा हेरिनुपर्छ। कमजोर पक्षमाथि विचार गर्नुभन्दा सबल पक्षहरूको खोजी तथा त्यसलाई सबलीकरण गर्ने सोच यसको रहेको छ। जसले 'हामी' र 'तिमीहरू'को विभाजन रेखालाई मेटेर 'हामी सबैको' भन्ने भावको विकास गराउँछ। नकारात्मकताले सङ्गठनलाई नकारात्मक बनाउँछ भने सकारात्मकताले सकारात्मक सङ्गठनको विकास गराउँछ।

**सम्बन्ध:** प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावकहरूबीच कस्तो सम्बन्ध रहेको छ भन्ने कुराले पनि सुधार कार्यक्रम सफल वा असफल हुने गर्दछ। यदि यी सबै बीचमा सुमधुर सम्बन्ध छ भने हरेक व्यक्तिलाई सङ्गठनको एक हिस्सेदारको रूपमा व्यवहार गरिन्छ र उसलाई सक्षम बनाइन्छ। शिक्षक, विद्यार्थी तथा अभिभावक सबैको साझा सहमतिका आधारमा कुनै पनि कुराको निर्णय लिइन्छ।

**पारदर्शिता:** विद्यालय कसरी सञ्चालित भइरहेको छ भन्ने कुराको वास्तविक जानकारी सबै सरोकारवालाहरू अर्थात् शिक्षक, विद्यार्थी, अभिभावकहरूले थाहा पाउनु जरुरी छ। विद्यालयको आम्दानी खर्च र अन्य कार्यक्रमहरू पारदर्शी बनाउनुपर्छ। कार्यक्रम, कार्यसूची निर्माणको समयमा कसैलाई काखा र कसैलाई पाखा गर्ने नीति लिइयो भने स्वाभाविक रूपमै त्यसले विद्यालयको व्यवस्थापनमा गम्भीर असर पार्छ। सहकार्य र पारदर्शिता नहुँदा शिक्षकहरूबीच अस्पष्टता र अन्योल रहन्छ र त्यसले विद्यालयको वातावरणलाई नकारात्मक बनाउँछ।

विभिन्न संस्था तथा निकायहरूमा भएका आर्थिक हिनामिनाका समाचारहरू आइरहन्छन्। विद्यालयहरू पनि यसमा अपवाद छैनन्। विद्यालयमा आउने पैसा नागरिकले तिरेको कर हो। त्यो रकमको हरहिसाब अपारदर्शी रूपमा गर्दा हिनामिनाको सम्भावना ज्यादा हुन्छ। यदि आर्थिक हिनामिना भयो भने नोक्सानी सबैको हुन्छ।

विद्यालयको स्वामित्व कसको भन्ने सवाल पनि महत्त्वपूर्ण छ। सार्वजनिक विद्यालयहरूमा व्यक्तिको स्वामित्वको कुरा अलि नमिल्दो जस्तो लाग्न सक्छ। तर पनि विद्यालयको लेखालाई किन पारदर्शी नबनाउने अनि यसमा संलग्न शिक्षक, विद्यार्थी तथा अभिभावकलाई नै यसको हकदार किन कायम नगराउने जसले विश्वास, इमानदारी, खुलापन तथा समानताको संस्कृति विकास गर्छ। यसो गर्दा यसका सरोकारवालाहरूसँग भएको बुद्धिविवेक तथा सिर्जनशीलतालाई उपयोगमा ल्याउन सकिन्छ। विद्यालयको सञ्चार प्रणाली पनि मजबुत हुन्छ। शिक्षक तथा कर्मचारीहरूको अनुपस्थिति तथा आलस्यतामा कमी ल्याउँछ र कार्यमा थप जाँगर पैदा गर्छ।

सारमा भन्नुपर्दा, सामूहिक नेतृत्व, सरोकारवालाहरूबीचको सहकार्य, पारदर्शिता, स्वामित्व तथा इमानदारी भएमा मात्रै कुनै पनि विद्यालयमा गरिने सुधारकार्य प्रभावकारी हुन सक्छन्।

(**इभर्सको पुस्तक** Crisis in School Management Making Schools Work for Everyone **मा आधारित। पुस्तक** www.jamesevers.com **मा उपलब्ध छ**)

प्रस्तुति: **गुरु मैनाली**

हरिनारायण उपाध्याय



# घर नै प्रयोगशाला

**अवलोकन, परीक्षण र प्रयोगबाट निस्कने निष्कर्ष नै विज्ञानको मुटु हो। विना प्रयोग विज्ञान शिक्षण सम्भव हुँदैन। तर, अधिकांश स्कूलमा विज्ञान प्रयोगशाला नभएको हाम्रो देशमा घर एउटा राम्रो विकल्प बन्न सक्छ।**

एक दिन संयोगले एकजना शिक्षाविद्सँग भेट हुनपुग्यो। मैले आफू गणित शिक्षक भएको व्यहोरा अवगत गराएँ। उहाँले भन्नुभयो, "गणित त घरभित्रै हुन्छ नि! आफू बस्ने कोठाको लम्बाइ, चौडाइ, उचाइ नाप्यो, क्षेत्रफल तथा आयतन निकाल्यो, खाटको लम्बाइ, चौडाइ नाप्यो, खाटले लिने क्षेत्रफल घटाएर बाँकी रहेको ठाउँमा पढ्ने टेबल, कुर्सी, दराज आदि राख्ने ठाउँको अन्दाज गऱ्यो। गणितका यस्ता कैयौं समस्या र समाधान घरभित्रै विद्यमान हुन्छन्।" मलाई लाग्यो- एउटा सानोतिनो गणित प्रयोगशाला त घरमै हुँदोरहेछ। फरक के मात्र रहेछ भने त्यो प्रयोगशालालाई देख्न र प्रयोग गर्न सक्नुपर्दो रहेछ।

अर्को पटक कामविशेषले नै म ती शिक्षाविद्लाई भेट्न गएँ। उहाँ एमफिल गर्ने विद्यार्थीलाई निर्देशन दिँदै हुनुहुन्थ्यो, "अनुसन्धान गर्न ठूलो विषय र क्षेत्र चाहिँदैन। जस्तै; घरमा भात पकाउँदाको स्थिति हेर्नुहोस्- त्यहाँ अध्ययन-अनुसन्धान गर्ने कुन विषय छैन? त्यहाँ विज्ञान छ। त्यहाँ तापक्रम छ, तापक्रमले ल्याउने रासायनिक एवम् भौतिक परिवर्तन तथा अवस्थाको रूपान्तरण छ। दाउरा बलेर अँगार र खरानी हुनु रासायनिक परिवर्तन हो। पानी वाफ बनेर उडिरहेको हुन्छ। त्यो भौतिक परिवर्तन र अवस्थाको रूपान्तरण हो। पानी र चामल मिलेर भात बनिरहेको हुन्छ। भातबाट पानी छुट्याउन सकिएला तर भातलाई पूर्ववत् चामलमा ल्याउन सकिँदैन। त्यही चुलोमा अर्थशास्त्र पनि छ। दाउराको मूल्य, खानाको मूल्य तथा परिवारको बजेट छ त्यहाँ। त्यहाँ साहित्य छ– पढ्न र लेख्न सक्नुपऱ्यो। त्यहाँ सङ्गीत छ– बुझ्न सक्नुपऱ्यो। खोज्दै जानुहोस्, त्यहाँ त्योभन्दा अरू धेरै कुरा हुन सक्छन्। जुन कुरा कसैले थाहा पाएको छैन त्यही उत्खनन् गर्नु नै अनुसन्धान हो। त्यसैले के छैन भात पकाउने चुलामा। केवल देख्ने आँखा चाहियो।"

शिक्षक-विद्यार्थी तथा अभिभावकहरू शिक्षण कार्यमा सहभागी एवं सहयोगी भएमा घरलाई अवश्य पनि विज्ञान प्रयोगशाला बनाउन सकिन्छ। एउटा उदाहरण लिऔं, घरको भान्छाकोठामा एक चम्चा नुन एक गिलास पानीमा घोलेर घुलनशीलताको प्रयोग गर्न सकिन्छ। नुन थप्दै घोल्दै जाँदा यस्तो अवस्था आउँदछ जतिबेला थप नुन त्यही पानीमा घोल्न सकिँदैन। यो उत्कर्ष (Saturity) अवस्था हो।

हाम्रा स्कूलहरूमा विज्ञान अनिवार्य विषयका रूपमा पढाइन्छ। तर, १० वर्षसम्म विज्ञान पढेका विद्यार्थीहरूमा वैज्ञानिक चिन्तनको विकास हुनसकेको पाइँदैन। किन? किनभने हाम्रो विज्ञान वास्तवमा विज्ञान नभएर ज्ञान मात्र हुनपुग्यो, आध्यात्मिक विषय जस्तै। हामीले विज्ञानलाई किताब, कागज र कलममा पढ्यौं/पढायौं। किताबमै वाफलाई चिसो पाऱ्यौं, पानी बनायौं, पानीलाई चिसो पाऱ्यौं वरफ बनायौं। हामीले परीक्षामा राम्रो अक्षर बनाएर कलमले कापीमा लेख्यौं- "वाफ चिसो भएपछि पानी बन्दछ, पानी चिसो भएपछि वरफ बन्दछ।" र, एउटा चित्र पनि बनायौं। काइदाको विज्ञान परीक्षा दियौं हामीले र १०० प्रतिशत अङ्क ल्यायौं। विज्ञानमा प्रयोगविना, प्रदर्शनविना, नतिजाको पुष्टिविना! यही नै हाम्रो विज्ञान पढाइको दुर्गतिको मुख्य कारक हो। अवलोकनबाट, परीक्षणबाट, प्रयोगबाट निस्कने निष्कर्ष नै विज्ञानको मुटु भएकाले विज्ञान प्रयोगात्मक विषय हो र विना प्रयोग विज्ञान शिक्षण सम्भव हुँदैन। तर, अधिकांश स्कूलमा विज्ञान प्रयोगशाला नभएको हाम्रो देशमा घर एउटा राम्रो विकल्प बन्न सक्छ।

विज्ञान विषयका प्रारम्भिक चरणका विद्यार्थीहरूलाई एक चम्चा नुन एक गिलास पानीमा घोलिएर वा बिलाएर जानु एउटा चमत्कार लाग्न सक्छ। यसरी घोलिएको पानी उमाल्दै जाँदा पानी वाफमा परिणत हुँदै जान्छ र अन्त्यमा भाँडोको पिँधमा नुन बाँकी रहन्छ। विद्यार्थीहरूले आ-आफ्नो घरमा दिनहुँजसो यो देखिरहेका हुन्छन्।

यसरी पानीमा घोलिएको नुन छुट्याउन सकिने




**पानीको घुलनशीलता परीक्षण**




**प्रकाशको आवर्तन**


# कक्षाकोठा विज्ञान



पानीमा घोलिएको नुन छुट्याउने विधि



नुन घोलेपछि पानीको घनत्व बढ्छ र त्यसैले अण्डा डुब्दैन।



अम्लीय र क्षरीय गुणको परीक्षण।

भएकाले यो भौतिक परिवर्तन हो। यही सामान्य प्रयोगलाई समुद्रबाट कसरी नुन झिकिन्छ भन्ने बताएर सिकाइको दायरालाई अरू फराकिलो पार्न सकिन्छ। प्रयोगको चरणमा; पानी उमाल्दै जाने र एक चम्चा जति झिकेर चाख्दै जाने गऱ्यो भने पानी बढी नुनिलो हुँदै गएको अनुभव समेत गराउन सकिन्छ। यस्तो प्रयोग घरमा गर्दा परिवारका सदस्यको सहयोग अपरिहार्य हुन्छ र यस्तो सहयोग प्राप्त भएमा परिवारका सदस्यहरूले पनि वैज्ञानिक तथ्य बुझ्न सक्छन्।

चाक्लो मुख भएको ग्लुकोजको बट्टा वा अन्य कुनै बट्टाको मुखमा बेलुन तन्काएर रबरबैण्डले बाँधेर तन्किएको सतहमा चामलका दाना राखेर बट्टाको नजिकै लगेर एउटा ताप्केलाई डाडुले हिर्काउँदा चामलका दाना उफ्रेको देख्न सकिने छ। यो ध्वनि हावाको माध्यमबाट जान्छ भन्ने प्रमाण हो। ध्वनि एउटा शक्ति हो जसले गर्दा चामलका दाना उफ्रे। ठूलो फ्रिक्वेन्सीमा आउने आवाजले घरका ग्लास चर्कने वा भवन भत्किने समेत हुन सक्दछ। यसको प्रमाण ताप्केमा सुस्त ठोक्दा र साह्रो ठोक्दा चल्ने चामलका दानाको चलाइको प्रकृति हेर्न लगाई सामान्यीकरण गर्न लगाउन सकिन्छ। विद्यालयमा प्रत्येक विद्यार्थीले यस्ता प्रयोग गर्न समयका कारणले पनि सम्भव नहुने र विद्यार्थीहरूको सिकाइ शिक्षकको शिक्षण प्रदर्शनमा भर पर्दछ भने घरमा गर्दा विद्यार्थीले प्रत्यक्ष रूपमा आफैं संलग्न भएर गर्न सक्दछन्। विज्ञान शिक्षण सिकाइका लागि यो एउटा महत्त्वपूर्ण शर्त हो। यो विधि 'म गर्छु र बुझ्छु' (I do and I understand) मा आधारित छ।

प्राथमिक एवम् निम्नमाध्यमिक तहसम्मका धेरैजसो विज्ञानका प्रयोगहरू र माविका केही प्रयोगहरू घरमा नै गर्न सकिन्छ। यस्ता प्रयोगहरू शिक्षकले विद्यार्थीलाई परियोजना कार्यका रूपमा गर्न लगाई प्राप्त नतिजालाई कक्षाकोठामा विद्यार्थी आफैंलाई प्रस्तुत गर्न लगाउँदा उनीहरूले गरेको कामप्रति गर्व गर्ने र आत्मबल समेत बढ्न गई भविष्यका वैज्ञानिक बन्नसमेत सहयोग गर्नेछ। घरलाई विज्ञान प्रयोगशाला बनाई गर्न सकिने प्रयोगका क्षेत्र अरू धेरै हुन सक्छन्। दुईवटा गिलासमा बराबर सतह हुने गरी पानी राखेर एउटा गिलास घाम लाग्ने ठाउँमा राखेर अर्को गिलासलाई घरभित्र तीन दिन जति राखेर तीन दिनपछि हेऱ्यो भने घाम लाग्ने ठाउँमा भएको गिलासको पानीको सतह बढी घटेको हुन्छ। यस प्रयोगबाट बढी तापक्रम भएको ठाउँमा वाष्पीकरण बढी हुन्छ भन्ने तथ्य पुष्टि हुन्छ। यस सामान्य प्रयोगबाट मरुभूमिमा यात्रा गर्दा बढी पानी लिएर जानुपर्ने वा जाडो समयमा भन्दा गर्मीयाममा बढी पानी पिउनुपर्ने तथ्यहरू पनि उजागर हुन्छन्।

भान्साकोठाबाट एउटा कागती लिएर त्यसमा

दुईवटा फरक-फरक धातुका प्लेटहरू घुसाएर प्लेटमा तार जोडी दुवै तार एकैसाथ जिब्रोले छुँदा जिब्रोमा चिर्र गर्दछ । यस्तो किन हुन्छ ? कागतीमा भएको अम्लमा धातुको एउटा प्लेटबाट अर्कोमा विद्युतीय करेन्ट बग्दछ। र, जिब्रोमा छुँदा 'सर्किट' (Circuit) पूरा हुँदा त्यस्तो भएको हो । यस्ता १०/१२ वटा कागती लहरै राखेर एउटा शृङ्खला बनायो भने विद्युत् धार वहन गई बल्ब बाल्न तथा रेडियो बजाउन सकिने छ ।

गाउँघरमा दाउराको चुल्होमा खाना पकाइन्छ । बाँसको ढुङ्ग्रोले आगो फुक्दा आगो राम्रोसँग बल्दछ। ढुङ्ग्रो मुखमै राखेर फुक्दा भन्दा ढुङ्ग्रो ६/७ से.मी. टाढा राखेर फुक्यो भने आगो झन् राम्रोसँग बल्दछ। हावामा भएको अक्सिजनको प्रवाह ढुङ्ग्रोले फुक्दा बढी भएकाले आगो राम्रोसँग बलेको हो । हावा लाग्ने ठाउँमा मैनबत्ती छिटो सकिने कारण यस्तै हो। घरको झ्यालको तलतिर एउटा मैनबत्ती बालेर राख्न लगाई अर्को मैनबत्ती बालेर भेन्टिलेसननेर राख्न लगाउँदा तल रहेको मैनबत्तीको ज्योति घरको भित्रतिर र भेन्टिलेसनमा राखेको ज्योति बाहिरतिर ढल्केको अवलोकन गर्न सक्ने छन्। यस्तो किन हुन्छ ? यस्ता प्रयोग र प्रश्नले विद्यार्थीको उत्सुकता जाग्ने र बढी सृजनशील हुने छन्।


घरको कोठामा राखेको मनिप्लान्टको बिरूवा क्रमसँग बढ्दै जाँदा उज्यालो आउने झ्यालतिर ढल्कँदै जान्छ। यस्तो किन हुन्छ ? विद्यार्थीहरूलाई तर्क गर्न लगाएर वैज्ञानिक चिन्तनतिर डोऱ्याउन सकिन्छ।

प्रयोग भइसकेको कोकाकोलाको प्लाष्टिकको बोतलमा उम्लेको तातो पानी आधा लेभल जति हुने गरी राखेर एकछिन त्यसै छाडी बिर्को कसिने गरी लगाई छाड्यो भने एकछिनपछि बोतल खुम्चिन्छ। यो अर्को उत्सुकता र खोजीको विषय हो । विद्यार्थीलाई खोजमूलक, अनुसन्धानमूलक कार्यतिर डोऱ्याउन यस्ता घरमै गर्न सकिने प्रयोगहरू उपयुक्त र प्रभावकारी हुन सक्दछन्।

आधाभन्दा बढी पानी भएको गिलासमा पेन्सिल राखेर हेर्न लगायो भने पेन्सिल बाङ्गो भएको विद्यार्थीले सहज रूपमा देख्ने छन्। सीधा पेन्सिल कसरी बाङ्गो भयो ? यो कौतुहलको विषय हो। कौतुहलता जगाउनु विज्ञान विषय शिक्षणको महत्त्वपूर्ण पाटो हो।

एउटा थालमा पानी राखेर थालको डिलमा ऐना अड्याएर राख्दा ऐनाबाट परावर्तन भई प्रकाशका किरणहरू घरको भित्तामा टाँसेको कागजमा सात रङमा विभाजित हुन पुग्दछन्। यो जादुगरी चमत्कार हुनमा के रहस्य छ ? यो विद्यार्थीको मानसपटलमा चस्किरहने प्रश्न हो।

एउटा गिलासमा पानी मात्र र अर्को गिलासमा ३/४ चम्चा नुन घोलेको पानी राखेर दुवै गिलासमा कुखुराको अण्डा राखी हेर्न लगाउँदा नुन पानीमा भएको अण्डा तैरिएको विद्यार्थीले देख्ने छन्। "नुनपानीमा मात्र किन अण्डा तैरियो ?" यो खोजको विषय हो।



**परावर्तनद्वारा सूर्यको प्रकाशमा सात रङ भएको देखाउने विधि ।**

रातो बन्दाको रस झिकेर दुईवटा गिलासमा राख्न लगाई एउटा गिलासमा 'भिनेगर' (Vineger) अर्कोमा 'बेकिङ सोडा' (Baking soda) मिसाउन लगाउँदा दुईवटा गिलासको रातो बन्दाको रस फरक-फरक रङमा परिणत हुनेछ। एउटा रातो र अर्को नीलो। यस्तो किन भयो ? भिनेगरले बन्दाको रसलाई रातो रङमा परिणत गऱ्यो, यो अम्लीय चरित्र हो। बेकिङ सोडाले नीलो रङमा परिणत गऱ्यो यो क्षरीय गुण हो। यसरी घरमै 'लिट्मस पेपर टेष्ट' (Litmus paper test) जस्ता परीक्षण सम्भव छन्। यसका अतिरिक्त घरमै विज्ञान प्रयोगशालामा गर्न सकिने प्रयोगहरू वा विज्ञानका क्रियाकलापहरू निम्न हुन सक्दछन्।

- जीवित र निर्जीवित वस्तुको वर्गीकरण
- पदार्थ, पदार्थको प्रकार तथा वर्गीकरण
- मिश्रणहरू, मिश्रणका प्रकारहरू, मिश्रण छुट्याउने तरिकाहरू तथा यौगिकहरू
- भौतिक तथा रासायनिक परिवर्तनहरू
- ध्वनि तथा तरङ्गहरू
- विद्युतीय सर्किट, फ्युज तथा विद्युतीय उपकरणहरू तथा घरेलु विद्युत् प्रविधि
- प्रकाश, प्रकाशको बाटोमा आउने अवरोध (छायाँ), छायाँका प्रकार, प्रकाशको आवर्तन तथा परावर्तनहरू
- हावाले लिने ठाउँ, तथा हावाका गुणहरू
- मट्टीतेल, ग्याँस तथा अन्य इन्धनहरू
- ताप तथा तापक्रम
- घरेलु एवम् खाद्य रसायन शास्त्र

विज्ञानको असङ्ख्य प्रयोगहरूको ठूलो संसारमा विद्यालयमा सम्भव र उपलब्ध हुन नसक्ने विज्ञानका प्रयोगहरू विद्यार्थीले 'प्रोजेक्ट वर्क'का रूपमा घरमा गर्न सक्ने छन् र घरलाई विज्ञान प्रयोगशालाका रूपमा विकास गर्न सकेमा सहभागितामूलक शिक्षण सिकाइ हुनुका साथै सिकाइ मनोरञ्जनात्मक समेत हुनेछ । यसरी हुने शिक्षण सिकाइबाट विद्यार्थीमा वैज्ञानिक चिन्तनको विकास हुन सकेर यस मुलुकमा एक्काइसौँ शताब्दीका अल्वर्ट आइन्सटाइन जन्मिन पुगे मुलुकले पाउने योभन्दा ठूलो उपहार के हुन सक्छ ?

(उपाध्याय गणितका लेखक एवम् प्रशिक्षक हुन्।)

CLASSROOM

Judy B. Gilbert

# Six Pronunciation Priorities for the Beginning Student

**Learners must be started early on correct pronunciation by the English teacher, including the difference in vowel lengths, the use of stress and rhythm, timing and even melody.**

For the last five years I've been puzzling over how to help beginning students in English pronunciation. Surely it would be better to help them early, rather than wait until they have developed habits which must be undone. Another reason to get going early is that some students never reach a necessary threshold level of intelligibility, so they can't use what they've learned in any practical situation. Beginners don't have enough language to understand abstract explanations. Discouraged, they give up trying -- which makes them relatively unteachable. Besides, they have so much else to learn that the time available for pronunciation work is apt to be quite limited. To try to tackle everything in the beginning is to risk wasting the whole effort, because students can only deal with a limited number of challenges at one time.

Clearly, we need to do something, but not everything. Therefore the first task is triage: deciding which aspects of pronunciation are immediately important and which should be left for later work. For instance, the voicing distinction (e.g. have/half) is important, but it could be left for later. Of more immediate importance is the stop/ continuant distinction (e.g. had/have) because of its usefulness in relation to grammar. Below are my six candidates for early essentials.

## DECODING PRINT

I would give a lot of attention to decoding spelling. This may seem odd when time is limited, but it seems to me that students need to be able to use the printed word as early as possible to reinforce their pronunciation, as well as to help themselves review what they've been taught in class.

The most obvious part of decoding is the alphabet. The problem is that most people believe they learned the alphabet on the first day of study of a new language. But do they actually know how to pronounce the letters? Think of José, who, if required to spell his name out loud might well say "G - O - S - A". Spelling out loud (i.e. saying the names of the letters) is a useful way to way to correct a communication breakdown, and therefore is worth serious practice time.

After the alphabet, the next order of business should be some kind of crude rules for decoding combinations of letters, otherwise known as *spelling*. What kind of rules are practical? It is common to present spelling to students with English as a second or foreign language in the same way that it is done for English-speaking children, but this doesn't work very well for non-native speakers because they don't have the same sounds in their mental inventory. However, it is possible to adapt standard elementary school rules (e.g. "When two vowels walk together, the first one talks and the second one walks.") in a way that is useful for English learners.

The most serious problem in decoding English spelling is converting vowel letters to vowel sounds. The presentation below is not a traditional analysis, but I think that stubborn pedagogical problems require new solutions. To begin with, students who come from "pure vowel" languages need help coping with off-glides. Phoneticians define diphthongs and off-glides so variously that it seems to me that lumping them together is good enough for practical purposes. If the presentation below seems eccentric, keep in mind that it is intended for very low level students.

### *The alphabet*

The "alphabet names " of the vowel letters:

$A^Y$ $E^Y$ $I^Y$ $O^W$ $U^W$

Physically, off-glides might best be shown by drawings (or demonstration) of the position of the lips as the vowel sound ends in Y (spread lips) or W (rounded lips).

### *Crude rules for decoding print to sound.*

These rules are true for many words.

The Two-Vowel rule: if there are 2 vowel letters in a short word (syllable), the first vowel sounds like its "alphabet name".

| | | | | |
|---|---|---|---|---|
| $A^{Y}$ | $E^{Y}$ | $I^{Y}$ | $O^{W}$ | $U^{W}$ |
| cake | tea | ice | cone | juice |
| remain | repeat | arrive | soapy | excuse |

The One Vowel rule: if there is only 1 vowel letter in a short word (syllable), it sounds like a "relative" of the alphabet vowel. (Note: no off-glide.)

| | | | | |
|---|---|---|---|---|
| A | E | I | O | U |
| had | bed | his | hot | sun |
| thank | pencil | listen | comic | summer |

"Relative vowels" are traditionally called "short vowels" (also "lax vowels"), but I think there are serious reasons for avoiding the terms "short" and "long" in naming vowel sounds. For one thing, the actual length of the vowel can change according to use. It is true that the "short" vowels do not have an off-glide and so are shorter when said alone. However, in the context of a word these vowels might in fact take longer to say for other reasons. Compare the actual length of the "long" vowel in bite with the lengths of the "short" vowels in 'bid' and 'bin'. An even more important consideration is that when any vowel is stressed, the importance of length as an indicator of stress overrides any other timing difference.

*"Alphabet vowels" and "Relative vowels"*

The pairing of the vowels below (e.g. time/Tim) is not according to the usual arrangement (e.g. ship/sheep) because it isn't meant to describe tongue placement in the mouth space, but to help students decode spelling, using the crude rules above.

GRAMMAR SOUNDS "S(Z)" "T(D)" "R" "L"

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| $A^{Y}$ | A | $E^{Y}$ | E | $I^{Y}$ | I | $O^{W}$ | O | $U^{W}$ | U |
| ate | at | beat | bet | kite | kit | load | lot | cute | cut |
| made | mad | teen | ten | time | Tim | note | not | assume | sum |

The most crucial sounds are those which make a grammatical difference, and they occur at the end of words. Many languages do not allow final consonants, or allow a very limited number, and this can cause trouble when the grammar depends on the presence of a consonant. Examples:

| | |
|---|---|
| Tense | He's / He'd; I'll / I'd<br>ask: share / shared |
| Singular/ plural | book/books |
| Question words | where/what |
| Positive/ Negative | can /can't |

It doesn't immediately matter exactly how these consonants are said, as long as the consonant is present somehow, and the stop/continuant feature is preserved. I think if students get some control of this distinction, they will be on the road to controlling final consonants in general.

LINKING *We cannnalways* *We cantalways*

This is a high priority phenomenon because of the effect on listening comprehension. Students tend to have difficulty identifying beginnings and endings of words, and thus in making sense of normal run-together speech. Perhaps this is because their first language separates words with silence, or because they have learned English through print and depend on "white space" between words. Work with linking words can help not only with learning to process running speech, but can also help in learning to manage particularly difficult sounds, since sometimes these are easier to say at the beginning or at the end of a word depending on the rules of the student's first language. For instance, the distinction between /l/ and /d/ can be drilled in the following type of exercise.

| | | | |
|---|---|---|---|
| 1 | mail it | (mailllit) | Mail it home. |
| 2 | feel OK | (feellOK) | Do you feel OK? |
| 3 | had it | (hadit) | I've had it! |
| 4 | hold every | (holdevery) | Hold everything. |

RHYTHM (THE NUMBER OF SYLLABLES )

English learners often add or subtract syllables, depending on the rules of their first language. For instance, an L1 which does not allow consonant clusters may cause the learner to add some kind of vowel to break up the English cluster or, alternatively, to drop the syllable completely. For example: giffuto shoppu (gift shop) or gahment (government). This can damage intelligibility. Since rhythm is physical, practice of syllable number should involve tapping a pencil, a foot, or some other physical effort.

| | | | | |
|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 |
| □ | □□ | □□ □ | □□ □ □ | □□ □ □ □ |
| pie | tuna | egg salad | tuna sandwich | potato salad |
| milk | coffee | lemonade | Pepsi Cola | vanilla ice cream |

RHYTHM (LENGTHENING FOR STRESS, SHORTENING FOR DE-STRESS)

We all learn rhythmic structure of speech in babyhood and it becomes a natural aspect of our speech from that point on. When this rhythm is unconsciously transferred to a new language, it

can seriously affect communication. Clarity in spoken English depends on systematic variation of the length of syllables, so students need lots of practice hearing and producing this variation.

The most important use of length in English is for making stress and emphasis clear to the listener. Even advanced students tend to assume that word stress patterns are some sort of frill, or else they do not notice them at all. Far from being frills, word stress patterns are an essential part of communication in the spoken language, because English speakers tend to store vocabulary according to stress patterns. For this reason, a stress mistake can cause great confusion, especially if it is accompanied by any other kind of error. (e.g. committee / comedy; deputy / the beauty). To make sure the listener will be able to identify the stress, English uses several signals, but as Gillian Brown said, "...from the point of view of teaching production of stress, length is the variable that most students find easiest to control, and is a reliable marker of stress." (Brown, G. 1990:43-4). Following are crude stress rules for beginners.

*Strong Syllable Rules*

When you say a word alone:

1. Each word has one strong syllable.
2. The vowel in a strong syllable is long.

ban a na s o fa m u sic

*Weak Syllable Rules*

1. Some vowels keep their regular sound, but some vowels get weak.
2. A weak vowel sound is short and not clear.
3. Most weak vowels sound the same.[1]

≅ b≅n a n≅ s o f≅ t e l≅phone t≅l e ph@ny

## EMPHASIS (Most important word)

The English speaker chooses which words the listener should notice, and highlights them by means of intonation (timing and melody). Probably the most essential element of this system is the lengthening of the vowel at the center of the most-stressed syllable of the chosen word. The purpose of the lengthening is to make it easier for the listener to notice the pitch change which occurs when that particular word is highlighted in the sentence (nuclear stress). In English this signal means PAY ATTENTION TO THIS WORD! This system is specific to English. Other languages may use other signals: perhaps word order, or a special particle or word that alerts the listener to notice this part of the message. As Jennifer Jenkins put it, "English is relatively restricted syntactically and morphologically in its capacity to highlight important aspects of a message in other ways..."(Jenkins:123). Because language-specific systems for emphasis are learned so early that they are applied unconsciously to any new language, it is necessary to train students to notice the length difference for the primary stress of the most important word. Following are crude rules for beginners.

*Emphasis Rule 1.*

Every sentence (thought group/clause/utter ance) has one most important word.

*Emphasis Rule 2.*

The strong syllable in the most important word is extra long and has a change of pitch. (down or up, but a change)

I want a ban a na, not a p ea ch. How do you spell "s o fa"? What does "sofa" m ea n?

## SUMMARY

Beginning students of English need to work on core elements of the spoken language before they are asked to deal with less essential aspects. These core elements are:

1. Sound distinctions that convey information about grammar.
2. The rhythmic effects of syllable number and variable vowel length.
3. Intonational highlighting of the most important word.

*(This article is coordinated by NELTA in conjunction with IATEFL, UK. )*

References

Bolinger, Dwight L (1986). Intonation and Its Parts: Melody in Spoken English, Stanford University Press

Brown, Gillian. (1990). Listening to Spoken English. (2nd edition) Longman

Carney, Edward. (1994). A Survey of English Spelling. Routledge

Dalton, Christiane & Seidlhofer, Barbara. (1994). Pronunciation. Oxford University Press

Gilbert, Judy. (2000). Clear Speech from the Start. Cambridge University Press


Jenkins, Jennifer. (1998). Which pronunciation norms and models for English as an International Language? ELT Journal 52/2:119-126.

[1] Actually there are three different forms of weak vowels, but from a beginning student's point of view, their obscurity makes them all sound pretty much alike."

# फुर्सद



## शब्द खेल–१५




नामः ____________________

ठेगानाः ____________________

### तेर्सो

१) विराम नभएको/लगातार/निरन्तर
४) ज्यादै/औधी
६) महिना/मैन्हा
८) न्यायिक व्यवस्था कायम राख्न बनाइएका नियमावलीहरूको समष्टि रूप
९) भाइटीकाको दिन भाइलाई यो फूलको माला लगाइदिने गरिन्छ
११) ज्यादा चम्किलो वस्तु देख्दा आँखाले ठम्याउन नसक्ने स्थिति
१३) काम गर्दा, हिँड्दा वा सोच्दा कुनै बाधा उत्पन्न हुन गई हुने भ्रम/अन्यमनस्कता
१५) आनन्दमा निमग्न भएको/प्रफुल्ल
१७) रसैरस भएको/रसदार
१८) रिसको आवेग/झोक/रनाहा
२०) कुनै कामकुरामा हुने आड वा भरोसा/आधार
२१) कसैका नाममा रहेको सम्पत्ति उसका नामबाट अरू कसैको नाममा सार्ने वा दर्ता गर्ने काम

### ठाडो

२) कामकुरो गर्ने तरिका/प्रणाली/रीति
३) नेपालको पश्चिम सीमान्तमा बहने एक ठूलो नदी
४) अधोगति/हीन अवस्था/दुर्गति/पतन
५) दूधले बनेको एक रसदार मिठाईको नाम
७) लहर/ताँती/पङ्क्ति
१०) घाउखटिरा आदिमा लगाइने लेसिलो औषधि
१२) सिंगारपटार आदिको काम लिइने नाइलनले बुनेको विभिन्न रङको पट्टी वा फित्ता
१३) सुरक्षाको अभाव/सुरक्षा नहुने स्थिति
१४) विनाकाम हल्लने गरी/लरखर/लडबड
१५) गुण-दोषको विवेचन/समीक्षा
१६) तताएको दूधमा माथितिर लाग्ने बाक्लो पत्र
१९) पुस्तक-पुस्तिका बाँध्ने कपडाको टुक्रा वा रुमाल

### आयुर्वेद ओखतीको रूपमा बन्दा

पहिला जाडो मौसममा पाइने बन्दा तरकारी आजभोलि वर्षैभरि पाइन्छ। बन्दामा स्वस्थ भइरहन नभई नहुने धेरै तत्वहरू छन्। यसले धेरै नै तागत दिन्छ र विभिन्न रोगका औषधिको रूपमा पनि प्रयोग गर्न सकिन्छ।

१) बन्दाको रसले पेप्टीक अल्सर अर्थात् पेटभित्रको घाउ निको पार्छ। ताजा बन्दाको रसमा 'यू' नामक दुर्लभ भिटामिन पाइन्छ। अल्सरसँग जुध्न यो निकै काम लाग्ने पदार्थ हो। अल्सरका रोगीलाई एलोप्याथिक औषधिले छोएन भने दिनहुँ बिहान र बेलुकी एक/एक कप ताजा बन्दाको रस खान दियो भने चार पाँच हप्ताभित्र अल्सर पूर्ण रूपमा निको हुन्छ। रस काँचो बन्दाको पिउनुपर्छ।
२) कोलाइटिस (ठूलो आन्द्रा सुन्निने) रोग लागेका रोगीलाई खाना खाएको केहीबेरमै पेट दुख्ने, पेट पोल्ने, अमिलो डकार आउने, वाक्वाकी लाग्ने इत्यादि हुन थाल्छ। त्यस्तो हुनेहरूलाई एक गिलास ताजा मोहीमा एक कप काँचो बन्दाको ताजा रस र एक कपको चौथाई भाग पालुङ्गोको रस मिलाएर दिनको दुईपल्ट बिहान र बेलुकी पिउन दिनुस् महिना दिनमै कोलाइटिस पूर्ण रूपमा निको हुन्छ।
३) बन्दाको रस पिउने र बन्दाको पट्टी पनि बाँधिदिने हो भने घाउ छिट्टै भर्न थाल्छ।
४) राति सुत्नुअघि काँचो बन्दाको रस एक कपको चौथाई भाग पिइदियो भने राम्ररी निन्द्रा लाग्छ।
५) बन्दामा भिटामिन 'ए' प्रशस्त हुने भएकाले यसले आँखा पनि तेजिलो बनाउँछ।

*(सावधानी : यहाँ उल्लेख भएजस्तो विशेष परिस्थितिमा बाहेक अरू बेलामा बन्दा र बन्दाको रस दुइटै धेरै खानु वा पिउनु हुँदैन। बन्दा ताजा नै खानुपर्छ। बासी बन्दामा कुनै पनि भिटामिन बाँकी रहँदैन।)*

**नियमः** शब्दखेल, अन्ताक्षरी, सुडोकु र सामान्यज्ञानको सही समाधान पठाउनुहुने पाठकमध्ये प्रत्येकका एक/एक विजेताले **रू.१,००० पुरस्कार** पाउनुहुनेछ। यस अंकका प्रश्नको जवाफ/समाधान **२० माघ २०६६** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ।
**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, पाटनढोका, पो.ब.नं. १६६, ललितपुर।

# शिक्षक मासिक ग्राहक बन्नका लागि सम्पर्क ठेगाना

**१. इलाम**
इलाम पुस्तक पसल
फोन: ०२७-५२०४२३, ९८४२६२७४२३

**२. झापा**
श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
दमक: ०२३-५८४१२५, ९८४२६२०७५७

जीविका इन्टरप्राइजेज
बिर्तामोड: ९८४२६२४६७७

**३. मोरङ**
वाणी प्रकाशन
विराटनगर: ०२१-५२८१२०, ९८०४३०१४४१

कट्टेल डिष्ट्रिब्युसन एजेन्सी
विराटनगर: ९८५२०२२५३३, ०२१-५३२३८७

**४. रौतहट**
प्रभात स्टेशनरी, चन्द्रनिगाहपुर: ०५५-५४०५०२

**५. सङ्खुवासभा**
शिखर बुक्स एण्ड स्टेशनरी
खाँदबारी: ०२९-५६०००७, ९८४२०५१६८४

**६. खोटाङ**
श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
दिक्तेल: ०३६-४२०२३२, ९८४२८४९२३२

**७. उदयपुर**
अनुप पुस्तक पसल
कटारी: ०३५-४५००१३, ९७४३००८१३३

**८. भोजपुर**
त्रिवेणी छापाखाना, ०२९-४२०१९०

**९. पाँचथर**
सरस्वती पुस्तक पसल, फिदिम: ०२४-६९००८३

**१०. तेह्रथुम**
श्रेष्ठ भण्डार
म्याङलुङ: ०२६-४६०१९३, ९८४१६८७७०७

**११. ताप्लेजुङ्ग**
सरस्वती पुस्तक पसल, ०२४-४६०१७१

**१२. सिरहा**
सीता नोबेल न्युज सेन्टर
लहान-१: ०३३-५६००२७, ९८४२८२००८१

**१३. सिन्धुली**
न्यू परजुना स्टेशनरी
सिन्धुली, २ नं. बजार: ०४७-५२००२५

**१४. रामेछाप**
जे.एन. पुस्तक पसल
मन्थली : ०४८-५४०३१०, ९७४१०५००११

मिलिजुली पुस्तक तथा स्टेशनरी
मन्थली: ०४८-५४००८३

**१५. दोलखा**
हारती स्टेशनरी एण्ड सप्लायर्स
भीमेश्वर: ०४९-४२१३२७, ९८४४०६५४६६

जिरी स्टेशनरी
जिरी: ०४९-६९०४७८, ९७४४००१०१६

**१६. सिन्धुपाल्चोक**
केशव स्टेशनरी
चौतारा: ०११-६२०२२६, ९८४१९२४४३७

**१७. भक्तपुर**
न्यू कस्टोमर सोलुसन
सूर्य विनायक: ९८०३०८१५०२

**१८. काठमाडौं**
ए.बी.जी. स्टेशनरी
बुढानिलकण्ठ: ०१-४३७७४९५

रवि न्यूज हाउस
फर्पिङ: ९८४१२७८९२३

**१९. सर्लाही**
गणेश स्टेशनरी
लालबन्दी: ०४६-५०११३८

**२०. काभ्रे**
प्रगति पुस्तक पसल
बनेपा: ०११-६६१२५७, ९८४१६०६५०६

श्रेष्ठ ट्रेडर्स
पनौती: ०११-४४००५४, ९८४१४७४९५१

सञ्जय स्टोर
धुलिखेल: ०११-४९०४६४, ९८५१०६३४३४

**२१. बारा**
गौरीशङ्कर पुस्तक पसल
निजगढ: ०५३-५४०१९२, ९८४५०३४९७१

**२२. पर्सा**
माइस्थान बुकसप
वीरगन्ज: ०५१-५२३४५०

**२३. मकवानपुर**
समाचार केन्द्र
स्कूल रोड, हेटौंडा: ९८४५१०५०७१

**२४. चितवन**
नारायणी पुस्तक सदन
नारायणगढ: ०५६-५२१२८०, ९८४५०६३९२३

**२५. नुवाकोट**
उत्सुक जेनेरल स्टोर
बिदुर: ०१०-५६०४१९

**२६. धादिङ**
त्रिपुरा पुस्तक पसल
धादिङवेसी: ०१०-५२०१९०

न्यू धादिङ स्टेशनरी
निलकण्ठ: ०१०-५२०६६५

हिमाल बुक्स एण्ड स्टेशनरी
धादिङ, बैरेनी: ०१०-५२९२६०

**२९. नवलपरासी**
मिलन पुस्तक पसल
सुनवल: ०७८-५७०२११, ९८४७०२२१०८

**३०. तनहुँ**
गण्डकी पुस्तक पसल
दमौली: ०६५-५६०१२८, ९८५६०२४४५६

अविद स्टेशनर्स
डुम्रे: ०६५-५८००५५, ९८४६०६०८०१

**३१. लमजुङ**
झरना पुस्तक पसल
बेसीशहर: ०६६-५२०५१०, ९८४६०९९८३६

**३२. गोरखा**
रोजिना पुस्तक भण्डार
विद्यालय मार्ग: ०६४-४२०१६३, ९८५६०२७३७५

**३३. पर्वत**
जय दुर्गा स्टेशनरी, कुस्मा: ०६७-४२०२९३

**३४. गुल्मी**
रेसुङ्गा विज्ञापन सेवा
तम्घास: ०७९-५२०६८६, ९८४७०७२८२६

**३५. रूपन्देही**
सरल स्टेशनरी केन्द्र
भैरहवा: ०७१-५२१७३४, ९८४७०२३२२९

विशाल पुस्तक पसल
बुटवल: ०७१-५४६५५९

**३६. पाल्पा**
श्रेष्ठ न्युज एजेन्सी
तानसेन: ०७५-५२०१८२

**३७. अर्घाखाँची**
उमेश छापाखाना
सन्धिखर्क: ०७७-४२०१७०

**३८. दाङ**
खनाल पुस्तक पसल
भालुबाङ: ०८२-५८०१५८

रावल पुस्तक पसल
लमही, फोन: ०८२-५४००८०

जनता बुक स्टल, घोराही
फोन: ०८२-५६०२६९, ९८४७८३२१५४

**३९. बाँके**
हिमाल डिस्ट्रिब्युटर, नेपालगन्ज
फोन: ०८१-५२३८४८

**४०. बर्दिया**
जनप्रिय पुस्तक पसल
गुलरिया: ०८४-४२०२११

न्यू अर्याल पुस्तक पसल, भुरिगाउँ
फोन: ०८४-६९२२८१, ९८४८०३५४०३

**४१. सुर्खेत**
संगम पुस्तक पसल,
सुर्खेत: ०८३-५२१०७९, ९८४८०४१७०६

अल्फा स्टेशनरी
बुद्धपथ: ०८३-५२११३७

**४२. दैलेख**
शर्मा स्टेशनरी
दैलेख: ०८९-४२००७४, ९८४८०६२८९६

**४३. कैलाली**
निलम पुस्तक पसल
अत्तरिया: ०९१-५५०७३८, ९८५८४२०७३८

**४४. कञ्चनपुर**
महाकाली समाचार केन्द्र
महेन्द्रनगर: ०९९-५२१६५३

**४५. अछाम**
भावुक स्टेशनरी
साँफेबगर: ०९७-६९०१९४, ९७४१११९२९७


**४६. डडेलधुरा**
तारापुञ्ज स्टेशनरी
०९६-४२०१९५, ९७४१०४७५४०

**४७. दार्चुला**
चौलानी पुस्तक पसल, गोकुलेश्वर
फोन: ०९३-६९०३३८, ९७४१११८९२५

**४८. बाँके**
न्यू त्रिवेणी पुस्तक सदन, धम्बोजीचोक
फोन: ०८१-५२२५६३, ९८४८०२२७९९

यहाँहरूलाई उपलब्ध भइरहेको शिक्षक मासिकको सहज भुक्तानीको लागि राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखा अन्तर्गत हिमाल एसोसिएसनको नाममा रहेको चल्ती खाता नं ११४०००१५४५०१ मा रकम जम्मा गरिदिनुहुन अनुरोध छ । रकम जम्मा गरेको रसिद सुरक्षित राख्नुहोला । रकम प्राप्त भएपछि तपाईंको नाममा आम्दानी जनाइनेछ ।

## अन्ताक्षरी-१५




नाम: ______________

ठेगाना: ______________

१) करने चाल वा क्रिया (४)
२) एउटै आमाको गर्भबाट पैदा भएको/साक्खै (४)
३) रमकझमक/झिलिमिली/सजधज (४)
४) मनलाई मोहित पार्ने/मनोहर (५)
५) बोल-कबोल लेखिएको लिखत (७)
६) सरकारमा बुझाइने जग्गा जमिनको तिरो (४)
७) भएजति सबै/सम्पूर्ण (३)
८) मनलाई प्रसन्न तुल्याउने काम/मनोविनोद (५)
९) धान, कोदो आदि अन्नको हरियो बोट (३)
१०) बोल्नमा सिपालु/वाक्पटु/धेरै बोल्ने (३)
११) लाज मान्ने स्वभावको (३)
१२) परस्परको छुछाइ (४)
१३) कसैलाई कपटपूर्ण किसिमले छल्ने वा धोका दिने काम (५)
१४) बिरामीलाई गरिने स्याहार/सेवा-सुश्रुषा (३)
१५) बेथितिसंग मालमत्ता फिंजिएर/भताभुंग/अस्तव्यस्त (४)

**शब्दखेल-१३ को सही उत्तर**

तेर्सो: १) अडेस ३) असीम ५) तीज ७) पत्तो ८) स्तर १०) लहर १२) चीर १३) क्षार १५) वन १६) डालो १७) रारा १८) धोको २०) हलो २२) पाखा २३) जाउलो २५) पति २७) बार २८) भीड ३०) नागिनी ३१) रहर

ठाडो: १) अगस्त २) सती ३) अत्तो ४) मगर ६) जल ७) पर ९) रक्षा ११) हर्ष १२) चीन १४) रडाको १५) वराह १८) धोखा १९) घाउ २१) लोप २२) पाहुना २३) जार २४) लोभी २६) तिहार २७) बानी २९) डर

**अन्ताक्षरी-१३ को सही उत्तर**

१) अकथनीय २) यजुर्वेद ३) दस्तखत ४) तजबिज ५) जन्तरे ६) रेवती ७) तीतो ८) तोडमरोड ९) डढेलो १०) लोकापवाद ११) दक्षिणायन १२) नमाज १३) जमघट १४) टनक १५) कलमजीवी १६) वीरगाथा

**शब्दखेल-१३:** सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेता: *प्रभुराम थापामगर,* महारूद्र मावि, हिमगंगा-२, रामेछाप ।

**सही समाधान पठाउने अन्य सहभागीहरू**

- मीनकुमार दाहाल, दिक्तेल-४ खोटाङ्
- लीलाधर आचार्य, बी.एण्ड.बी. हस्पिटल, पाटन, ललितपुर
- कमलादेवी राजभण्डारी, गुराँस निमावि, जलेश्वरी, खोटाङ्
- हेमन्तराज पन्त, श्री बैजनाथ मावि, मौरडा, डडेल्धुरा
- शोभा श्रेष्ठ, दिक्तेल बजार-२, खोटाङ्
- बलराम इटनी, त्रिपुरा सुन्दरी उमावि, खरी-४, धादिङ्
- नारायणप्रसाद नेपाल, श्री जुगल प्रावि, बतासे, सिन्धुपलाञ्चोक
- इन्द्रकुमार श्रेष्ठ, सरस्वती उमावि, खानीभञ्ज्याङ्, ओखलढुङ्गा
- खडगबहादुर श्रेष्ठ, झाँगाझोली, सिन्धुली
- बलराम दोरङ्गा, श्री जनप्रिय मावि, भाटखोला, स्याङ्जा
- गुप्तबहादुर भण्डारी, श्री महेन्द्र प्रावि, मल्कवाङ-७, म्याग्दी
- शेखरनाथ अधिकारी, श्री प्याङ् मावि, प्याङ्-५, इलाम
- सुजाता श्रेष्ठ, श्री दुर्गेश्वरी प्रावि, सिद्धेश्वर-५, भोजपुर
- दिलीप कट्टेल र त्रिचोचन घिमिरे, डाँडाबजार-२, धनकुटा
- बद्रीप्रसाद घिमिरे, टेकानपुर-४, सिन्धुपाल्चोक
- मीठू डल्लाकोटी, श्री निमावि, वीरेन्द्रनगर-४, चितवन
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर
- कृष्णबहादुर लिम्बू 'कमल', कुरूलेतेनुपा-५, धनकुटा
- मीनबहादुर राउत, दुर्गेश्वरी निमावि, जलजला-४, सङ्खुवासभा
- भगवती अधिकारी, श्री राम्चे प्रावि बुंकोट, गोरखा
- रामशरण पुडासैनी, श्री कल्याणीदेवी मावि, जिलिङ्, नुवाकोट
- सागर चापागाईं, महेन्द्र उमावि, छतिवन-६, मकवानपुर
- खड्ग विक्रम विष्ट, श्री बैजनाथ मावि, सुडा, कञ्चनपुर
- गोविन्दप्रसाद घिमिरे, श्री जन उमावि, रापाकोट-९, स्याङ्जा

**अन्ताक्षरी-१३:** सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेता: *गुप्तबहादुर भण्डारी,* महेन्द्र प्रावि, मलम्पार, म्याग्दी ।

**सही समाधान पठाउने अन्य सहभागीहरू**

- इन्द्रबहादुर थापा, सर्वोदय जनक मावि, विनामारे, बाग्लुङ
- भीमप्रसाद न्यौपाने, श्री महामाया भवानी उमावि
- अर्जुनप्रसाद ढुंगाना, श्री खाटमन्दिर प्रावि, बागचौरी, त्रि.न.पा.-१५, उदयपुर
- निर्मला श्रेष्ठ, भानु मोरङ प्रावि, विराटनगर-१३

**सुडोकु-१३:** सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेता: *प्रवीण प्रधानाङ्,* कमल विनायक, भक्तपुर ।

**सही समाधान पठाउने सहभागीहरू**

- ओमबहादुर भण्डारी, बघौडा-९, रमाइलोडाँडा, माडी, चितवन
- गोविन्दप्रसाद घिमिरे, श्री जन उमावि, रापाकोट-९, स्याङ्जा
- गुप्तबहादुर भण्डारी, श्री महेन्द्र प्रावि मलम्पार, मल्कवाङ्ङ-७, म्याग्दी
- चन्द्रमणि अर्याल, दुलेगौंडा-९, बेलचौतारा, तनहुँ
- रामफल राना, श्री राष्ट्रिय प्रावि, परासन-२, कञ्चनपुर
- विवेक श्रेष्ठ, भक्ति नमुना उमावि, भोटेवडार, लमजुङ
- भवानी आचार्य, सर्वोदय जनक मावि, विनामारे, बाग्लुङ
- रामशरण पुडासैनी, श्री कल्याणीदेवी मावि, जिलिङ, नुवाकोट
- धनञ्जय आचार्य, श्री सरस्वती मावि पाम्का, सुर्खेत
- नवराज सापकोटा, श्री बुद्धि कल्याण प्रावि, गोरखा
- कृष्णबहादुर लिम्बू 'कमल', कुरूलेतेनुपा-५, बन्दुकेडाँडा, धनकुटा
- मीठू डल्लाकोटी, श्री निमावि, वीरेन्द्रनगर-४ चितवन
- धननारायण श्रेष्ठ, कतलावारी मावि, दूधपोखरी-८, दोलखा
- निरञ्जनकुमार श्रेष्ठ, दुर्गा उमावि, मागादेउराली, दोलखा

**सामान्यज्ञान-१३:** सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेता: *प्रतिमा राई,* सेन्टजेभियर्स स्कूल, गोदावरी, ललितपुर ।

**सही समाधान पठाउने अन्य सहभागीहरू**

- दिनेश घिमिरे, लामाटार, ललितपुर
- लक्ष्मी राई, झापा
- बद्रीप्रसाद घिमिरे, टेकानपुर-४, सिन्धुपाल्चोक

## सुडोकु–१५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ४ | ९ | | ३ | | ६ | | १ |
| | १ | | | | ४ | ३ | | |
| २ | | | | ६ | | | ७ | |
| | ७ | | २ | | ६ | | | |
| ५ | | १ | | | | ८ | | २ |
| | | | ५ | | ३ | | ४ | |
| | ९ | | | ५ | | | | ४ |
| | | ६ | १ | | | | ८ | |
| ८ | | ४ | | ९ | | ५ | १ | ६ |

**नामः** _ _ _ _ _ _ _ _ _ _

**ठेगानाः** _ _ _ _ _ _ _ _ _ _

## सुडोकु–१३ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | २ | ६ | ८ | ३ | १ | ४ | ९ | ५ |
| ८ | ४ | १ | ९ | ६ | ५ | ७ | २ | ३ |
| ९ | ५ | ३ | ४ | ७ | २ | ८ | ६ | १ |
| २ | १ | ९ | ५ | ८ | ७ | ६ | ३ | ४ |
| ६ | ७ | ४ | १ | २ | ३ | ९ | ५ | ८ |
| ३ | ८ | ५ | ६ | ९ | ४ | १ | ७ | २ |
| ५ | ३ | ८ | ७ | १ | ९ | २ | ४ | ६ |
| १ | ९ | २ | ३ | ४ | ६ | ५ | ८ | ७ |
| ४ | ६ | ७ | २ | ५ | ८ | ३ | १ | ९ |

## सामान्यज्ञान–१५

१. आफ्नो सिकार निल्दै गर्दा गोहीले आँसु बगाउँछ भनिन्छ । के साँच्चै गोहीले आँसु बगाउने हो ?

२. सन् २००९ मा उत्तर अष्ट्रेलियाको जावोयन (Jawon) भाषा बोल्ने अन्तिम व्यक्तिको मृत्युसँगै सो भाषा पनि लोप भएको घोषणा गरिएको छ । अब अनुमान गर्नुस् यसरी बर्सेनि संसारका औसत कति वटा भाषा लोप हुन्छन् अथवा मर्छन् होला ?

३. अहिलेसम्म विश्वकप फुटबल प्रतियोगिता १८ पटक सम्पन्न भइसकेको छ, सबै प्रतियोगितामा लगातार भाग लिने देश विश्वमा एउटा मात्रै छ, अब भन्नुहोस् त्यो देशको नाम के हो ?

४. सामान्यतया आँखा चिम्लिँदा मात्र निदाएको बुझिन्छ । तर, पृथ्वीमा दुवै आँखा खुल्ला राखेर निदाउने जीव पनि अस्तित्वमा छ, त्यो जीवको नाम के होला ?

५. सन् १९५३ मा पहिलो पटक संसारको सर्वोच्च शिखर सगरमाथाको आरोहण तेन्जिङ नोर्गे शेर्पा र सर एड मण्ड हिलारीले गरेका थिए । उनीहरूले सगरमाथाको चुचुरोमा क–कसका झण्डा गाडेका थिए ?

### सामान्यज्ञान–१३ को सही उत्तर

१. सन् २००९ । ग्यालिलियोले आफैंले बनाएको दूरबिनबाट पहिलोपटक ग्रहहरूको अध्ययन गरेर खगोल तथा ज्योतिष विज्ञानलाई नयाँ मोड दिएको ४०० वर्ष पुगेको उपलक्ष्यमा युनेस्को र इटलीको आग्रहमा राष्ट्र संघले यो घोषणा गरेको हो । ग्यालिलियोले सो कार्य सन् १६०९ मा गरेका थिए । ग्यालिलियो इटलीका थिए ।

२. भान्छामा खाना पकाउने LPG ग्याँस मिथेन, इथेन, प्रोपेन र ब्युटेन गरी ४ थरीका ग्याँस मिसाएर बनाइएको हुन्छ ।

३. साम्यवादी अर्थात् कम्युनिष्ट शासनप्रणाली भएका मुलुक विश्वमा ५ वटा बाँकी छन् । ती चीन, उत्तरकोरिया, भियतनाम, क्युवा र लाओस् हुन् ।

४. जानकी मन्दिर, जनकपुरधाम, धनुषा ।

५. केशरमहल, शिक्षा मन्त्रालय ।



प्रकाशित भयो ! प्रकाशित भयो !! प्रकाशित भयो !!!
नेपाल सरकार शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमीबाट तयार पारिएको अंग्रेजीमा अनुवादित
नयाँ संस्करणका कक्षा १ देखि कक्षा १० सम्मका सम्पूर्ण विषयका
पाठ्यपुस्तकहरु बजारमा आइसकेको
कुरा सबै अभिभावक र विद्यार्थी वर्गमा
अनुरोध गर्दछौं ।
NSPK
नेपाल साहित्य प्रकाशन केन्द्र
इमेल: nspk@mail.com.np




तपाईं जहाँ भएपनि...
नेपाल एफ.एम. नेटवर्क
Nepal FM
91.8
N
तपाईंको रेडियोसेटमा......
केचनादेखि कालापानीसम्म
कञ्चनपुरदेखि कञ्चनजङ्घासम्म
र, इन्टरनेटमा......
www.nepalfmnetwork.com
www.mazzako.com मार्फत संसारैभरि
radio@nepalfmnetwork.com

# शिक्षकमा हीनभावना नै मुख्य समस्या



सुदर्शन

**कृष्णबहादुर गौतम**
प्राचार्य, कालिञ्चोक उमावि, चरिकोट, दोलखा

**तपाई स्कूलमा कस्तो विद्यार्थी हुनुहुन्थ्यो ?**

हाम्रो स्कूलमा त उत्कृष्ट नै थिएँ।

**पहिलोपल्ट शिक्षक चाहिँ कसरी बन्नुभयो ?**

कक्षा आठ पढिसकेपछि २०२२ सालमा फी तिर्न नसकेर पढाइ रोक्नुपऱ्यो। तिनताका कक्षा ८ को मासिक शुल्क रु. ३ थियो। त्यही पैसा पनि तिर्न नसक्ने भएपछि कामको खोजी गर्दै थिएँ। यस्तैमा म आफैं पढेको- तत्कालीन महेन्द्र आदर्श प्राविमा अङ्ग्रेजी पढाउने शिक्षक चाहिएछ। निमावि तहको उत्कृष्ट विद्यार्थी भएकाले मलाई तत्कालीन प्रअ हीरालाल श्रेष्ठले बोलाएर शिक्षकको नियुक्ति दिनुभयो।

**अरू पढाइ चाहिँ कहिले र कसरी पूरा गर्नुभयो त ?**

बिहान बेलुका हेडसर र हाईस्कूलका अरू शिक्षकसँग पढ्ने र दिउँसो प्रावि तहमा पढाउने काम गर्दै २०२८ सालमा एसएलसी पास गरेँ। २०३१ सालमा आईए प्राइभेट र २०३७ सालमा बीए उत्तीर्ण गरेँ। एमए चाहिँ धेरै पछि २०५४ सालमा गरेँ।

**तालिमले तपाईलाई केही दियो ?**

धेरै कुरा दियो। स्कूलमा एक वर्ष जति पढाएपछि २०२४ सालमा काठमाडौंको लाजिम्पाटमा कलेज अफ एजुकेशनको १० महिने तालिम लिन गएँ। यो तालिमबाट केटाकेटीलाई प्रभावकारी तरिकाले कसरी शिक्षण गर्न सकिन्छ भन्ने कुरा सिकेँ। प्रयोगात्मक तरिकाले विद्यार्थीलाई पढाउने तरिकाहरू बारे राम्रो ज्ञान पाएँ।

**तपाई त लामो समय प्रअ हुनुभयो। एउटा प्रअ कसरी सफल हुन सक्छ ?**

म २०२८ सालदेखि यही स्कूलको प्रअ रहिआएको छु। प्रअको सफलता नाप्ने एउटै आधार हो, स्कूलको सफलता। सबै शिक्षकहरूलाई राम्रोसित पढाउन अभिप्रेरित गर्ने, व्यवस्थापकीय क्षमता र निष्पक्षता, निर्भीकता भएको व्यक्ति नै सक्षम प्रअ हुनसक्छ। तर त्यसको लागि प्रअभित्र स्कूल राम्रो बनाउँछु भन्ने दृढ अठोट, इमान्दारी र लगनशीलता चाहिन्छ।

**एउटा शिक्षकमा हुनै पर्ने गुण ?**

जन्म दिने बाउआमापछि दोस्रो जिम्मेवार र महत्त्वपूर्ण व्यक्ति हो शिक्षक। शिक्षक विद्यार्थीको मार्गदर्शक हो। विद्यार्थीको भविष्य निर्माता हो। त्यस्तो शिक्षक अनुशासित, गतिशील, सत्यवादी, ज्ञानी, लगनशील, इमानदार, प्रतिबद्ध र चरित्रवान हुनुपर्छ।

**स्कूलको स्तर उकास्न अब ध्यान दिनै पर्ने कुरा ?**

यो विज्ञान र प्रविधिको युग हो। तर हाम्रा स्कूलहरूमा अझै पनि विज्ञान र कम्प्युटरको राम्रो प्रयोगशाला छैन। केटाकेटीलाई घोकाएर होइन, अवधारणा बुझाएर र व्यवहारमै अनुभूत गराएर शिक्षण गराउने कुरामा विशेष ध्यान दिनु जरुरी छ। दोलखाकै राम्रो विद्यालयमा गनिएर पनि मैले मेरो स्कूलमा यी कुराहरू अझै अपुग देखिरहेको छु। हाम्रो जत्तिको पनि पूर्वाधार नभएका स्कूलले यो विषयमा झन् ज्यादा ध्यान दिनु जरुरी देख्छु।

**शिक्षाको सुधारका लागि गर्नुपर्ने महत्त्वपूर्ण काम ?**

विद्यालय र शिक्षालयमा दलीय राजनीतिक हस्तक्षेप नै शिक्षामा व्याप्त अव्यवस्था र बेथितिको मुख्य स्रोत र कारकतत्व हो। यसलाई निमिट्यान्न पारिनुपर्छ। हामी अहिले परीक्षामुखी हुँदै गएका छौं। त्यसको बदलामा हामी गुणस्तरमुखी हुनुपर्छ। शिक्षक छनोटलाई प्रतिस्पर्धी बनाएर योग्य शिक्षक छान्ने कामलाई सुनिश्चित गरिनुपर्छ। शिक्षकहरूमा व्याप्त हीनभावनालाई हटाएर 'हामी गर्न सक्छौं' भन्ने आत्मविश्वास स्थापना गर्नु अति आवश्यक छ। हामी सबै मिलेर अठोट गऱ्यौं, इमान्दारी पूर्वक लाग्यौं भने यो काम गर्न सक्षम छौं।

**जीवनमा 'मिस' गरेको कुरा ?**

'फुल-टाइम' विद्यार्थी भएर मज्जाले पढ्ने धोको चाहिँ अझै बाँकी छ। अहिलेसम्म 'मिस' गरेको मुख्य कुरा त्यही हो।

**अरू शिक्षकलाई के सुझाव दिन चाहनुहुन्छ ?**

शिक्षकको काम विद्यार्थीलाई उत्तीर्ण गराउने मात्र होइन, चरित्रवान बनाउने पनि हो। ज्ञान दिन चाहिँ जस्तो शिक्षकले पनि सक्छ होला, तर चरित्रवान बनाउने काम चाहिँ त्यस्तो शिक्षकले मात्र गर्न सक्छ, जो आफैं चरित्रवान छ। त्यसैले हामी शिक्षकहरू चरित्रवान हुनै पर्छ। हामी समाजमा नमुना र अनुकरणीय व्यक्तिको रूपमा प्रस्तुत हुन सक्नै पर्छ। नत्र सही शिक्षक हुन सकिँदैन। हामी शिक्षकहरू विद्यार्थी र तिनको पढाइप्रति इमानदार हुनु आवश्यक छ। किनकि भावी समाज कस्तो बनाउने भन्ने कुरा हामीले आज कस्तो शिक्षा दिइरहेका छौं भन्नेमा भर पर्छ।

# शिक्षकहरूमा हाम्रो अनुरोध

आजको विश्व प्रविधिको दृष्टिकोणले सम्पन्नताको चरम उत्कर्ष तर्फ बढिरहेको भए पनि मानव सभ्यताको हिसाबले न्यायपूर्ण समाजको निर्माणमा अझै गति लिन सकिरहेको छैन । समाजमा शोषण, उत्पीडन, भेदभाव जस्ता मानवविरोधी क्रियाकलाप अझै विद्यमान छन् । झन् बालबालिका माथि हुने शोषण र भेदभाव हाम्रो जस्तो चेतनाको विकास नभइसकेको देशमा दिनानुदिन बढ्दै गईरहेको देखिन्छ । यसको ज्वलन्त उदाहरणको रूपमा मध्य र सुदूरपश्चिम क्षेत्रमा बसोबास गर्ने थारू समुदायभित्र पाइने 'कम्लहरी' कुप्रथालाई लिन सकिन्छ । यस प्रथाअन्तर्गत थारू जातिका बालिकाहरू साहूका घरमा पशुसरह मोलमा जोखिमपूर्ण कामका लागि कमारा कमारीको रूपमा बेचिन्छन् । त्यहाँ उनीहरूको श्रम तथा यौनशोषण हुन्छ तर सुन्ने कोही हुँदैनन् ।



नेपालमा कम्लहरी जस्ता कुप्रथा रोक्न र उनीहरूको अधिकार संरक्षण गर्न विभिन्न राष्ट्रिय कानुनहरू बन्नुका साथै अन्तर्राष्ट्रिय महासन्धिहरूमा हस्ताक्षर भइसकेका छन् । यस्ता नियमकानुन बमोजिम बन्देज लगाइएका कार्य गरेमा जरिवानासहित जेल सजाय हुन सक्ने प्रावधान भएता पनि नगण्य रूपमा मात्र दोषीहरूलाई कारवाही हुनुले पनि यस समस्याको समाधानमा गम्भीर असर परिरहेको छ । उक्त समस्याहरूलाई कहीँ कतैबाट सम्बोधन हुनुपर्ने स्थितिलाई ध्यानमा राख्दै FNC/NYOF ले बालबालिकाहरूको नैसर्गिक अधिकारको संरक्षण गरी समतामूलक समाज निर्माणमा मद्दत पुऱ्याउने हेतुले विगत दश वर्षदेखि कम्लहरीहरूको उद्धार, व्यावसायिक तथा औपचारिक शिक्षा, स्वास्थ्य र बहस पैरवीका कार्यक्रमहरूमार्फत पुनर्स्थापनाका कार्यहरू गर्दै आएको छ । यो क्रममा हामिले करिब पाँच हजार कम्लहरीहरूलाई मुक्त गरिसकेका छौं । अझै करिब पाँच हजार कम्लहरीहरूलाई मुक्त गर्न बाँकी नै छ ।



यो कार्य सफल पार्नका लागि समाजमा रहेका विभिन्न वर्गहरूको महत्वपूर्ण सहयोग रहंदै आएको छ जसमा शिक्षक वर्गको अग्रणी भूमिका रहेको कुरा हामी जाहेर गर्न चाहन्छौं । फलस्वरूप नेपाल सरकार ले वर्तमान आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेत कम्लहरीको मुद्दालाई सम्बोधन गरी उनीहरूलाई विद्यालय शिक्षा तथा सीपमूलक तालिम निशुल्क प्रदान गर्न सहमति जनाएको छ । त्यसैले हामी सबैको अथक प्रयासको परिणामबाट जति उपलब्धि हासिल भएका छन त्यसलाई अझै सशक्त बनाउँदै कम्लहरी जस्तो कुप्रथालाई समाजबाट जरै देखि निर्मुल गर्ने यो प्रयासमा सामाजिक परिवर्तनका सम्वाहक सम्पूर्ण शिक्षक/शिक्षिकाहरूलाई आ-आफ्नो विद्यालय तथा समाजबाट सहयोग गर्न हामी हार्दिक अनुरोध गर्दछौं ।

**Nepalese Youth Oppertunity Foundatio (NYOF)**
**Bhanimandal, Jawalakhel, Lalitpur**
G.P.O. Box 10012, Kathmandu, Nepal
Tel. +977-1-5000118, 5000059, 5000276
Fax: 977-1-5000076, 5000070
E-mail: info@nyof.org; Website: www.nyof.org

**Friends of Needy Children (FNC)**
Ekantakuna, Jawalakhel, Lalitpur
G.P.O. 25012, Kathmandu, Nepal
Tel. +977 1-5541705, 01-5543257
Fax. +977 1-5547627
Email: info@fncnepal.org; Website: www.fnc.org

म.क्षे.हु.नि. द.नं. ५/२०६५/०६६

Salary Solution
किष्ट उद्यमशील कर्जा

# Do you:

- Pay salary in cash?
- Intend to reduce salary disbursement burden?
- Keep your cash idly in cash box?
- Struggle, sometimes, in managing fund for salary disbursement?

If Yes. Then, you need Kist Salary Solutions, an extension of Kist Udyamshil Karza.

- Facility exclusively for schools and colleges with overdraft facility
- Staffs of schools and colleges can open savings accounts with zero balance and Interest Rate of 6.25% p.a. on daily balance
- Free ABBS facility and Debit Card

व्यबसाय बढाउने उर्जा किष्ट उद्यमशील कर्जा ।

Anamnagar: 4232500
Sukedhara: 4650509
Itahari: 587066
Birtamode: 543245
Tinkune: 4498767
Durbarmarg: 4223044
Birgunj: 530502

Butwal: 543428
Nepalgunj: 527801
Damauli: 561803
Bagar: 532914
Sinamangal: 4499896
Janakpur: 527936
Mangal Bazar: 5552269

Pokhara: 524044
Biratnagar: 440356
Bhairahawa: 527323
Banepa: 660946
Dharan: 533401
Bhaisepati: 5592787
Palpa: 522731

Lalitpur: 5533644
Manigram: 560239
Khaireni: 577533
Narayanghat: 533526
Tandi: 563006
Khichapokhari: 4457509

Newroad: 4233713
Guleriya:421171
Damak: 543245
Dolakha: 421847
Bhaktapur: 6619389
Jorpati: 2044004

KIST BANK
POWER TO SUCCEED

Head Office: Kist Building, Anamnagar, Kathmandu, Post Box No.: 8975 E.P.C. No. 5157, Phone No.: +977-1-4232500, Fax No.: +977-1-4228588, E-Mail: info@kistbank.com

www.kistbank.com